साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क १९ ✪ १९ जेठ २०८३, मङ्गलबार ✪ 2 June 2026, Tuesday ✪ मूल्य रू. १०।-


## देशको बजेटले दल सञ्चालन गर्ने होइन

अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक वर्ष ०८३/८४ को आयव्ययको अनुमानित बजेट संसद्को संयुक्त सदनमा जेठ १५ गते सार्वजनिक गरे । सरकारले नेपालको संविधान - २०७२ अनुसार हरेक वर्ष गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते आगामी आवको आयव्यय विवरण सार्वजनिक गर्दै आएको हो । सार्वजनिक गरिएको बजेट श्रमजीवीवर्गको पक्षमा देखिँदैन । लामो समयदेखि माग हुँदै आएको रासायनिक मल कारखाना स्वदेशमै खोल्नेतर्फ सरकारको ध्यान गएको छैन । बजेटमा कृषि क्षेत्रको उत्पादनमा प्राथमिकता दिने उल्लेख भए पनि उत्पादन बढाउनको निम्ति गर्नुपर्ने पूर्वाधारहरू खासै देखिँदैन । किसानलाई ऋण दिएर उत्पादन बढ्ने होइन ।

भ्रष्टाचार र अनियमितताको कारण भ्रष्टाचार बढी हुने सूचीमा परेको देशलाई भ्रष्टाचारमुक्त बनाउने आधारहरू उल्लेख भएको छैन । यथासक्य चाँडो नेपालमाथि लगाइएको ग्रे लिस्ट हटाउने उपायबारे पनि सरकारको ध्यान पुगेको देखिँदैन । सहकारीको रकम ठग्ने, सहकारी ठगहरूलाई कारबाही गर्ने प्रक्रिया अघि बढाउने सोच सरकारको देखिएन । घाटाको निहुँमा नेपाल वायु सेवा निगम निजी कम्पनीलाई दिने सरकारको धारणा सार्वजनिक भयो । निगम किन घाटामा गयो ? सोको छानबिन नगरी सरकार आफ्नो जिम्मेवारीबाट पन्छिएको देखिन्छ । हरेक सरकारले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दा सुशासनको कुरा फुक्छ; विकासलाई उचाइमा पुऱ्याउने कुरा गर्छ । तर, व्यवहारमा लागू हुँदैन । काठमाडौँ उपत्यकालाई धुलोमुक्त र खाल्डो खाल्डीमुक्त बनाउने सपना कुन सरकारले बाँडेको छैन ।

बजेटमा पुरातात्त्विक तथा सम्पदा स्थललाई सांस्कृतिक नगर, गाउँ या क्षेत्र घोषणा गर्ने कुरा उल्लेख गरिएको छैन । स्वास्थ्य बीमालाई व्यापक पुनर्संरचना गर्ने भनिएको छ । व्यापक पुनर्संरचना गर्ने भनेको के हो, प्रस्ट पारिएको छैन । स्वास्थ्य बीमामा अस्पतालले गरिरहेको खर्च व्यहोर्ने कुरा बजेटमा उल्लेख छैन ।

ज्येष्ठ नागरिक, अपाङ्ग र विधवा महिलाको निम्ति सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ताबारे पनि स्पष्ट दृष्टिकोण छैन । सामाजिक सुरक्षा भत्ता सक्नेले छोडेर नसक्नेलाई जोडौँ भनिएको छ । को सक्ने र को नसक्ने कसले छुट्याउने ? सक्नेले छोडेको पैसा नसक्नेलाई कसरी वितरण गर्ने ?

*बाँकी पृष्ठ १२ मा*

## राजनीतिमा पुस्तान्तरणभन्दा नीति परिवर्तन महत्त्वपूर्ण हुने




भक्तपुर । ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा Empowering Voices : Social Science Perspective on Gender, Justice and Change विषयमा एकदिने राष्ट्रिय सम्मेलन जेठ १७ गते कलेजमा सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं ख्वप कलेज सञ्चालक समितिका संस्थापक अध्यक्ष प्रेम सुवालले सम्मेलनको उद्घाटन गर्दै भन्नुभयो, "राजनीति देश र जनताको निःस्वार्थ सेवा गर्ने क्षेत्र हो । राजनीतिमा उमेरको पुस्तान्तरण वा पुरानो विचार लिने नयाँ पुस्ताको अर्थ छैन बरु नीति परिवर्तनको महत्त्व हुन्छ ।"

"पैँतीस वर्षयता नेपालमा पुरुष र महिला दुवै लिङ्गबाट राष्ट्रपति र प्रधानमन्त्री भए तर आर्थिक विषय-सार्वजनिक संस्थानहरू निजीकरण गर्ने तथा नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउने भयो भने विदेशीसँग ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने विदेश मामिला भयो ।", उहाँले भन्नुभयो ।

देश बिक्री हुने भन्नुको अर्थ यहाँको ढुङ्गा-माटो-घर उठाएर लाने नभई विदेशीले यहीँकै राजनीतिक नेतृत्वलाई आफ्नो अनुकूल काम गराउने भएको उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क पाउने कानुनी व्यवस्था भए परिवर्तनमा मद्दत पुग्नेछ । क्युबाको परिवर्तनका नेता फिडेल क्यास्त्रोले महिलालाई शिक्षा दिनु परिवर्तनभित्रको परिवर्तन हुने बताउनुभएको हो । विदेशी विश्वविद्यालयका कलेजहरू सञ्चालन गर्न दिने सरकारको बजेटले नेपालका कलेजहरू खस्कँदै जानेछन् ।"

संरा अमेरिका, भारत, इजरायल, इटाली, फ्रान्स, जर्मनीलगायत कतिपय देशमा दक्षिणपन्थी सरकार भएको, दक्षिणपन्थीको अर्थ प्रतिगामी वा प्रतिक्रियावादी हुने उल्लेख गर्दै उहाँले नेपालमा पनि दक्षिणपन्थी सरकार बन्नु खतरा भएकोतर्फ सतर्क गराउनुभयो ।

सरकारको बजेटमा साढे ६ खर्ब ऋण लिने र नेपालको बिजुली भारतलाई बेच्न सहज हुने गरी नेपाल विद्युत् प्राधिकरणलाई विभाजन गर्ने कुरा नेपालको हितमा नभएको सचिव सुवालले प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा भइरहेको निर्वाचन निष्पक्ष नभएको बेला विदेशमा बसेकालाई अनलाइन मतदान र नेपालमा विद्युतीय मेसिनमा मतदानको तयारी गरिँदै छ । नेपालीलाई देशभित्र रोजगारी दिएर विदेशबाट मतदान गराउन नपर्ने व्यवस्था गर्नु जरुरी छ । भारत र संरा अमेरिकामा भएको विद्युतीय मतदान धाँधली भएको सार्वजनिक भइरहेको छ ।"

भदौ २३ गतेको निहत्था जनताको हत्या र भदौ २४ गतेको देशभरिझैँ आगजनी गर्नेहरूलाई फागुन २१ गतेको चुनावमा उठ्न नपाउने व्यवस्था गर्नुपर्ने थियो, त्यसो नहुनु गलत भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज

*बाँकी पृष्ठ १२ मा*

## दाफा नयाँ पुस्ताको लागि अध्ययन सामग्री

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा आयोजित 'भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी २०८३' को समापन तथा पुरस्कार वितरण कार्यक्रम जेठ १६ गते सम्पन्न भयो । दुई दिन सञ्चालन भएको दाफा प्रदर्शनीमा ४६ टोलीले सहभागिता जनाएका थिए ।

समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले बेलायती विद्वान ई. ए. पावेलले 'भक्तपुर नहेर्नेले आधा संसार नहेरेसरह हुन्छ' भन्ने अभिव्यक्ति दिएको स्मरण गर्दै भक्तपुरको ऐतिहासिक, सांस्कृतिक तथा कलात्मक महत्त्वबारे चर्चा गर्नुभयो ।

उहाँले दाफा प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएको भन्दै यस्ता कार्यक्रमहरूको अभिलेखीकरण गर्न सके नयाँ पुस्ताका लागि मार्गदर्शन र अध्ययन सामग्री बन्ने बताउनुभयो ।

ख्वप कलाकारहरूको सहरका रूपमा परिचित रहेको उल्लेख गर्दै उहाँले नयाँ पुस्तालाई शिक्षित बनाउन कलेज स्थापना गरिनुका साथै कला-संस्कृतिमा अगाडि बढाउन सांस्कृतिक प्रशिक्षणको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

उहाँले खेलकुद क्षेत्रमा समेत सकारात्मक प्रगति भइरहेको उल्लेख गर्दै जनतालाई शैक्षिक, सांस्कृतिक, खेलकुद तथा राजनीतिक रूपमा सचेत र सक्षम बनाउन निरन्तर प्रयास आवश्यक रहेको बताउनुभयो ।

देशमा विभिन्न समयमा भएका आन्दोलन र राजनीतिक घटनाक्रमबारे चर्चा गर्दै उहाँले ती विषयको गम्भीर अध्ययन र विश्लेषण आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

देश र जनताको हितलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दाफा प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएकोमा सहभागी, स्वयंसेवक तथा सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले आफ्नो घोषणापत्रअनुसार हरेक वर्ष सांस्कृतिक प्रतियोगिता तथा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पूरा गर्दै यस वर्ष दाफा प्रदर्शनी आयोजना गरेको बताउनुभयो ।

एक दिन मात्र सञ्चालन गर्ने योजना रहे पनि ४९ वटा समूहको दर्ता भएकोले कार्यक्रम दुई दिनसम्म सञ्चालन गरिएको जानकारी दिँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा निरन्तर काम गर्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुरका ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण विदेशी सहयोगबिना स्थानीय जनताको साथ र सहभागितामा सम्पन्न गरिएको जानकारी गराउनुभयो ।

"सम्पदा पुनर्निर्माणमा हामीले विदेशी सहयोग लिएका छैनौँ, जनताको सहयोग र सहभागितामै काम गरेका छौँ । यही नै भक्तपुरको पहिचान बनेको छ," उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले १७८ वटा सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न गरिएको जानकारी दिँदै यस्ता सांस्कृतिक गतिविधिले परम्परा, संस्कृति र पहिचानको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

स्वास्थ्य बीमामा देखिएका विभिन्न समस्याबारे अवगत गराउँदै उहाँले सार्वजनिक सम्पत्ति संरक्षण र संवर्द्धन गर्नु सबै नागरिकको साझा दायित्व भएको बताउनुभयो ।

*बाँकी पृष्ठ १२ मा*

## स्थानीय तहसँग समन्वयका साथ विकेन्द्रीकरण र सङ्घीयताको मर्मानुसार प्रदेश चल्नुपर्ने

हेटौँडा । वाग्मती प्रदेश सरकारले विनियोजन विधेयक - ०८३ का सिद्धान्त र प्राथमिकता सोमबार प्रस्तुत गऱ्यो । उक्त विधेयकमाथि वाग्मती प्रदेशसभामा जेठ १२ गते छलफल सम्पन्न भयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देश विदेशीको भरमा बस्न नमिलेझैँ प्रदेश पनि माथिल्लो सरकारको भरमा बस्न नमिल्ने विचार व्यक्त गर्नुभयो । स्थानीय तहसँग समन्वय एवम् सहकार्य गर्दै विकेन्द्रीकरण तथा सङ्घीयताको मूल मर्मबमोजिम प्रदेश सरकार हिँड्न आवश्यक भएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "विकास निर्माणमा जनसहभागिता, जनपरिचालन, श्रमदान, मुठीदानको उपाय अपनाउनु बुद्धिमानी हुनेछ । जनतालाई केन्द्रमा राखेर गरिएको विकासमात्र दिगो हुनेछ ।"

बहुसङ्ख्यक काम गरिखाने जनतालाई हेरेर बजेट निर्माण गर्नु हितकर हुने विचार व्यक्त गर्दै उहाँले भौतिक निर्माणमात्र विकास होइन बरु शैक्षिक, सांस्कृतिक तथा बौद्धिक विकास वर्तमान पुस्ताको आवश्यकता हो भन्नुभयो ।

"हाम्रो उद्योग सिकिस्त छ भने उत्पादन शून्यझैँ छ । हाम्रा गाउँहरू सुनसान छन् । हाम्रा पहाडहरू खाली छन् । खेतहरू बाँझा छन् । सहरहरू अशान्त, असुरक्षित र प्रदूषित छन् । सन्तुलित विकास नहुँदा यो दुर्भाग्यबाट माथि उठ्न नसक्नु विडम्बना हो," उहाँले भन्नुभयो ।

उहाँले भक्तपुर संसारकै सुन्दर ऐतिहासिक सहर हो भन्दै सम्पदा एवम् मौलिक कला र संस्कृति संरक्षित सहर भक्तपुरको महत्त्व र गरिमा वाग्मती प्रदेश सरकारले पनि बुझ्न आवश्यक छ भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले विदेशीसँग मागेर देशको आर्थिक विकास तथा स्वतन्त्रता जोगाउन सम्भव नहुने विचार व्यक्त गर्नुभयो । उहाँले देश आर्थिक ऋण पासोमा फस्दै गइरहेको चर्चा गर्दै संसारमा पुँजीवादी बजार अर्थतन्त्र असफल एवम् अमानवीय बन्दै गएको उल्लेख गर्नुभयो ।

उहाँले नेपालको आर्थिक विकास नहुनुमा आयात निर्भरता दोषी रहेको चर्चा गर्दै आत्मनिर्भरताका व्यावहारिक पाइला चाल्न नसकेसम्म सङ्कटमुक्त बन्न नसक्ने धारणा राख्नुभयो ।

अर्का सदस्य गीता काफ्लेले किसान तथा काम गरिखाने जनताको हितको सरकारहरूले काम नगरेकै कारण गरिबी, असमानता र अशान्ति बढेको धारणा

*बाँकी पृष्ठ १२ मा*

## एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई !


ललितपुर । प्रगति सामुदायिक सिकाइ केन्द्रको नवौँ साधारणसभा तथा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ ९ वडा समितिको आयोजनामा सोही वडाबाट एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन कार्यक्रम जेठ १७ गते ललितपुरस्थित बज्रबाराहीमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले विद्यार्थीले आफ्नो क्षमता, सिर्जनशीलता, नेतृत्व पहिचान गरेर उच्च शिक्षा अध्ययन गर्नुपर्ने बताउँदै विगतभन्दा आगतको बारेमा विचार गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ता प्रविधिमा स्मार्ट भएको सकारात्मक भए पनि त्यसले हामीलाई बौद्धिक अपाङ्गता बनाउन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो । पुस्तक अध्ययनले मात्र पूर्ण तथा गहिरो ज्ञान दिनसक्ने बताउँदै उहाँले अभिभावकका कुरा मनमा लिनुपर्ने बताउनुभयो ।

नेमकिपा ९ वडा समितिका अध्यक्ष कृष्णभक्त लवजूले विद्यार्थीहरू राजनैतिक रूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

प्रगति सीएलसीका अध्यक्ष रवीन्द्र कुसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेक्राविसङ्घका अध्यक्ष राज प्रजापति, सीएलसीका सम्राट प्रजापति र विद्यार्थी जेनुसा कोजूले पनि बोल्नुभएको थियो ।



कार्ल मार्क्स

पुँजीको शासनमा जब श्रम नै जीवन बन्छ र जीवन नै जीउनुको मूल्य हुन्छ तपाईं मानव बनिरहन सक्नुहुन्न ।

## सम्पादकीय

# ‘हुटिट्याउँको खुट्टैदेखि चाल पाइन्छ’

‘नयाँ पुस्ता’ को नाउँमा १० महिनाअगाडि विद्यार्थीहरूको आन्दोलनको नाममा गरिएको राजनैतिक उपद्रो संयुक्त राज्य अमेरिका र भारतका ‘सीआईए’ र ‘रअ’ बाट गरिएको षड्यन्त्रमूलक आन्दोलन नेपाली सेनाको अगुवाइमा गर्न दिइएको एक राजनीतिक ‘प्रतिक्रान्ति’ संसारमा पहिलो भने किमार्थ होइन । संयुक्त राज्य अमेरिकाको गुप्तचर विभाग ‘सीआईए’ को पूरा अर्थ हो - केन्द्रीय गुप्तचर विभाग । त्यो संस्थाले सन् १९६० को दशकमा संसारका देशहरूमध्ये कहीँ न कहीँ तीन महिनामा एउटा सैन्य विद्रोहबाट सरकार हेरफेर गर्ने गर्थ्यो ।

नेपालको सन्दर्भमा वर्तमान ‘भारतीय विस्तारवाद’ बेलायतबाट स्वतन्त्र भएदेखि नै उसको उपनिवेशवादको काम-काज (भारी बोकाइ) दक्षिण एसियामा भारतले बोक्न लगायो । त्यसैलाई केही महिनाअगाडि वर्तमान सरकारको अर्थमन्त्रीले संयुक्त राज्य अमेरिकी राष्ट्रपति मुनुरोले दक्षिण अमेरिकाका देशहरूमा थिचोमिचो गरेजस्तै दक्षिण एसियाली देशहरूमा भारत आफ्नो विस्तारवादी नीति लागू गर्नु स्वाभाविक हो भनेका थिए ।

भन्ने गरिन्छ - ‘छोरा के हेर्नु छोराको साथ हेर्नु’ र ‘तेल के हेर्नु तेलको धारो हेर्नु ।’ वर्तमान अर्थमन्त्रीको विचार के हेर्नु ? उनले पढेको संयुक्त राज्य अमेरिकी ‘विश्व बैङ्क’, ‘अन्तर्राष्ट्रिय मुद्रा कोष’ र ‘एसियाली विकास बैङ्क’ जस्ता अमेरिकी नङ्ग्राहरू हेरे पुग्छ । उनी तीमध्येकै एक संस्थामा कर्मचारी भई काम गरेका थिए । कालो खाएपछि कालै बिस्टा फाल्ने जस्तै खाएको वस्तुको विचार र बुद्धिमा त्यही विषयको काम गर्ने नै भयो । त्यसमा कुनै शङ्का छैन ।

वर्तमान अर्थमन्त्रीले पनि विदेशी लगानी र विदेशी ऋणलाई प्राथमिकता दिएका छन् । हिजोका सरकार र आजको सरकारमा के फरक रह्यो भन्ने प्रश्न व्यापक छ ।

अर्को महत्त्वपूर्ण कुरा ‘मानिस’ र ‘कुकुर’ को बारेमा समाजका अनेक धारणा र भनाइहरू छन्; नेपाली समाजका आफ्नै अनुभवहरू छन् । लेखनाथको ‘पिँजडाको सुगा’ ले भन्छ - ‘गुणका बैरी मानस जाती’ भनी ‘मानिस इमानदार हुनन्’ भन्ने पनि कहावत छ । त्यस्तै ‘मानिसभन्दा कुकुरलाई इमानदार’ भन्ने कहावतहरू थुप्रै छन् । सन्दर्भ नेपालीहरू आफ्ना देशलाई प्राथमिकता दिन्छन् कि विदेशीलाई दिन्छन् भन्ने हो । तर, हरेक देशभक्तहरूले आफ्नै मातृभूमिको सेवा गर्ने गर्छन्, विश्वासघात गर्नेहरूलाई सबैले घृणा गर्छन् ।

नेपाली जनताले गएको निर्वाचनमा राजनीतिक दलहरूलाई बेइमान भएकाले साह्रै सरापे । तर, अन्तमा सबैले राजनीतिक दलहरूलाई नै मतदान गर्न बाध्य भए । परिणामले नयाँ दललाई झन्डै दुईतिहाइ दियो भने ‘जनतालाई वर्षौंसम्म ठगिरहने पुराना शासक दलहरूलाई भन्दा नयाँ दललाई बढी मन पराएको देखायो । तर, यस भनाइमा अनेक प्रकारका विमतिहरू पनि देखा नपरेका होइनन् ।

केहीले भने, अतिवाद वा उग्र चिन्तन सबै ठाउँमा छन् । नयाँ र पुराना चोरमध्ये नयाँलाई दिएको मान्ने मतदाताहरूको मत पनि छ ! फेरि त्यसलाई मान्ने हो भने मतदाता स्वयं चोखो नभएको पनि देखिएको छ ।

मानिस एक बौद्धिक प्राणी हो । उसले सोचविचार गरेर एउटा दल रोज्छ र त्यसप्रति ‘समर्पित’ हुन्छन् । निर्वाचनमा ‘घोषणापत्र’ लाई जनताको अगाडि राख्छ । आफ्नो पार्टीले निर्वाचन जितेमा त्यस घोषणापत्रलाई लागू गर्ने प्रतिज्ञा गर्छ । त्यही विश्वासले कुनै एउटा दललाई मतदान गर्छन् - मतदाताहरूले । निर्वाचनको यही महत्त्वलाई सबैले शिरोपर गर्छन् ।

तर, कुनै व्यक्तिप्रति त्यसबेला शङ्का गर्न जनता विवश हुन्छन् जब त्यस व्यक्तिले आफैंले लेखेको ‘घोषणापत्र’ प्रति ‘समर्पित’ हुनुभन्दा अर्कै राजनीतिक दलमा गई निर्वाचनमा भाग लिन्छन् । के त्यो ‘विश्वासघात’ होइन ? त्यस्ता व्यक्ति जुनसुकै पदमा रहे पनि जनता सधैँ सचेत हुने भयो, उक्त व्यक्तिले कहिले केबारे विश्वास गर्ने ठेगान हुँदैन !

त्यस्तै व्यक्तिले प्रस्तुत गरेको देशको बजेटको के दशा हुने भयो भने चिन्ता स्वाभाविक छ । अहिलेको अर्थमन्त्रीले प्रस्तुत गरेका बजेटको वैदेशिक अनुदान ६१ अर्ब ७४ करोड बताइएको छ भने वैदेशिक ऋण २ खर्ब ४७ अर्ब २८ करोड छ । पुरानो ऋण २९ खर्ब त छँदै छ ।

के नेपालको आम्दानी ऋणको ब्याज तिर्न पुग्छ ? विदेशी पुँजीको अर्थमन्त्रीहरू स्वागत गर्छन् । तर, के ती पुँजी पूरा ऋणमा फेर्न ऋणदाताहरू तयार हुन्छन् ? लगानीमा अनेक कठिनाइ आइपर्‍यो भने - यसरी अर्थमन्त्रीहरूलाई विदेशी पुँजीको ऋणको निम्ति ‘स्याबासी’ दिनु र ‘कमिसन’ दिनु भ्रष्टाचार सम्झिन्न । त्यसकारण, नेपालमा विदेशी पुँजीलाई स्वागत गर्नुको अर्थ नेपाली जनताले बुझ्नैपर्छ र हुटिट्याउको खुट्टैबाट जनताले उसको सामर्थ्य बुझे जस्तै नेपाली जनताले अर्थमन्त्रीको विदेशी पुँजीको अर्थलाई बढी महत्त्व दिनुका कारण जनताले बुझ्दै जानेछन् ।

# नेपाली लेण्डुप भन्छन्, “नेपालले भारतको सीमा मिच्यो”

✍ प्रज्ज्वल

रास्वपा सरकार प्रमुखले २०८३ जेठ १७ गते प्रतिनिधिसभामा भने, “नेपालले पनि भारतको सीमा मिचेको आफूले प्रधानमन्त्री भएपछि थाहा पाएँ ।”

२०८३ भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि झैँ आगजनी भएपछि तत्कालीन प्रधानमन्त्री एमालेका केपी ओलीले राजीनामा दिएका थिए । सेनाको मध्यस्थतामा राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई निर्वाचन सरकारको प्रधानमन्त्री मनोनित गरे । तत्काल प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन तथा फागुन २१ गतेको लागि निर्वाचन मिति तोकिएको थिए । देश जलिरहेको बेला प्रम ओली राजीनामा दिएर भागेको र राष्ट्रपति पौडेलले भएको संसद्सँग सल्लाह नगरी नयाँ प्रम नियुक्ति र प्रतिनिधिसभा विघटन गरेको देशघाती कदम किन होइन ?

फागुन २१ गते निर्वाचन त भयो तर निष्पक्ष र धाँधलीरहित भएन । वरिष्ठ पत्रकार एवम् विश्लेषक अनिल गिरीले माउण्टेन टेलिभिजनमा प्रश्न उठाए– “एक लाख सेनामध्ये ८० हजार परिचालन गरी बालेन साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार जलिरहँदा निभाउन किन गएन ?” पूर्वसैनिक अधिकारी महेन्द्रजंग शाहीले केही सेनापतिहरूको नागरिकता र शैक्षिक प्रमाणपत्र छानबिन हुनुपर्ने विषय सार्वजनिक किन गरे ?

सेना देशको सार्वभौमिकता रक्षाको कवच नै हो । सेना कुनै पार्टीलाई चुनावमा जिताउन र कुनै नेतालाई प्रधानमन्त्री बनाउन लाग्नु के उचित हो ? निश्चय पनि होइन ।

२०७९ सालयता प्रतिनिधिसभामा पुगेका रास्वपाका सदस्यहरूले ल्याटिन अमेरिकामा ‘मुनरो डक्ट्रिन’ लागु गरिएझैं दक्षिण एसियामा ‘मोदी डक्ट्रिन’ लागु हुने वकालत गरेका थिए । २०८२ चैत १३ गते सरकारको नेतृत्वमा पुऱ्याइएका रास्वपा सरकार प्रमुखले संसद्को पहिलो अधिवेशनमा मुख खोलेनन् । दोस्रो अधिवेशन सुरु भएको झन्डै एक महिनापछि प्रतिनिधिसभामा पहिलो पल्ट सरकार प्रमुखले बोल्दा देशविरोधी विषय किन राखे ?

देशविरोधी विषय बोल्न सरकार प्रमुखलाई कसले शक्ति दियो ? संरा अमेरिकी आर्थिक सहयोग संस्थाहरू National Endowment For Democracy (NED), International Republican Institute (IRI), American Chamber of Commerse, American Youth Council, Tibetan Original Blood, Student For Tibet लगायतसँग रास्वपाको के कस्तो साठगाँठ छ अब छानबिन हुनु नाजायज नहोला ।

नेपालको अन्तर्राष्ट्रिय सिमानाबारे अध्ययन गर्दै लेख–रचना र पुस्तकसमेत लेखेकाहरू– बुद्धिनारायण श्रेष्ठ, पीताम्बर शर्मा, नरेन्द्रप्रसाद खनाल, जगतप्रसाद भुसाल, द्वारिकानाथ ढुङ्गेल, प्रभाकर शर्माको संयुक्त अपिलमा उल्लेख छ – ‘आजसम्म नेपालले भारतको सीमा मिचेको भन्ने विषय कुनै आधिकारिक निकायबाट सार्वजनिक रूपमा सुनिएको छैन ।’ बुद्धिनारायणले पनि महाकाली नदीको मुहान लिम्पियाधुरा भएको बोल्न नसकेको सार्वजनिक भएको थियो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले दुई–चार वर्षमा कुनै पनि पार्टी र नेता परिपक्व हुन नसक्ने अगाडि नै स्पष्ट पार्नुभएको थियो । रास्वपा र तिनका नेताहरूको देश विरोधी अभिव्यक्तिले अध्यक्ष बिजुक्छैंको भनाइलाई थप पुष्टि गऱ्यो ।

यसको जिम्मेवारी आफूलाई पढे लेखेका दाबी गरी रास्वपालाई मत हाल्ने र हाल्न लगाउने लेखक, कवि, कलाकार, पत्रकार, डाक्टर, इन्जिनियर, शिक्षक, कर्मचारी, प्राध्यापकहरू पनि किन होइनन् ? विदेशी सरकार र संस्थाबाट पैसा पाएका नेपालका गैरसरकारी संस्थामा काम गर्ने रास्वपालाई मत हाल्ने बुद्धिजीवीहरू पनि आजको स्थितिको जिम्मेवार किन होइनन् ?

यी तथाकथित बुद्धिजीवीहरूले भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि झैँ आगजनी गर्नेहरूलाई जेलमा पठाउने तथा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुन नदिने विषय किन उठाएनन् ? सुरक्षा निकाय र निजामती कर्मचारीहरूसमेत एकतर्फी रास्वपालाई मत हाल्न किन गए ?

के रास्वपा सरकारले बजेट वक्तव्यमा समानुपातिक मतअनुसार राजनीतिक दलहरूलाई राज्यकोषबाट अनुदान दिने उल्लेख गर्नु निर्वाचनको अभिमत हो ? यस्तो बन्दोबस्त गर्नु नीतिगत भ्रष्टाचार किन होइन ? के राजनीतिमा उमेरको पुस्तान्तरण देश बेच्ने अनुमतिपत्र हो ?

राजनीतिमा विचार (चेतना) को पुस्तान्तरण हुनु आवश्यक छ । सार्वजनिक संस्थानहरू व्यक्तिलाई बेच्ने, युवालाई वैदेशिक रोजगारीमा पठाएर देश मरुभूमि बनाउने, विदेशी ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउनेहरूको सरकार उमेरले नयाँ पुस्ता भए पनि विचारले देशद्रोही नै हो । यिनीहरूबाट देश र जनताको हित नहुनेतर्फ नेपाली जनता सचेत हुनु आवश्यक छ ।

‘नेपालले भारतको सीमा मिच्यो’ भन्नेहरू नयाँ लेण्डुप किन होइनन् ? रास्वपा सरकारले नेपालको लिम्पियाधुरा महाकाली नदीको उद्गम क्षेत्र भएको यथार्थ किन बोल्न सकेन ? लेण्डुपले सन् १९७५ मा संसद्मा अत्यधिक बहुमत प्राप्त गरी सिक्किम भारतमा विलय गरेका थिए । के रास्वपा सरकार नेपाली लेण्डुप बन्नेतर्फ उन्मुख हो ? रास्वपालाई मत दिनेहरू बोल्नु पर्दैन र ?

रास्वपा सरकारले देशविरोधी शब्द बोलेको भोलिपल्ट जेठ १८ गते रास्वपा सभापति लामिछाने भारत भ्रमणमा गए । सभापति लामिछाने पहिलो पटक आफ्नो उपप्रधानमन्त्रीसहित सांसद पद खुस्केको बेला चार घण्टा पत्रकार सम्मेलन गरी भारतीय प्रम मोदीलाई पुकार्दै हिन्दी भाषामा भनेका थिए– “मोदीजी म सिधै कुरा गर्न चाहन्छु ।” के नेपालमा सरकारहरू भारतकै आशीर्वादमा बन्ने र टिक्ने पुन: एक पटक रास्वपाले पुष्टि गरेको हो ? रास्वपालाई दिल्लीले असमान सन्धिमा सही गराउँदै त छैन ?

रास्वपा सरकार प्रमुखको देशविरोधी अभिव्यक्तिसँगै भारतीय सशस्त्र प्रहरी बल (SSB) ले नेपालको सुस्ता गाउँपालिका वडा नं. ५ मा निर्माण भइरहेको तटबन्ध निर्माण रोक्न दबाब दिएको सार्वजनिक भयो ।

भारतीय विस्तारवाद र एकाधिकार पुँजीले नेपालको सुस्ता अतिक्रमणदेखि पूर्वको पशुपतिनगर, तिलाठी, लालापट्टी, पश्चिमको दोधारा–चाँदनी, लिपुलेक, कालापानी, लिम्पियाधुरासम्म गरेको अतिक्रमणलाई नेपाल मजदुर किसान पार्टीले विरोध गर्दै आएको यतिबेला नेपाली जनताले प्रेरणा लिनु आवश्यक छ ।

# रास्वपा सरकारको बजेटले सरकार पुँजीवादी भएको पुष्टि




शुक्र

संविधानमा आधारभूत तह (कक्षा ८) सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षा नि:शुल्क पाउने मौलिक हक उल्लेख छ । आर्थिकरूपमा विपन्न जनता र अपाङ्गका लागि उच्च शिक्षा नि:शुल्क हुने पनि संविधानमा उल्लेख छ ।

संविधानको मौलिक हक कार्यान्वयन गर्न सरकारको नीति तथा कार्यक्रम र बजेटबाट निर्देशित हुनुपर्नेमा रास्वपाको वर्तमान सरकारले शिक्षा ‘समता शुल्क’ का नाममा जनतामाथि आर्थिक बोझ थोप्दै छ । दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षा पुऱ्याउन र शैक्षिक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रले प्रदान गर्ने शिक्षा सेवामा न्यूनतम दरमा ‘समता शुल्क’ लगाउने बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

देशभर सञ्चालनमा रहेका ८ हजार ९ सय ४१ संस्थागत (निजी) विद्यालयमा २६ लाख ५७ हजार १ सय ७० विद्यार्थी अध्ययनरत छन् । सरकारले एक विद्यार्थीबाट औसत मासिक ९ हजार रुपियाँ शुल्क उठ्ने अनुमानका आधारमा ३ प्रतिशत शुल्कबाट करिब १० अर्ब रुपियाँ राजस्व सङ्कलन हुने अनुमान गरेको छ । तर, शिक्षा ‘समता शुल्क’ बाट उठ्ने रकम दुर्गम क्षेत्रमा शिक्षा नि:शुल्क हुने विषय बजेटमा उल्लेख छैन ।

सरकारी भनिने सामुदायिक विद्यालय शासक दलको भर्ती केन्द्र बनाइँदा आज रित्तिँदै गइरहेको छ । सामुदायिक विद्यालयको सङ्ख्या कम भएसँगै अध्ययन गर्ने विद्यार्थी पनि घटिरहेका छन् । सामुदायिक विद्यालयमा गत वर्ष ७३ प्रतिशत विद्यार्थी अध्ययनरत रहेकोमा यस वर्ष ७१.२७ प्रतिशतमात्र अध्ययनरत छन् । निजीमा गत वर्ष २३ प्रतिशत विद्यार्थी अध्ययनरत रहेकोमा यस वर्ष २४.७८ प्रतिशत अध्ययनरत रहेको सार्वजनिक भएबाट सरकारी नीति असफल भएको पुष्टि गर्छ ।

सरकारले सामुदायिक विद्यालय राम्रो बनाएको भए निजी विद्यालयमा महँगो शुल्क तिर्न अभिभावक जाने थिएनन् । सरकारले निजी विद्यालयमा हुनेखानेका छोराछोरी मात्र पढ्छन् भन्ने भाष्य बनाएर प्रगतिशील कर लगाएको परिभाषित गर्नु आँखामा छारो हान्न खोज्दै छ । दैनिक ज्याला मजदुरी गर्ने अभिभावकले पनि गुणस्तरीय शिक्षाको अपेक्षा गर्दै निजी विद्यालयमा आफ्ना छोराछोरी पठाइरहेका छन् । सरकारले निजी विद्यालयको आम्दानीमा कर लगाउनुपर्नेमा अभिभावकले तिर्ने शुल्कमा कर लगाउनु सही होइन, खारेज गर्नु आवश्यक छ ।

आजसम्मका सरकारले देशको सन्तुलित विकास नगर्दा शहरमा जनसङ्ख्या केन्द्रित भयो । गाउँघर रित्तिँदै छन् । आर्थिक सर्वेक्षण, २०८३ ले ६० प्रतिशत सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी रहेको सार्वजनिक भयो । गाउँघरमा गुणस्तरीय शिक्षा नदिएको हुँदा छोराछोरी पढाउन शहर पस्नुपरेको दुखेसो गर्ने अभिभावक धेरै छन् । के सरकारले ती अभिभावकहरूको दु:ख नबुझेको हो कि बुझेर पनि बुझ पचाएको हो !

बजेटमा एकातिर शिक्षा ‘समता’ करले दुर्गममा गुणस्तरीय शिक्षा पुऱ्याउने र शैक्षिक पूर्वाधार निर्माण गर्ने उल्लेख छ भने अर्कोतिर विदेशी विश्वविद्यालय र कलेजलाई खुलमखुला स्थान दिने उल्लेख गर्नु देशद्रोही हो ।

रास्वपा सरकारले संविधानमा नि:शुल्क स्वास्थ्य र शिक्षा भनेर लेखिएकोलाई वेवास्ता गरी नि:शुल्क गर्न नसकिने अभिव्यक्ति दिनु लाचारी हो । गरिब जनतासँग शिक्षा, स्वास्थ्य, विद्युत्मा छुट्टाछुट्टै कर लिने रास्वपा सरकारको पहिलो बजेटले वर्तमान सरकार विगतका पुँजीवादी सरकारहरूको निरन्तरता भएको स्पष्ट हुन्छ ।

# शिक्षा र स्वास्थ्यमा निराशाजनक बजेट !

● विवेक

अर्थमन्त्री स्वर्णिम वाग्लेले जेठ १५ गते आ.व. २०८३/८४ को लागि रु. २१ खर्ब २४ अर्बको बजेट संयुक्त सदनमा प्रस्तुत गरे । अनुमानित स्रोतमध्ये राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड र वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड व्यहोर्दा रु. ६ खर्ब ५७ अर्ब २९ करोड न्यून हुने र सो रकम वैदेशिक ऋणबाट रु. २ खर्ब ४७ अर्ब २८ करोड परिचालन गरिने बजेटमा उल्लेख गरिएको छ । यस हिसाबले बजेटको एकतिहाइ रकम ऋणमा भर परेको देखिन्छ ।

**शिक्षातर्फ:**

शिक्षाको लागि जम्मा २ खर्ब १८ अर्ब ३० करोड विनियोजन गरिएको छ । यो कुल बजेटको १०.२८ प्रतिशत हो । चालू आ.व.को लागि गत वर्ष कुल बजेटको १०.७५ प्रतिशत विनियोजन गरिएको थियो । औसतमा चालू वर्षभन्दा आगामी आर्थिक वर्षमा शिक्षामा बजेट घटाइएको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार शिक्षामा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन गर्नुपर्छ । नेपाल सरकारले त्यस मापदण्ड पालना गर्ने प्रतिबद्धता गरे पनि हालसम्म कुनै पनि सरकारले त्यसलाई पालना गरेको देखिँदैन ।

नेपालमा सरकारी र निजी गरी दुई थरी शिक्षा प्रदान गर्ने गरिन्छ । सरकारी विद्यालयहरू तुलनात्मक रूपमा शैक्षिक गुणस्तर कमजोर र व्यापारका लागि खोलिएका निजी विद्यालयहरू तुलनात्मक रूपमा राम्रो र गुणस्तरीय छन् । हुने खानेहरूले आफ्ना सन्तानहरूलाई निजी विद्यालयमा पढाउने गरेका छन् । सरकारी जागिर खाने र सरकारी विद्यालयमा शिक्षक भएर काम गर्नेहरू नै आफ्ना सन्तानहरूलाई निजीमा पढाउने गर्छन् । शिक्षा सेवा व्यवसायभन्दा क्रमश: उद्योगमा रुपान्तर हुँदै गएको छ । धनीहरू अन्य उत्पादनमूलक उद्योगमा लगानी गर्नुभन्दा शिक्षामा लगानी गर्नु नै लगानी सुरक्षित ठानेर विद्यालय र कलेजहरूमा लगानी गर्दै छन् । यसले शिक्षा अत्यन्त महँगो भइरहेको छ । शिक्षा आधारभूत आवश्यकता हुनुपर्नेमा 'खरिदको वस्तु' बनाइएको छ । आर्थिक स्तरले शैक्षिक गुणस्तर कायम गर्ने अवस्था सिर्जना भएको छ । नयाँ बजेटले त्यसलाई मलजल दिने काम गरेको छ ।

बजेट सरकारमा जाने पार्टीहरूले निर्वाचन घोषणापत्र कार्यान्वयन गर्ने महत्त्वपूर्ण दस्तावेज हो । जनताबिच गरेका वाचाहरू बजेटमार्फत पूरा गर्ने अपेक्षा जनताले गरेका हुन्छन् । रास्वपाले गरेका वाचापत्र, नीति तथा कार्यक्रम र बजेटमार्फत पूरा गर्नु उसको कर्तव्य हो । नीति तथा कार्यक्रमको बुँदा ४५ मा 'माध्यमिक शिक्षा नि:शुल्क गर्ने सुनिश्चितता गरिने छ' भनिएको छ तर शिक्षालाई अत्यन्त कममात्र बजेट विनियोजन गरेर त्यसलाई उपेक्षा गरिएको छ ।

नेपाल सरकारले कर्मचारीहरूको औसत तलब २१ प्रतिशत वृद्धि गरेको छ । यो वृद्धिले कर्मचारीलाई राहत भए पनि ३ करोड नेपाली जनतामा भने मार पर्नेछन् । बजेटमा विद्युत्, निजी विद्यालय र अस्पतालहरूमा समेत ३ प्रतिशत करको व्यवस्थाले हरेक वस्तुको मूल्य बढ्ने निश्चित छ । नेपालमा उत्पादित विद्युत् जनतालाई सस्तोमा दिएर पेट्रोल, डिजेल र ग्यास प्रयोगमा कमी ल्याउनुपर्ने थियो । सरकारले उल्टो काम गरेको छ । नेपाल सरकारले ५/६ लाख कर्मचारीलाई खुसी पारेर करोडौं जनतामा करको भार थोपर्नु कुनै दृष्टिमा पनि न्यायोचित छैन ।

प्रस्तुत बजेटले नेपालको शिक्षालाई सुधार गर्ने अपेक्षा गर्न सकिँदैन । आज क्रमश: सरकारी विद्यालयमा विद्यार्थीहरू घट्दै छन् भने संस्थागत विद्यालयमा बढ्दै छ । कम विद्यार्थी भएका विद्यालयहरूमा के-कस्तो सुधार गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्नुपर्नेमा विद्यार्थी कम भएको कारण विद्यालय मर्ज गर्ने नीतिलाई अगाडि बढाइएको छ । नेपालमा सञ्चालित विद्यालयहरूमध्ये १३ हजारभन्दा बढी विद्यालयमा विद्यार्थी सङ्ख्या १०० जनाभन्दा कम भएको तथ्याङ्क बाहिरिएको छ । किन यस्तो भयो ? त्यसको समीक्षा गरेर सुधार्ने प्रयास गर्नुपर्थ्यो तर भएन ।

पहाडी क्षेत्रका विद्यालयमा विद्यार्थी न्यून हुनुको कारण छात्रावासको बन्दोबस्त नहुनु पनि हो । ग्रामीण र पछाडि परेका ठाउँका विद्यालयमा छात्रावासको बन्दोबस्त, शैक्षिक उपकरण र दक्ष जनशक्तिको बन्दोबस्त गर्न सकेको खण्डमा अभिभावकहरूले आफ्नो घर पायक विद्यालयहरूमा पढाउने छन् । सरकारी विद्यालयमा सरकारको धेरै लगानी छ, तर पनि विद्यार्थीहरू कमैमात्र छन् । विद्यालयलाई आवश्यक सुधारको बन्दोबस्त गर्नुभन्दा मर्ज गर्ने गलत नीति अघि सारिएको छ । युवा पुस्तालाई नयाँ नयाँ रोजगारीका अवसरहरू प्रदान गर्ने शिक्षा क्षेत्र पनि एक हो । कम सङ्ख्या भएका सबै विद्यालयहरू मर्जको बाटोमा अघि बढेमा हजारौं शिक्षकहरूको रोजगारीमाथि प्रश्न खडा हुनेछ ।

संविधानबमोजिम मा.वि. तहसम्म नि:शुल्क र उच्च शिक्षामा व्यापक छात्रवृत्तिको बन्दोबस्त गर्न सकेमा पनि उच्च शिक्षामा अधिकांशको पहुँच पुग्नेछ । गरिब र विपन्न परिवारलाई छात्रवृत्ति, शैक्षिक ऋणको व्यवस्था गरेको भए कोही पनि परिवारका सन्तान उच्च शिक्षाबाट वञ्चित हुनुपर्ने छैन । बजेटको आकार बढेअनुसार शिक्षामा कम बजेट विनियोजनले बजेटमा शैक्षिक क्षेत्र उपेक्षामा परेको स्पष्ट हुन्छ ।

विदेशमा पढ्न जाने विद्यार्थीहरूलाई रोक्ने कुनै कार्यक्रम छैन । वर्षको १ लाखभन्दा बढी विद्यार्थी विदेशमा गएर पढ्न जान्छन् । झन्डै १ खर्ब रुपैयाँ उनीहरूले पढाइको लागि खर्च गर्छन् । नेपालमा सहजै पढ्न पाइने विषय राखेर विदेश पढ्न जान रोक लगाइएको भए त्यसबाट झन्डै १ खर्ब पैसा बिदेसिनबाट जोगाउन सकिन्छ । विदेश जाने पैसा रोक्नु पनि देशको आम्दानी बढ्नु हो ।

नेपालमा ५९ वटा विदेशी सम्बन्धन प्राप्त कलेजहरू सञ्चालनमा छन् । ती कलेजहरूले वर्षको अर्बौं रुपैयाँ विदेश लाने गर्छन् । नेपालमा त्यस्ता कलेजहरू सञ्चालन अनुमति रद्ध गर्न सके त्यसबाट पनि धेरै पैसा जोगाउन सकिन्छ । त्यसले एकातिर धेरै वटा कलेजले विद्यार्थीहरू पाउने छन्- अर्कोतिर शिक्षक/प्राध्यापकहरूले रोजगारी पाउने छन् । नेपालमा रोजगारी नभएका कारण विदेश जाने प्राध्यापकहरूलाई रोक्ने यो राम्रो उपाय हुनसक्छ ।

**स्वास्थ्य क्षेत्र :**

कुल बजेट २१ खर्ब २४ अर्बमा स्वास्थ्यको लागि भने जम्मा १ खर्ब २ अर्बमात्र विनियोजन गरिएको छ । यो कुल बजेटको ४.८५ प्रतिशत मात्रै हो । विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) का अनुसार स्वास्थ्यको लागि कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट विनियोजन हुनुपर्छ । यो हिसाबले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डभन्दा आधामात्रै बजेट छुट्याइएको छ ।

स्वास्थ्य बीमाको लागि झनै कम रकम अर्थात् जम्मा १५ अर्ब रुपैयाँ विनियोजन गरिएको छ । देशमा सञ्चालित ४४० भन्दा बढी अस्पतालले स्वास्थ्य बीमा सेवा दिइआएकोमा औसतमा मासिक २ अर्ब बीमाबापत भुक्तानी गर्नुपर्ने भार बीमा बोर्डलाई रहेको बोर्डका पदाधिकारीहरूको भनाइ छ । १५ अर्ब रकमले आगामी आर्थिक वर्ष पनि बीमा सेवा राम्रो सञ्चालन नहुने प्रस्ट देखाएको छ । बीमा बोर्डले समयमा भुक्तानी नगरेको कारण नेपालका धेरै अस्पतालले बीमा सुविधा बन्द गरिसकेका छन् । बजेटमा सुधारको कुनै सङ्केत देखिँदैन ।

विगतका सरकारहरूका पालामा निर्माण सुरु भई सम्पन्न नभएका थुप्रै अस्पतालहरू छन् । ती अस्पतालहरू निर्माण सम्पन्न गरी चालू गर्नुपर्ने जिम्मेवारी पनि वर्तमान सरकारको काँधमा छ । ३३६ आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य बजेटले लिएको छ । यो सकारात्मक कुरा हो । कति निर्माण सम्पन्न अस्पतालहरूमा जनशक्ति अभावका कारण सञ्चालनमा आउन सकेको छैन भने कतिमा आवश्यक स्वास्थ्य उपकरण अभाव छन् । ती सबै अस्पतालहरू चालू गर्नु पनि वर्तमान सरकारको लागि चुनौती हो । १ खर्ब ९५ अर्ब बजेट यी सबै कार्य सम्पन्न गर्न पर्याप्त छैन ।

सरकारले नि:शुल्क वितरण गर्ने भनिएका औषधि खरिदका लागि पनि अर्बौंको बजेट आवश्यक पर्छ । नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार नि:शुल्क भनेको छ । त्यसको लागि देशभरका अस्पतालहरू निर्माण गरी स्थानीय जनतालाई सहज सेवा प्रदान गर्ने वातावरण दिनुपर्दछ ।

चिकित्सकहरूलाई नेपालमा टिकाइराख्ने हो भने सरकारले धेरै विद्यार्थीलाई छात्रवृत्ति दिएर चिकित्सा शिक्षा अध्ययन गराउनुपर्छ । छात्रवृत्तिमा पढेका चिकित्सकहरूले निश्चित अवधिसम्म नेपाल सरकारले खटाएको ठाउँमा गएर सेवा नगरेमा त्यस्ताहरूलाई सावाँ ब्याज असूल गरेर मात्र पुग्दैन, कडा कारबाही पनि गर्नुपर्दछ ।

स्थानीय पालिकाहरूले आफ्नै पहलमा स्थापना र सञ्चालन गरिरहेका अस्पतालहरूलाई भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य उपकरणहरू राख्न आर्थिक सहयोग गर्नु आवश्यक छ । यस्ता कार्यहरूले सङ्घ र स्थानीय सरकारबिच सहकार्यको वातावरण निर्माण हुनुका साथै सङ्घ सरकारलाई आर्थिक भार कम पर्छ ।

सबै अस्पतालहरू सङ्घ सरकारले निर्माण गर्नुभन्दा सङ्घ र स्थानीय साझेदारीमा निर्माण गर्ने र सञ्चालन खर्च पनि साझेदारीमा गर्न सके त्यसले अस्पतालले राम्रो उपचार गर्नुका साथै जनताको छिटो र सहज उपचारमा पहुँच पुग्नेछ ।

## सन्दर्भ : भदौ २३-२४ गतेको घटना र नेपाली सेनाको भूमिका

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - २६

✍ रामरतन चौधरी

जेनजीको नाममा २०८२ भदौ २३ र २४ गते भएको उपद्रव तथा विध्वंसमा नेपाली सेनालाई सहयोगी बनेको आरोप लागेको छ । त्यतिबेला सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबार जलिरहँदा केही मिनेटको दूरीमा रहेको सेनाको मुख्यालय मूकदर्शक बनेको थियो ।

भदौ २४ गते शितल निवासस्थित राष्ट्रपति भवन आगजनी र तोडफोड हुँदा त्यसको सुरक्षार्थ हतियारसहित खटिएका नेपाली सेनाले प्रदर्शनकारीहरूलाई रोक्ने सामान्य बल पनि प्रयोग गरेन । नेपाली सेनाको सुरक्षामा रहेको शितल निवासको बन्द गेट सेनाकै अगाडि एकजनाले खोलिदिएको श्रव्यदृश्यमा प्रस्ट देखिन्छ । प्रदर्शनकारीहरू सेनालाई धन्यवाद दिँदै एक एक जना गरी भित्र छिर्छन् । हतियार बोकेका करिब ४०-५० जना सेनाको समूहले प्रदर्शनकारीहरूलाई कुनै प्रतिवाद गरेन । प्रदर्शनकारीहरूभित्र छिर्दा साइड लागेर सहयोग गरे । प्रदर्शनकारीहरू राष्ट्रपति भवनको कोठा कोठामा छिरेर मूल्यवान् वस्तुहरू तोडफोड गरे ।

भदौ २३ गते पानी बाँड्न र माइक मिलाउने बहानामा गएका अपरिचित पात्र सुधन गुरुङलाई नेपाली सेनाले जेनजी प्रतिनिधिको रूपमा मान्यता दिएर वार्तामा राख्यो भने तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई मोवाइल जफत गरेर करिब १५ दिनसम्म अज्ञात स्थलमा राख्यो । सुशीला कार्की प्रम भएपछि मात्रै मोबाइल पाएको एउटा अन्तर्वार्तामा ओलीले बताएका छन् । संविधानविपरीत कार्की नेतृत्वको सरकार गठनमा पनि सेनाकै भूमिका रह्यो ।

भदौ २४ गते विभिन्न सरकारी भवन र राजनीतिक दलका कार्यालय तथा नेताहरूको घरमा तोडफोड तथा आगजनी हुँदा पूर्वराजपरिवारका कुनै पनि भवन तथा सम्पत्तिमा आक्रमण नहुनु शङ्कास्पद रहेको विश्लेषकहरू बताउँछन् ।

अमेरिकी डिजाइनमा नेपाली सेना परिचालित भएको विभिन्न टीका टिप्पणी हुन थालेपछि नेपाली सेनाले २०८३ वैशाख ११ गते "सञ्चारमाध्यम र सामाजिक सञ्जालमा नेपाली सेना तथा नेतृत्वलाई उल्लेख गरी प्रसारण भएका सामग्रीप्रति नेपाली सेनाले नियमित निगरानी गरिरहेको" चेतावनीपूर्ण सन्देश दियो । यसले नेपाली जनताको बोल्न पाउने हकसमेत कुण्ठित हुने आँकलन गरिँदै छ ।

**निर्वाचनमा सेनाको भूमिका**

२०८२ फागुन २१ गतेको निर्वाचनमा रास्वपालाई सेनाकै ग्रान्ड डिजाइनमा जिताइएको विश्लेषकहरूको मत छ । सेनाका कर्मचारीहरूले देशैभरि आफन्तहरूलाई रास्वपाको घन्टीमा मत राख्न भित्रभित्रै प्रोत्साहन गरे । फागुन २१ को निर्वाचन सेनाकै नियन्त्रणमा सम्पन्न भयो । यसभन्दा अघिको निर्वाचनमा मतपेटिकासँगै प्रत्येक राजनीतिक दलका एक एकजना प्रतिनिधि पनि मतगणना स्थल जाने परम्परा थियो । तर, यसपटक यो परम्परा तोडेर सेनाले आफ्नो नियन्त्रणमा मतपेटिका ओसार्ने काम गऱ्यो । यसले सेनाको भूमिकामा यथेष्ट शङ्का तथा प्रश्न उब्जिएको छ ।

वरिष्ठ पत्रकार अनिल गिरीले २०८२ चैत ३० गते माउन्टेन टिभीको एक अन्तर्वार्तामा "१ लाख सेनामा ८० हजार परिचालन गरेर बालेन साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरवार आगजनी हुँदा किन नियन्त्रण गरेन ?" भन्ने प्रश्नसमेत गरे ।

**सुकुमवासी बस्तीमा सेना र स्थानीय तहको क्षेत्राधिकारमाथि सेनाको हस्तक्षेप**

२०८३ वैशाख १२ गते काठमाडौं खोला किनारका सुकुमवासी बस्तीमा डोजर चल्दा सो क्षेत्र वरपर सेना हतियारसहित देखा परेको थियो । सुकुमवासी मामिलामा नेपाली सेनाले स्थानीय तहको क्षेत्राधिकार नै हस्तक्षेप गरी पत्राचार गऱ्यो । नेपाली सेनाको बज्रदल गण बाँकेले बर्दिया र बाँकेका ८/८ पालिकालाई "सुकुमवासी बस्तीको स्थान, सुकुमवासी बस्ती बसेको मिति, घरधुरी सङ्ख्या, बस्तीको पदाधिकारीको सम्पर्क नम्बर र अन्य केही भएमा सो विवरणसमेत खुलाइ पठाइदिन" भन्दै पत्र पठायो ।

दाङ देउखुरीको राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्टलाई नेपाली सेनाका एकजना मेजरले फोन गरेर सुकुमवासीहरूको विवरणबारे जिज्ञासा राखेको पनि समाचार प्रकाशित भयो । नेपाल प्रहरीको मसुरिया प्रहरी चौकीले पनि राप्ती गाउँपालिकालाई पत्र लेखेर सकुमुवासीहरूको विवरण उपलब्ध गराइदिन भन्यो । उदयपुरस्थित पशुपतिप्रसाद गण पिपलटार ब्यारेकले पनि २०८३ वैशाख १४ गते भूमिसम्बन्धी समाधान आयोग उदयपुरलाई पत्र लेखेर सुकुमवासी बस्तीको विवरण उपलब्ध गराइदिन माग गरेको थियो । सेनाको कदम रास्वपाका बालेन्द्र सरकारले प्रस्तुत गरेको शासकीय सुधारको १०० बुँदे कार्यसूचीसँग मेल खान्छ । उक्त सूचीमा देशभरका भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको लगत तयार गर्ने उल्लेख छ । यसरी सेना रास्वपाको पक्षमा लागेको प्रस्ट देखिन्छ ।

**मानव अधिकारको प्रतिवेदन**

राष्ट्रिय मानव अधिकार आयोगले २०८२ भदौ २४ गतेको विध्वंसलाई पूर्वयोजनाअनुसार सङ्गठित रूपमा गरिएको आपराधिक कार्यको संज्ञा दियो । संसद् भवन, पुरातात्त्विक महत्त्वको सिंहदरबार, नेपाली सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपतिको निवास, सर्वोच्च अदालतलगायत देशैभरिका सरकारी कार्यालय, राजनीतिक दलका नेता तथा कार्यकर्ता, सरकारी कर्मचारीहरूको निवास, निजी व्यावसायिक भवनलगायतमा तोडफोड आगजनी भइरहँदा सबै सुरक्षा निकाय मूकदर्शक बनिरहेको निष्कर्ष निकाल्यो ।

आयोगको अनुसन्धान प्रतिवेदनले भदौ २३ गते सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेका कारण घटना भएको निष्कर्ष निकाल्यो भने भदौ २४ गतेको घटनाको प्रकृति, अवस्था एकै समयमा एकै उद्देश्य लिई देशैभरि पूर्वयोजनाअनुसार नै भएको औँल्यायो । भदौ २४ गते प्रदर्शनकारीहरूले नेपाल प्रहरीका ३ जनालाई कुटपिट गरी हत्या गरेका थिए । २१ जना व्यक्तिहरूको प्रदर्शनकारीद्वारा गरिएको आगजनीमा परी मृत्यु भएको थियो । भदौ २३ को प्रदर्शन हिंसात्मक भइ सुरक्षाकर्मीको नियन्त्रणभन्दा बाहिर गइसकेपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारीले सेनाको सहयोग माग गरे पनि सेनाले सहयोग नगरेको छानबिन प्रतिवेदनमा उल्लेख छ ।

आयोगले नेपाली सेना ब्यारेकबाहिर मात्र निस्किएको भए देशमा यति धेरै नोक्सान हुने गरी यो तहको तोडफोड, आगजनीका घटनाहरू नहुने उल्लेख गऱ्यो । आयोगको अनुसन्धान समितिले प्रधान सेनापतिलगायत उच्चपदस्थ पदाधिकारीहरूलाई बयानका लागि बोलाउँदा नेपाली सेनाले सहयोग नगरेको गुनासो पनि अनुसन्धान प्रतिवेदनमा उल्लेख गऱ्यो । "२४ गते राति १० बजेबाट मात्रै सेना परिचालन भएको देखिन्छ । तर, त्यसरी सेना परिचालन हुँदा सरकारको यो मितिको यस्तो निर्णयका आधारमा परिचालित भएको हो भन्ने बयानहरूमा उल्लेख भएको पाइँदैन । सिंहदरबार र राष्ट्रपति निवासको सुरक्षाकै लागि पहिला नै निर्णय भइ सोअनुसार भवनको सुरक्षार्थ खटिएको सेनाले जोगाउन सामान्य प्रयाससमेत नगरेको अवस्था देखिन्छ । त्यसैगरी २३ गते र २४ गते दिनभरि सरकारले निर्णय नगरेका कारण सेना परिचालन हुन नसकेको भनिएकामा २४ गते राति १० बजेबाट सरकारको निर्णयबिना नै परिचालित भएको देखिँदा सेनाको भनाइमा एकरूपता देखिएन ।" प्रतिवेदनमा उल्लेख छ ।

मानव अधिकार आयोगले सिंहदरबारको सुरक्षाका लागि सिंहदरबारभित्र खटिएका सैन्य गणका तत्कालीन प्रमुख र राष्ट्रपति भवन शीतलनिवासका सेनाका तत्कालीन कमान्डरलाई सचेत गराउन सरकारलाई सिफारिस गऱ्यो । कार्की आयोगले भने नेपाली सेनातर्फ राष्ट्रपति भवन शीतल निवासको सुरक्षामा खटिएका सहायक रथी मनोज बैदवार, प्रधानमन्त्री निवास बालुवाटारको सुरक्षामा खटिएका प्रमुख सेनानी दिवाकर खड्का, सिंहदरबार सचिवालयको सुरक्षामा खटिएका प्रमुख सेनानी गणेश खड्का, संसद् भवनको सुरक्षामा खटिएका सेनानी सन्तोष ढुङ्गेललाई पनि सैनिक ऐनअनुसार कारबाही गर्न सिफारिस गरेको थियो ।

**पूर्वराजा ज्ञानेन्द्र, प्रम बालेन्द्र साह, नेपाली सेना र अमेरिकाको केमिस्ट्री**

पूर्वराजा ज्ञानेन्द्र शाहले नयाँ वर्ष २०८३ को पूर्वसन्ध्यामा एक भिडियो सन्देशमार्फत बालेन्द्र सरकारको पक्षमा शुभकामना दिँदै भने, "राजनीति र राज्य सञ्चालनको गतिविधिमा युवा पिँढीको संलग्नता बढ्दै जानु उत्साहको विषय हो । पढेलेखेका, देश बुझेका र आधुनिक प्रविधिको ज्ञान भएका उत्साहित पात्रहरूको आगमनले राष्ट्रलाई फलदायी बनाउनमा मद्दत पुग्छ भन्ने हामीलाई लाग्दछ ।"

बालेन्द्र प्रधानमन्त्री भएपछि २०८३ वैशाख १ गते सरकारले सार्वजनिक गरेको शासकीय सुधारको १८ बुँदे राष्ट्रिय प्रतिबद्धता पत्रमा 'पूर्व-पश्चिम राजमार्ग' लाई पुन: 'महेन्द्र राजमार्ग' उल्लेख गरे । अहिले बालेन्द्र नेतृत्वको रास्वपा सरकारले पूर्वराजा महेन्द्रले जस्तै राजनीतिक दलहरूलाई बन्देज लगाउने प्रयास गर्दै छ ।

*बाँकी पृष्ठ ८ मा*

# फिडेल क्यास्ट्रो र क्युवाली क्रान्ति

सन् १९२६ अगस्ट १३ का दिन क्युवाली जनताका नेता राष्ट्रपति फिडेल क्यास्ट्रोको जन्म क्युवाको पूर्वी क्षेत्रमा अवस्थित मिअरीमा भएको थियो। सान्टियागो (Santiago) बाट मिअरी ५० माइल उत्तरमा पर्छ। मिअरी चिनी र रक्सी उत्पादन हुने प्रमुख क्षेत्र हो। यसैगरी, त्यो क्षेत्र क्युवाली अर्थव्यवस्थाको मेरुदण्डको रूपमा थियो। त्यो क्षेत्र क्युवाली प्रजातन्त्रवादी र क्रान्तिकारीहरूको आधार इलाका पनि थियो।

२० औँ शताब्दीको प्रारम्भमा फिडेल क्यास्ट्रोका बुबा एन्डोल क्यास्ट्रो स्पेनको गालिसिया (Galisia) बाट क्युवामा बसाइँ सरेका थिए। रित्तो हात क्युवा पुगेर मिअरीमा उनले कठोर परिश्रम गरी उखु खेतीबाट आफ्नो परिवारको गाँसबासको व्यवस्था गरे।

सन् १९३४ मा आठ वर्षका फिडेल क्यास्ट्रोले सान्टियागोको एउटा क्याथोलिक बोर्डिङ स्कूलमा आफ्नो प्रारम्भिक शिक्षा सुरु गरे। उक्त विद्यालय क्रिश्चियन धर्मावलम्बीहरूले चलाएका थिए। फिडेल क्यास्ट्रो बाल्यकालदेखि नै अति मेहनती, सुरो, अध्ययनशील, संवेदनशील र प्रतिभाशाली थिए। क्युवाली देशभक्त क्रान्तिकारीहरूको स्वतन्त्रता आन्दोलन, विद्रोह र सशस्त्र सङ्घर्षहरूबाट फिडेल क्यास्ट्रोको संवेदनशील मन-मस्तिष्क छिट्टै प्रभावित भयो। २० वर्षको उमेरसम्म सान्टियागोमा युवा क्यास्ट्रोले क्याथोलिक विद्यालय र कलेजमा अध्ययन गरे। विद्यालय र कलेज जीवनमा उनले क्युवालगायत सम्पूर्ण दक्षिण अमेरिकाको भूगोल, इतिहास, विविध पक्षको गहिरो र व्यापक ज्ञान हासिल गरे। यसैबिच उनी गुप्तरूपले क्रान्तिकारी गतिविधिमा सक्रिय भए। उनी महान् क्रान्तिकारी कवि एवम् देशभक्त नेता होसे मार्टिबाट निकै आकर्षित र प्रभावित भए। उनको प्रेरणाको स्रोत होसे मार्टि थिए। स्नातक गर्न उनी हवानास्थित बेलेन कलेज (Belen College) मा भर्ना भए। त्यहाँ उनी आफ्नो विद्यार्थी सङ्गठनका सहयोद्धाहरूको साथमा साङ्गठनिक गतिविधिका साथसाथै गुप्तरूपले ल्याइएका मार्क्स-एङ्गेल्स, लेनिन र स्तालिनका रचना र अन्य प्रगतिशील साहित्यहरूको रातारात अध्ययन गरी त्यस विषयमा गम्भीर छलफलमा लागे। अर्कोतिर उनी कलेजको पढाइमा पनि ध्यान दिन्थे। कलेजका प्राध्यापकहरू रातदिन अध्ययन गर्ने उनको क्षमता र छिटो बुने असाधारण प्रतिभा र तीखो संस्मरण शक्ति, कहिल्यै नडग्ने साहस र विशेष गरी इतिहासमा उनको गहिरो र व्यापक ज्ञानबाट निकै प्रभावित थिए। तर, कति प्राध्यापक त उनको क्रान्तिकारी सङ्गठनात्मक गतिविधि र मार्क्सवाद-लेनिनवाद तथा प्रगतिशील साहित्यको असाधारण अध्ययनको विषयमा अनभिज्ञ थिए। सन् १९४७ मा २१ वर्षको उमेरमा उनी बेलेन कलेजबाट स्नातक भए। त्यसबेला कलेजका प्रिन्सिपल फादर अमान्दो लोभेन्टे (Father Amando Lovente) ले उनलाई भने, "तिमी वीरहरूको माझबाट उदय भएका वीर हौ। तिम्रो एउटा सालिक कुँदिनेछ र तिम्रो देशको इतिहासले तिम्रो नाम लिनेछ।" त्यसपछि उनी हवाना विश्वविद्यालयमा भर्ना भए। त्यहाँ संयुक्त राज्य अमेरिकाको कठपुतली सरकारको चर्को दमन थियो। प्रतिक्रियावादी प्रहरीहरू जो कसैलाई कुनै पनि बेला मार्न सक्थे। फिडेल क्यास्ट्रो र उनका साथीहरूले आफ्नो रक्षाको निम्ति आफ्ना सशस्त्र लडाकु कार्यकर्ताहरूको पहरामा हवाना विश्वविद्यालयमा गुप्त अध्ययन र गतिविधिहरूलाई निरन्तरता दिँदै गए। तिनीहरूको प्रभाव क्युवाको सीमाभन्दा बाहिर क्यारेबियाली क्षेत्र हुँदै दक्षिण अमेरिकातर्फ फैलिरहेको थियो। त्यसबेला हवाना विश्वविद्यालयमा क्रान्तिकारी विद्यार्थीहरूको पहिलो प्राथमिकता भन्नु आत्मसुरक्षा थियो। हवाना विश्वविद्यालयलाई क्रान्तिको केन्द्रबिन्दुको रूपमा उपयोग गरियो। संरा अमेरिकाको उपनिवेशबाट मुक्त हुनु क्युवालगायत सम्पूर्ण क्यारेबियाली क्षेत्र र दक्षिण अमेरिकी देशहरू सबैको साझा लक्ष्य थियो। डोमिनिकन गणतन्त्रको तानाशाही क्यारेबियाली क्षेत्रको सबैभन्दा क्रूर तानाशाह थियो। फिडेल क्यास्ट्रो र साथीहरूले सैनिक गतिविधि डोमिनिकन भूमिमा गर्ने निर्णय गरे। उक्त निर्णयअनुसार सशस्त्र दल डोमिनिकन गणतन्त्रतर्फ लाग्न एउटा जहाजको आवश्यकता थियो। त्यसको लागि अनेकन दुःख गरेर जोगाई राखेको पैसाबाट एउटा जहाज खरिद गरियो। फिडेल क्यास्ट्रोको नेतृत्वमा सशस्त्र दल क्युवाको पूर्वी समुद्री तटबाट त्यस जहाजमा बसी डोमिनिकन गणराज्यतर्फ जाने तयारी गरियो। क्युवाली सरकारका जासुसहरूले यसको खबर सम्बन्धित ठाउँमा पुर्‍याइदिए। क्यास्ट्रो र क्यारेबियाली क्षेत्रका सशस्त्र क्रान्तिकारीहरू रहेको जहाज सागरलाई चिर्दै अघि बढिरहेको थियो। एकाएक प्रतिक्रियावादी क्युवाली लडाकु जहाजहरूले फिडेल क्यास्ट्रोको जहाजमाथि गोलाबारी सुरु गरेपछि उक्त जहाज डुब्यो। फिडेल क्यास्ट्रो तीन माइलसम्म पौडी खेल्दै किनारामा पुग्न सफल भए। त्यहाँबाट उनी हवाना फर्की हवाना विश्वविद्यालयमा कानुनमा स्नातक गर्न भर्ना भए। केही वर्षपछि उनले कानुनमा स्नातक भई अधिवक्ता बने। उनले क्युवाको जेलमा परेका राजनैतिक कैदीहरूको पक्षमा मुद्दा लड्न सुरु गरे। उनको सशक्त र धाराप्रवाह बहसको प्रशंसा क्युवाभित्र र बाहिर चारैतिर फैलियो।



सन् १९५२ मार्च १० को दिन अमेरिकी साम्राज्यवादीहरूको इसारामा फुल्जैनसिओ बातिस्ता (Fulgencio Batista) को नेतृत्वमा अर्को सैनिक विद्रोह भयो र क्युवाको सत्ता बातिस्ताको हातमा गयो। बातिस्तालाई सत्तामा ल्याउनुको प्रमुख लक्ष्य सैनिक विद्रोहभन्दा अघिको प्रजातान्त्रिक सरकारको अवशेषलाई जरैदेखि उखेल्नु थियो। क्युवाका नवउदीयमान युवा व्यक्तित्व फिडेल क्यास्ट्रोले बातिस्ताविरुद्ध उम्मेदवारी दिए। बातिस्ताले क्यास्ट्रोको उम्मेदवारीलाई जबरजस्ती खारेज गर्न लगाएर तानाशाही रूप देखाए। कानुनी सङ्घर्षको उपाय नभएपछि सशस्त्र सङ्घर्षलाई चर्काउन हातहतियार खरिद गर्न क्यास्ट्रो र क्यास्ट्रोका भाइ राउल क्यास्ट्रो (Raul Castro) ले आफ्नो सम्पत्ति बेचे। दुई दाजुभाइ मिलेर अनेक कष्ट गर्दै २० हजार डलर जम्मा गरी हातहतियार, सैनिक पोशाक र खरखजानाको बन्दोबस्त गरे। युवा क्रान्तिकारी सैन्य जवानहरूमा तातो रगत उम्लिरहेको थियो। तिनीहरू तानाशाही बातिस्ताविरुद्ध फौजी कारबाही गर्न हतारिएका थिए। १५० जवानको सशस्त्र दल तयार भयो। त्यस सशस्त्र दलको कमान्डर फिडेल क्यास्ट्रो भए। हुन त बातिस्ताको फौजको अगाडि क्यास्ट्रोको त्यो सानो फौज केही पनि थिएन। बातिस्ताको हजारौँ हजार सैन्य जवान त्यसबेलाको अत्याधुनिक शस्त्रअस्त्रबाट सुसज्जित थिए। अर्कोतिर बातिस्ताको सरकारलाई महाशक्ति संरा अमेरिकी सरकारको पूर्ण समर्थन थियो। क्रान्तिकारी सेनाहरूको साहस र जोश तुलना गर्न नसकिने गरी उँचो थियो।

तानाशाह बातिस्ताको दमन र अत्याचार पराकाष्ठामा पुग्दै थियो। हजारौँ हजार निरीह र




निर्दोष नागरिकहरूको निर्मम हत्या भइसकेको थियो। शक्तिशाली बातिस्ताको सैन्य शक्तिसामु क्युवामा चुनौती दिनसक्ने अरू कुनै शक्ति अस्तित्वमा थिएन। तसर्थ, फिडेल क्यास्ट्रोलाई प्रतिक्रियावादी सैन्य शक्तिलाई चुनौती दिनसक्ने क्रान्तिकारी सैनिक शक्ति विद्यमान रहेको यथार्थ देखाउनु थियो र व्यापक जनतामा क्रान्तिकारी जनसेनाको पक्षमा नयाँ जोश र उत्साह सञ्चार गर्नु थियो। १९५३ जुलाई २६ को राति फिडेल क्यास्ट्रोको नेतृत्वमा १६ वटा गाडीमा बसेर १५० जवानको सशस्त्र सैनिक दल सान्टियागोस्थित बातिस्ताको किल्लातर्फ बढ्यो र शत्रु फौजसँग बिच बाटोमै जम्काभेट भयो। फिडेल क्यास्ट्रोले आफ्नो बन्दुक पड्काए। त्यो नै क्युवाको नयाँ क्रान्तिको बन्दुकको पहिलो हाँक र पड्काइ थियो। दुर्भाग्यको कुरो, दोहोरो भिडन्तमा ६० भन्दा बढी क्रान्तिकारी सैन्य जवानहरूले वीरगति प्राप्त गरे भने फिडेल क्यास्ट्रो र राउल क्यास्ट्रोलगायत बाँकी सबै पक्राउ परे।

**क्यास्ट्रो विजयको बाटोतिर**

सन् १९५५ सम्ममा बातिस्ताले १९५२-५३ को तुलनामा आफ्नो सैन्य बललाई धेरै गुणा सुदृढ पायो र संरा अमेरिकाबाट यथेष्ट हातहतियार झिकाइयो। विरोधीहरूलाई दबाइसकेपछि उसले दक्षिण अमेरिकाका विभिन्न देशहरूका कुख्यात तानाशाहहरूसँग राम्रो सम्बन्ध कायम गर्‍यो। आफू र आफ्नो सरकारलाई चारैतिरबाट सुरक्षित महसुस भएपछि बातिस्ताले आफूलाई उदार देखाउन सन् १९५५ मा आममाफीको घोषणा गर्‍यो। फिडेल क्यास्ट्रो रिहा भए। त्यसपछि उनी बातिस्ताले बनाएको छेकवारलाई निकै कष्ट झेलेर मेक्सिकोतर्फ लागे। त्यसबेला मेक्सिको विभिन्न ल्याटिन अमेरिकी देशहरूका क्रान्तिकारीहरूको जमघट हुने उपयुक्त भूमि थियो। त्यहाँ फिडेल क्यास्ट्रोले दक्षिण अमेरिकी क्रान्तिकारीहरूसँग भेटघाट गरी अमेरिकी साम्राज्यवादविरोधी साझा सङ्घर्ष र रणनीतिको विषयमा गम्भीर छलफल गरे। ती क्रान्तिकारीहरूमा एकजना महान अन्तर्राष्ट्रिवादी क्रान्तिकारी युवा नेता चे ग्वेभारा थिए। राउल क्यास्ट्रोले चे ग्वेभारा र अन्य क्रान्तिकारीहरूलाई आफूहरूको सैन्य दलमा सामेल गराए।

सन् १९५६ मा फिडेल क्यास्ट्रो टेक्सासको मेकएलेन नजिकको रियो ग्रान्डे (Rio Grande near Mcallen, Texas) पुगे। त्यहाँ धेरै क्रान्तिकारी क्युवालीहरूसँग उनको भेट भयो। उनले तानाशाह बातिस्ताद्वारा अपदस्थ गरिएका पूर्वराष्ट्रपति कार्लोस प्रिओ सोकारस (Carlos Prio Socarras) सँग पनि आत्मीय भेट गरे। भेटमा भावविह्वल भई पूर्वराष्ट्रपतिले क्यास्ट्रोलाई भने, "अहिले मेरासामु वीरहरूको खम्बा उभिएको छ।" त्यहाँबाट क्यास्ट्रो मेक्सिको सहर (Mexico City) फर्के। मेक्सिको सहरमा उनको कर्णेल अल्बर्टो बायो (Colonel Alberto Bayo) सँग चिनापर्ची भयो। केही दिनपछि नै उनी र क्यास्ट्रोबिच निकै घनिष्ठता बढ्यो। फ्रान्कोको फासीवादविरुद्ध स्पेनियाली युद्धमा अल्बर्टो बायोले सेनाध्यक्ष भई स्पेनियाली सेनाको नेतृत्व गरेका थिए। त्यस युद्धमा उनी सुविख्यात सेनाध्यक्षका रूपमा परिचित भए। एक महान् सेनाध्यक्ष मेक्सिकोको राजनैतिक निर्वासनमा एक सिकर्मी भई जीवन गुजारा गर्दै थिए। क्यास्ट्रोले उनलाई अमेरिकी साम्राज्यवादविरोधी देशभक्त क्युवाली क्रान्तिकारी मुक्तिसेनालाई सैनिक तालिम प्रदान गर्न अनुरोध गरे।

स्पेनको फासीवादी तानाशाह फ्रान्कोविरुद्ध स्पेनको गृहयुद्धमा सेनाध्यक्ष भई सहयोग गरेका कर्णेल अल्बर्टो बायोले क्यास्ट्रोको आग्रहलाई सहर्ष स्वीकार गरे। त्यसपछि उनले आफ्नो काठको सामग्री बनाउने कारखाना बेचे र मेक्सिकोको भूमिमा क्युवाली क्रान्तिकारी सेनालाई तालिम दिन थाले। तालिमको सिलसिलामा 'हान र फर्क' जस्ता गुरिल्ला लडाइँका तौरतरिका सिकाउँदा आँधीबेहरीझैं हुरिँदै सशस्त्र हमला गरी कब्जा जमाउन चाहने क्युवाली विद्रोही सैन्य जवानहरू 'अधैर्य भई यस्तो लडाइँमा कायरतापूर्ण हमला गर्नुपर्ने र ढिलो हुने' भनी उनीसँग चर्काचर्की बहस गर्थे। उनी भावुक एवम् जोशिला युवकहरूलाई थोरै सेना र कम हतियारको फौजलाई अत्याधुनिक हातहतियारबाट सुसज्जित र तालिम प्राप्त ठुलो फौजसँग हाकाहाकी आमने-सामने लड्न सकिँदैन भनी सम्झाउने गर्थे। तालिम अत्यन्त कठोर र कष्टप्रद थियो। क्रान्तिकारी क्युवाली जवानहरूले एक दिनमा १५-१६ घण्टासम्म डाँडाकाँडा, भीरपाखा, जङ्गल, मैदानमा हिँड्ने तरिकाहरू सिके। त्यसैगरी, तिनीहरूले खरखजानामा के कसरी मितव्ययिता अपनाउने र थोरै खानाको भरमा कसरी जिउने आदि धेरै कुराहरू सिके। तिनीहरूले नजिकै आफ्नो वरपर सजिलै पाउन सकिने खेर गएका वस्तुहरूबाट गोला, बारुद, बमजस्ता विस्फोटक हतियार निर्माण गर्न सिके। यी रणकौशलबाहेक अन्तिम विजयको निम्ति जनताको माझ गई सुदृढ जनाधार खडा गर्ने जनताको असीम माया र सहयोग प्राप्त गर्नुपर्ने र उनीहरूकै सुरक्षामा बस्नुपर्ने मूलमन्त्र पनि सिके। स्वदेश फर्केपछि सैनिक जवानहरूमा सामाजिक नैतिक मूल्य-मान्यतामा अडिग भएर बस्ने र कठोर अनुशासनमा रहनुपर्ने कुरामा अल्बर्टो बायोले निकै जोड दिए। क्यास्ट्रो र अर्जेन्टिनी क्रान्तिकारी तथा डाक्टर अर्नेस्टो चे ग्वेभाराबिच रातदिन छलफल र वादविवाद हुन्थ्यो। अन्तमा उनीहरू साझा निचोडमा पुग्थे।

केही महिनाको अत्यन्त कष्टप्रद सैनिक तालिम सकिएपछि फिडेल क्यास्ट्रो र साथीहरू क्युवा प्रस्थानको तयारीमा जुटे। सन् १९५६ नोभेम्बर २६ को दिन 'ग्रान्मा' नाम जहाजमा बसी ८० जवान सशस्त्र देशभक्त योद्धाहरूको नेतृत्व गर्दै क्यास्ट्रो मेक्सिकोबाट क्युवातर्फ प्रस्थान गरे। सात दिनपछि डिसेम्बर २ को दिन सशस्त्र क्रान्तिकारी दल क्युवाको पूर्वी इलाकाको समुद्री तटमा पुग्यो। दुर्भाग्यको कुरा, बातिस्ताको पहिलो रेजिमेन्ट लुकेर फिडेल क्यास्ट्रो र साथीहरूलाई प्रहार गर्न पर्खिरहेको थियो। असी जवान क्रान्तिकारी योद्धाहरूले अत्याधुनिक शस्त्र-अस्त्र भिरेका सयौँका सयौँ प्रतिक्रान्तिकारी शत्रु सेनासँग भिड्नुपर्‍यो। ६८ जना योद्धाहरूले त्यहीँ नै शहादत प्राप्त गरे। १२ जवान बाँच्नेहरूमा फिडेल क्यास्ट्रो, राउल क्यास्ट्रो र चे ग्वेभारा पनि थिए। क्यास्ट्रोको नेतृत्वमा १२ जवानको सशस्त्र दल अनेक कष्ट झेल्दै २० दिनको लामो हिँडाइपछि सिएरा माइस्त्रा (Sierra Maestara) पुगे। सिएरा माइस्त्रा क्युवाको पूर्वी इलाकामा अवस्थित छ। घना जङ्गल, अग्लो भिरालो चट्टान भएको सिएरा माइस्त्रा निकै विकट, निर्जन र दुर्गम स्थान थियो। बातिस्ताको फौजले फिडेल क्यास्ट्रोलाई निकै खोजतलास त गरेको थियो। तर, क्रान्तिकारी सशस्त्र दल कुन बाटोबाट कता गएको थियो, त्यसको सुइँको शत्रु सेनाहरूले पाउन सकेनन्।

क्रान्तिकारी सशस्त्र दलले सिएरा माइस्त्रालाई आधार इलाकामा परिणत गर्‍यो र पछि आधार इलाका सम्पूर्ण पूर्वी क्षेत्रमा विस्तार भयो। चारैतिरबाट असङ्ख्य क्रान्तिकारी जोशिला युवाहरू आधार इलाकामा गई क्रान्तिकारी स्वेच्छाले भर्ती भए। सैनिक गतिविधि सँगसँगै साङ्गठनिक गतिविधिबाट जनाधार पनि सुदृढ हुँदै गयो। क्रान्तिको नयाँ लहर पूर्वी क्षेत्रबाट क्युवाभरि फैलियो र क्रान्तिले नयाँ र निर्णायक मोड लियो। क्युवाभरि अमेरिकी साम्राज्यवाद र उसको कठपुतली तानाशाह बातिस्ताको सरकारविरुद्ध विद्रोहको आगो दन्कियो। जननायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रोले पूर्वी इलाकाबाट सैनिक मुख्यालयलाई बायरको नगर (The Town of Baire) मा सारे। बायरको नगर बायामो (Bayamo) बाट ४२ माइल टाढा छ। फिडेल क्यास्ट्रोका क्युवाली जनसेना चारैतिर क्रान्तिकारी गीत घन्काउँदै पूर्वी इलाकाका उपत्यकाहरू हुँदै अघि बढे। जनसेनाले कैमानेरा (Caimanera) माथि कब्जा जमायो। कैमानेरा रणनीतिक दृष्टिले महत्त्वपूर्ण स्थान थियो किनभने अमेरिकी साम्राज्यवादीहरूको जलसेनाको अखडा ग्वान्टानामो खाडीमा (Guantanamo) थियो। कैमानेरा नजिकै ग्वान्टानामो छ। तुरुन्तै अमेरिकी साम्राज्यवादीहरूको इसारामा बातिस्ताले दुई वटा लडाक पानीजहाज त्यसतर्फ पठायो। कैमानेरामाथि भयङ्कर बमवर्षा भयो। जनसेनाले प्रत्याक्रमण गर्न थालेपछि रक्तपातपूर्ण भिडन्त भयो। लडाकु पानीजहाजको आक्रमण विफल भयो। जनसेनालाई समूल नष्ट गर्ने लक्ष्य लिई बातिस्ताको सेना भीषण हवाई आक्रमणमा लाग्यो। यो आक्रमण पनि व्यर्थ भयो। तानाशाह बातिस्ताको एउटा बलियो अखडा सान्टियागो (Santiago) मा थियो। थप २ हजार सशस्त्र जवानसहित फिडेल क्यास्ट्रोको नेतृत्वमा जनसेनाले सान्टियागोलाई घेरामा पारे। बास्तिस्ताको बलियो फौजले जनसेनाको घेरालाई तोड्न दुईपटक असफल प्रयास गर्‍यो। अन्तमा, प्रतिक्रियावादी फौज आफ्नै किल्लाभित्रै बस्न बाध्य भयो। जनसेना एकपछि अर्को भाग मुक्त गर्दै अघि बढ्दै थियो। यसै सिलसिलामा लास भिलास प्रोनिना (Las Villas Pronina) को ठुलो इलाकामा रहेको उखु खेतीको उर्वर फाँट र थुप्रै नगरहरू मुक्त भए।

**बातिस्ताको राज्य आतङ्क**

अमेरिकी साम्राज्यवादीहरूको इसारामा क्युवाली जनताको शोषण गरी अनेक रङ्गीन सपना देखिरहेका तानाशाह बातिस्ता र उसका वरपर बसेर चिप्लो घस्ने पदाधिकारीहरू जनसेनाको बढ्दो शक्तिबाट झस्के। एडवार्ड टेलर स्मिथ (Edward T. Smith) तानाशाह बातिस्ताको नजिकको अमेरिकी साथी थियो। ऊ फ्लोरिडा राज्यको गणतान्त्रिक राष्ट्रिय आर्थिक समितिको पूर्व सदस्य थियो। सन् १९५७ मा अमेरिकी राष्ट्रपति आइजनआवर (Eisenhower) ले उसलाई क्युवाका लागि अमेरिकी राजदूत पदमा नियुक्त गरी पठाएको थियो। एडवार्ड टेलर स्मिथले रिपब्लिकन पार्टीलाई ठुलो आर्थिक सहयोग गरेको थियो। पहिले ऊ कम्पनीको कागजपत्र बेचबिखन गर्ने एक व्यापारी (Stock Broker) थियो। बातिस्ताको अर्को घनिष्ठ साथी अमेरिकी एजेन्ट मायर लान्स्की (Mayer Lansky) थियो। ऊ एक कुख्यात, जुवाडे र डाँकु थियो। हवानालगायत अन्य प्रमुख नगरहरूमा उसले ठुल्ठुलो होटलहरूमा जुवा (क्यासिनो) खोलेको थियो। ती क्यासिनोहरूमा उठ्ने कुल रकमको आधा रकम बातिस्तालाई जान्थ्यो। अमेरिकी साम्राज्यवादीहरू र क्युवाली प्रतिक्रियावादीहरू ती होटलहरूमा मोजमस्ती र विलासी जीवन बिताउँथे।

क्युवाली क्रान्तिकारी जनसेनाले ती होटल र क्यासिनोहरूलाई आक्रमणको तारो बनाए। प्रमुख सहरहरूमा रहेका गगनचुम्बी होटलहरू र जुवाका खालहरूमा राति अचानक क्रान्तिकारीको बम पड्किन थाल्यो। क्युवाको राजधानी हवानाको भव्य होटल र जुवाका खालहरूमा विध्वंश गर्दै एकै रातमा सयौँ बम विस्फोट हुन थाले। तानाशाह बातिस्ताले राजधानी हवाना सहर जनसेनाबाट घेरिएको यथार्थलाई बुझ्यो। तर, क्रान्तिकारी सेना एकजना पनि देखिएको थिएन। ऊ के गर्ने र के नगर्ने असमञ्जसमा पर्‍यो र ऊ बहुलायो। जननायक फिडेल क्यास्ट्रोको प्रतिष्ठालाई कलङ्कित पार्न प्रचारबाजीमा लाग्यो। उसले प्रहरी जासुसी र सैनिक जासुसीका पदाधिकारीहरूलाई गाली गर्‍यो। कैयौँ सैन्य पदाधिकारी र प्रहरी पदाधिकारीहरूलाई बर्खास्त गर्‍यो। उसले जनसेनाका आधारहरू ध्वस्त पार्न सैनिक कारबाही गर्‍यो। तर, त्यस सैनिक कारबाहीको कुनै सीप लागेन। त्यसपछि तानाशाह बातिस्ताले राज्य आतङ्क सुरु गर्‍यो।


बाँकी पृष्ठ ९ मा

# केही चिनियाँ क्रान्तिकारी योद्धाहरूबारे

✍ **समा**

क्रान्ति कुनै रात्रीभोज होइन। क्रान्ति एउटा निबन्ध लेख्नु, चित्र कोर्नु र सजावटको काम गर्नु जतिको सजिलो हुँदैन। क्रान्ति आरामसँग फुर्सदमा सुसाउँदै गर्ने काम पनि होइन। क्रान्ति विद्रोह हो। क्रान्ति नदीको विपरीत धारमा हिँड्नु हो। क्रान्ति कामदार वर्गको निम्ति शासकवर्गलाई फाल्नु हो। क्रान्ति व्यवस्था उल्ट्याउनु हो। त्यसकारण, क्रान्तिमा होमिनको निम्ति सङ्घर्ष, त्याग, समर्पण, बलिदानको भावना जरुरी छ। तत्कालीन योद्धाहरूले अध्यक्ष माओबाट यही शिक्षा पाए। अध्यक्ष माओको विचारबाटै समाजवादी चीनको बलियो जग बसाल्ने क्रान्तिकारी योद्धाहरू तयार भए।

चीनको समाजवादी क्रान्तिका एक योद्धा **वाङ चितुङ** (Wang Chihtung) हुन्। उनी कम्युनिस्ट विचार बोक्ने रेलवे कामदार थिए। समय सन् १९४९ तिरको हो। उत्तरपूर्वी क्षेत्रका सम्पूर्ण कोमिन्ताङ प्रतिक्रियावादीहरूलाई परास्त पार्दै अध्यक्ष माओको नेतृत्वमा जनमुक्ति आन्दोलनको विजय ध्वजा केन्द्रीय चीन हुँदै दक्षिणतिर अघि बढ्दै थियो। उत्तर पूर्वका हजारौँ लडाकु सेना र जनता अत्यन्त हर्ष उल्लास र जोशका साथ दक्षिणतिर लाग्दै थिए। उत्तरका




सम्पूर्ण लडाकुसँगै सामग्रीहरू रेलमा भर्दै लगिँदै थिए। रेलबाट सामानहरू ओसार्ने काम छिटो र प्रभावकारी बनाउन रेलका इन्जिनियरदेखि सम्पूर्ण रेल कामदारहरू दत्तचित्त भई लागेका थिए। तीमध्ये वाङ चितुङ पनि एक हुन्। उनी भर्खरका युवा थिए। उनको जोश उनले बोक्ने हतौडाको झट्कामा महसुस हुन्थ्यो।

उनी किरिन प्रदेशको टोङ्यू काउन्टीको अत्यन्त गरिब किसान परिवारमा सन् १९३० मा जन्मिएका हुन्। क्रान्तिको समयमा उनी भर्खर १९ वर्षका थिए। उनको बाल्यकाल अभाव, गरिबी र दुःखकष्टमा बित्यो। उनको सानो भाइ त भोकले मरेका थिए। वाङ ६ वर्षकै उमेरमा जङ्गली जडीबुटी टिप्ने र काठ दाउरा चिर्ने कामदेखि मागेर आफ्नो पेट पाल्थे। पछि उनले एउटा फलामको कारखानामा बालमजदुर भएर काम गरे। देशको मुक्तिअघिको १६ वर्षको कठिनाइ भनेर साध्यै छैन। उनलाई उनको दुःखबाट अध्यक्ष माओको विचार र चिनियाँ कम्युनिस्ट पार्टीको क्रान्तिले मुक्त गऱ्यो।

क्रान्तिको निर्माणको समयमा चीनको सच्चा कामदार जनता मजदुर र किसान नै क्रान्तिकारी शक्तिको आधार बन्यो र क्रान्तिको नेतृत्व त्यही शक्तिमा निर्भर थियो। कामदार जनताको आकाङ्क्षा नै देश र क्रान्तिको मूल ऊर्जा बन्यो।

वाङको हतौडा एउटा आक्रोश र विद्रोहको प्रतीक बन्यो। उनी आफ्नो हतौडाबाट मान्छे खाने समाज व्यवस्था भत्काउन चाहन्थे। उनी आफ्नो हतौडाको झट्काबाट पुरानो शोषणको व्यवस्था भत्काएर शोषणविहीन समाज निर्माणमा योगदान गर्न चाहन्थे। तर, उनले अध्यक्ष माओबाट थाहा पाए कि भौतिक र शारीरिक आक्रमणभन्दा पनि हतौडारूपी विचारको आवश्यकता छ। उनले त्यसपछि शत्रु मित्र छुट्याउन जाने, प्रतिक्रियावादी, संशोधनवादी लाइन पनि वर्गसङ्घर्षविरुद्ध छ भन्ने बुझे। पार्टीको विचार सिद्धान्तले खारिएको मान्छे मात्र कुनै पनि परीक्षामा उत्तीर्ण हुन्छ भन्ने माओको शिक्षा उनले प्रचार गरे। सन् १९६१ को समयमा चीनविरोधी साम्राज्यवादी र संशोधनवादी हमलासँगै चीनको औद्योगिक विकासमाथि हमला हुँदा वाङले अध्यक्ष माओको लाइनको पक्षमा लडे। देशको आत्मनिर्भरता र साम्राज्यवादी हमलाहरूको प्रतिकार र समाजवादी क्रान्तिको रक्षा नै अध्यक्ष माओको लाइन थियो। उनलाई अध्यक्ष माओको "पहाड पन्छाउने मूर्ख बुढो मान्छे" भन्ने लेखले निकै प्रभाव पारेको थियो। जतिसुकै कठिन भए पनि आफ्नो देशको निर्माण आफैले गर्नुपर्छ भन्नेमा उनी स्पष्ट थिए।

सांस्कृतिक क्रान्तिको समयमा अध्यक्ष माओको निर्देशनमा इमानदारीपूर्वक काम गर्ने कार्यकर्ताहरूमध्ये उनी एक थिए। उनले पार्टीभित्रका पुँजीवादी विचारका मानिसहरूसँग निडर भएर लडे। आफ्नो व्यक्तिगत स्वार्थ नभएको मानिस निडर हुँदो रहेछ। उनी पार्टीको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने पार्टीका असल कार्यकर्ता थिए। उनी भन्थे, "म कम्युनिस्ट हुँ, मलाई दिइएको सम्पूर्ण क्रान्तिकारी जिम्मेवारी म पूरा गर्छु।" महान् सांस्कृतिक क्रान्तिलाई बदनाम गर्न चाहनेहरूले देशको सम्पूर्ण रेलवे यातायात ध्वस्त पार्न खोजे "क्रान्तिको रक्षा गर्दै उत्पादन बढाउने" भन्ने माओको शिक्षालाई नै आफ्नो जीवन बनाएका एक रेलवे मजदुर ती क्रान्तिविराधी तत्त्वसँग भिडे।

माओ भन्नुहुन्थ्यो, "कामदार वर्गमात्र सबैभन्दा बढी निःस्वार्थ, दूरदर्शी र क्रान्तिकारी हुन्छन्।" उनी माओले भन्नुभएको त्यही कामदार मानिस थिए। सन् १९६७ मा सांस्कृतिक क्रान्ति संवेदनशील मोडमा पुग्दा अर्थात् दुई लाइन र दुई वर्गबिचको सङ्घर्ष डरलाग्दो चरणमा पुग्दा उनी वर्गशत्रुविरुद्ध अविचलित सङ्घर्ष गरिरहे र उनीसँग उनका अर्ध पक्षघात भएका बुबाको हेरविचारको जिम्मेवारी पनि थियो। उनकी श्रीमती गर्भवती थिइन्। ठूलो छोरो लालगार्ड लडाकु थिए। श्रीमतीले घरको अवस्था देखाई कम्तीमा ठूलो छोरालाई घर फर्काउन भन्दा उनले जवाफ दिए- "हामी अध्यक्ष माओप्रति ऋणी छौँ। आज कामदार जनताको सुख र खुसी सबै उहाँकै कारण प्राप्त भएको हो। हाम्रो छोरो नयाँ समाजमा जन्मिएको भर्खरको युवा छ। उसलाई हामीले भोगेको दुःखको इतिहास थाहा छैन। त्यसैले उसलाई आजको सङ्घर्षको मैदानबाट फर्काउनु हुँदैन। अध्यक्ष माओको पक्षमा बलियो भई लड्न मलाई कुनै पनि कठिन परिस्थितिले छेक्ने छैन।" उनी वास्तवमै हृदयदेखि देश र जनताको निम्ति समर्पित थिए।

एक जना कम्युनिस्ट कार्यकर्ता या योद्धाले आफ्नो व्यक्तिगत इच्छा आकाङ्क्षा, परिवारभन्दा माथि देश, जनता र पार्टीलाई राख्नुपर्छ भन्ने शिक्षा उनको जीवनबाट मिल्छ। देशभित्र र बाहिर साम्राज्यवादीहरूको हमला बढिरहेको अवस्था थियो। दिनरात आफ्नो काममा खटिनुपर्ने अवस्था थियो। उनी सबैले नरुचाएको र कठिन काम रोज्थे अनि भन्थे- "सबैभन्दा खराब काम रोज्छु ता कि मेरा कमरेडहरूको भागमा नपरोस्।" मानवीय भावना पनि उनीबाट सिक्न सकिन्छ। संरा अमेरिकाको आक्रामकता, दक्षिण कोरियामा संरा अमेरिकाको आर्थिक सहयोगले चीनभित्र साम्राज्यवादविरोधी लडाइँ अझ बलियो बनाइँदै थियो। तर उनी शारीरिक रूपमा अशक्त बन्दै गए। पित्तथैलीको समस्याले गाह्रो भए पनि उनले आफ्नो काम छोडेनन्। उनको रोग उपचार नै गर्न नसकिने अवस्थामा पुग्यो तर उनले घर बस्न मानेनन्। उनले भने- "घर बसी बसी म मृत्यु कुर्न सक्दिनँ।" उनको जीवन दर्शन नै सक्रियता, सेवा र काम थियो। उनले आफ्नो छोटो जीवनको अन्तिम क्षणसम्म लडाकु भावनासहित लडे र देश र जनताप्रति समर्पित बने। अध्यक्ष माओले उनीहरूलाई सङ्घर्षको मैदानमै पढ्न प्रेरित गरेको र पढाएको स्मरण गरिएको छ। उनी जस्तै परिस्थितिमा पनि राती अध्यक्ष माओका रचना अध्ययन गर्ने गर्थे। उनी जनताले अत्यन्त आदरपूर्वक शिरमा राख्ने जनसेवक थिए।

क्रान्तिकारी योद्धा **शू तु लाओ** (Hsu Tu Lao) को जीवनकथा उत्तिकै प्रेरणादायी छ। उनी चिनियाँ कम्युनिस्ट पार्टीको सदस्य एवम् उत्पादन टोलीको नेतृत्व गर्थे। उनले आफ्नो अन्तिम स्वाससम्म अर्थात जीवनको २० वर्ष महान नेता अध्यक्ष माओको मार्गमा हिँडे। उनले कामदार जनताको पक्षमा पार्टीको दुईलाइनको सङ्घर्ष, दुई वर्ग र दुई बाटोको सङ्घर्षलाई समाजवादी समाज निर्माणको सङ्घर्षको रूपमा आत्मसात् गरे। उनले आफ्नो जीवनको अन्तिम क्षणमा भित्तामा अध्यक्ष माओको तस्वीर राखी भने- "मैले जनताको निम्ति निकै थोरै मात्र काम गरेको छु।"

उनी सन् १९२० मा एक गरिब किसानको परिवारमा जन्मिए। उनी चार वर्षको उमेरमा आमा बित्नुभयो। त्यसपछिको १२ वर्ष उनले मागेर पेट पाले। १६ वर्ष पुग्नेबित्तिकै जमिन्दारकोमा मजदुरी गर्न थाले। जमिन्दार उनलाई पशुलाई भन्दा तल्लो स्तरको व्यवहार गर्थ्यो। उनले काम गर्ने ग्रीन पोलार गाउँ सन् १९४८ मै मुक्त भयो। उनलाई उनको कष्टसाध्य जीवनबाट लालसेनाले मुक्त गरे। अध्यक्ष माओ नहुँदो हो त कामदार जनताको मुक्ति सम्भव नै हुँदैन भन्ने उनको ठम्याइ हो। उनी भन्थे- "म अध्यक्ष माओको गुण र दयालु व्यवहारको बदलामा केही दिन नभई सारा जीवन क्रान्तिको निम्ति समर्पित गर्नेछु।" क्रान्तिको सफलतापछि भूमिसुधार र कृषिमा उत्पादकत्व वृद्धिको अभियान नै चलाइयो। जमिन्दारसँग नलडी जमिन जोत्नेले पाउने अवस्था थिएन। कृषिमा सामुहिकीकरणको त्यो अभियानको उनी बलियो खम्बा थिए। अध्यक्ष माओको "सङ्गठित बन" भन्ने निर्देशन अक्षरशः पालना गरे। उनले ग्रिन पोलार गाउँलाई सहरीकरण गर्ने काममा अगुवाइ गरे। सहरको पहिलो प्रारम्भिक कृषि उत्पादकहरूको सहकारीको नेतृत्व गरे।

शत्रुहरू, प्रतिक्रियावादीहरू पनि आफ्नो गुमेको सुखसुविधा फर्काउन हरसम्भव प्रयत्न गर्दै थिए। पुँजीवाद फर्काउने तिनीहरूको हरेक प्रयास शू तु लाओजस्ता योद्धाहरूका कारण विफल भए। तिनले समुदायमा आफ्नो मान्छे घुसाउँदै सहकारीको काम भाँड्ने प्रयत्न छोडेनन्। जनतालाई उत्पादन वितरण गर्ने समयमा सबैभन्दा पहिला तिनीहरू थाप्न आइपुग्थे। जस्तोसुकै दबाबमा पनि शू तु लाओले आफू कम्युनिस्ट अनुशासन कायम गर्न लागिपरे। उनलाई थाहा थियो- "हरेक क्रान्तिको उद्देश्य आफ्नो वर्गको राजनीतिक शक्ति हासिल गर्नु हो।" आफूले नेतृत्व गरेको समुदायमा जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्ने जिम्मेवारी सम्हाले।

एक समय कृषि क्षेत्रमा ठूलो समस्या निम्तियो। माटोको गुणमा समस्या देखिनाले उत्पादन स्वात्तै घट्यो। उच्च उत्पादकत्व दिने माटोमा बदल्न उनले दिनरात मेहनत गरे। "कृषिमा ताचाइबाट सिक" भन्ने मार्गदर्शन उनको निम्ति समाधानको बाटो बन्यो। अल्काइ माटो मात्र कृषि क्षेत्रको समस्या थिएन। अनियन्त्रित बाढी, बिउबिजनको अभाव, सिँचाइको अभावलगायतका समस्या थिए। ताचाइमा किसानहरूले मरुभूमिजस्तो नाङ्गो डाँडो पनि हराभरा बनाएका थिए। त्यसरी नै उनले जमिनलाई उब्जाउ भूमिमा रूपान्तरण गर्ने सङ्कल्प लिए। उनले भनेका थिए- "किसानको यो समस्या समाधान नगरी त म मर्न पनि सक्दिन।" माटोलाई जति जोत्यो उति मलिलो हुन्छ भन्ने व्यवहारबाट सिक्दै अघि बढे। उनलाई आफ्नो व्यक्तिगत जीवनको कुनै परवाह थिएन। एउटै कोटले उनले १३ वटा जाडोयाम काटे। एउटा क्याप उनले ८ वर्ष लगाए। उनी भन्थे- "लवाइ खवाइले मान्छेलाई असल र सम्पन्न बनाउने होइन।"

अध्यक्ष माओको विचार सिङ्गो विश्वमा फैलाऔँ भन्ने उनको नारा थियो। एक जना कार्यकर्ताले हरेक क्षेत्रमा नेतृत्व गर्न सिक्नुपर्छ भन्ने उनको धारणा थियो। जनताको सेवा गर भन्ने माओको निर्देशन उनको जीवन दर्शन थियो।

अत्यन्त धपेडीका कारण उनी बिरामी परे। तर, पनि आराम लिएनन्। उनी भन्थे- "जहाँ सङ्घर्ष हुन्छ, त्यहाँ त्याग हुनुपर्छ। देश र जनताको सेवा गर्दागर्दै मुत्युवरण गर्नु अर्थपूर्ण मात्र होइन गऱ्हुङ्गो मृत्यु हुन्छ।" दुखाइ र कमजोरीले उनी अशक्त बन्दै थिए। यद्यपि उनी भन्थे- "क्रान्तिकारीहरू कहाँ आराम गरेका छन् ? कम्युनिस्टहरू कठिनाइ र मृत्युदेखि डराउँदैनन्।" उनी बिरामी परेको वर्ष गाउँमा राम्रो फसल लाग्यो। उनले चैनको स्वास फेरे।

चीनको समाजवादी क्रान्तिका अर्का योद्धा **आइत्सु सिन** (Ai Tsu Hsin) हुन्। उनले क्रान्तिको समयमा शैक्षिक मोर्चामा जुझारु सिपाही बनेर काम गरे। उनी हुनान प्रदेशको शिपान्तान (Shipantan) मिडिल स्कुलका युवा शिक्षक थिए। अध्यक्ष माओको वैचारिक आधारशिलामा क्रान्तिकारी शिक्षकहरूको नेतृत्वमा उक्त विद्यालय स्थापना गरिएको थियो। अध्यक्ष माओको "मे ७ को निर्देशिका" बमोजिम विद्यालय अगाडि बढ्यो। उनी गम्भीर रोगको बेवास्ता गरी दिनरात खटिँदाखटिँदै बिते। आफ्नो छोटो जीवनलाई शैक्षिक क्रान्तिमा व्यतीत गरे। एक क्रान्तिकारी शिक्षक कस्तो हुन्छ ? अध्यक्ष माओका विद्यार्थी कस्ता थिए ? भन्ने जान्न आइ त्सु सिनको मुहारमा हेरे पुग्छ।

अध्यक्ष माओको "मे ७ को निर्देशिका" ले भन्छ- "क्रान्तिका लागि विद्यालयहरू स्थापना गर"। शिक्षा क्रान्तिकारी हुनुपर्छ भन्ने मान्यता अघि बढाइयो। क्रान्ति पछिको चीनमा कृषि र शिक्षा मुख्य प्राथमिकतामा थियो। शिक्षामा क्रान्तिका लागि सांस्कृतिक क्रान्तिले पनि सघायो।

सन् १९६४ बाट चीनमा समाजवादी शिक्षा अभियान गाउँगाउँसम्म पुऱ्याइयो। त्यो अभियान नै शिक्षालाई क्रान्तिकारी बनाउन र शिक्षाबाटै क्रान्तिको रक्षा गर्ने आधार बन्यो। अध्यक्ष माओको लाइन भनेको कामदार जनताका छोराछोरीलाई शिक्षा दिनु हो। कामदारवर्गलाई उठाउने एउटा हतियार शिक्षा हो भन्नेमा उनी विश्वस्त थिए। उनलाई पढ्न उत्प्रेरित गर्ने र पढाउने वातावरण दिने अध्यक्ष माओ नै हुनुहुन्थ्यो। उनले प्राथमिक तहबाट शिक्षण सुरु गरे। अध्यक्ष माओको भनाइ विद्यालयको भित्तामा टाँगिएको थियो 'शिक्षाले सर्वहारा वर्गीय राजनीतिको सेवा गरेको हुनुपर्दछ।' त्यसैलाई मार्ग दर्शन बनाई पूर्णतः समाजवादी चिन्तन र संस्कारसाथ उनी अघि बढे।

शिक्षामा प्रतिक्रान्तिकारी प्रतिक्रियावादी र संशोधनवादी लाइनले गरिब जनताका छोराछोरीको मस्तिष्कमा गम्भीर विषको काम गरिरहेकै थियो। तिनीहरूसँग पनि लड्दै उनी सर्वहारावर्गका छोराछोरीलाई देशको भविष्यको रूपमा हुर्काउने कर्ममा दत्तचित्त रहे।

त्यो विद्यालयले विद्यार्थीलाई शैक्षिक क्रियाकलाप, गृहकार्यमात्र गराउँदैन बरु विद्यार्थीलाई उत्पादनमूलक कार्य पनि सिकाउने गर्थ्यो। विद्यार्थीले सिक्नुपर्ने सबै कुरा पाठ्यपुस्तकभित्र छैन। उत्पादनश्रम र समुदायसँग विद्यार्थीको अन्तरक्रिया जरुरी छ भन्ने मान्यता विद्यालयको थियो।

एउटा विद्यालयभित्रै नयाँ समाजवादी समाज निर्माणको चिन्तन र तयारी हुन सक्दछ भन्नेमा उनी विश्वास गर्थे। उनी सानैमा जमिन्दारको घरमा घरेलु कामदार बनेर काम गरे। आफूभन्दा जेठा दुई दाइहरू र एक दिदी उपचार गराउन नसक्दा बिते। उनी पनि भोकका कारण मर्ने स्थितिमा थिए। अध्यक्ष माओले सर्वहाराको निम्ति मुक्तिसँगै जीवन पनि दिनुभएको मान्छन् उनी। उनका बुबा गाउँका पार्टी कार्यकर्ता थिए। अध्यक्ष माओले नै आइत्सुलाई एक शिक्षकको रूपमा तालिम गरेको सन्दर्भ पुस्तकमा छ। आइत्सुले आफ्नो डायरीमा लेखेका छन् -'क्रान्तिका लागि नयाँ पुस्ता तयार गर्ने या तालिम गर्ने आधार विद्यालय हो। बुर्जुवा सोचाइ र शासनको अवशेषलाई जरैदेखि उखेल्ने हो भने विद्यालयबाटै सुरु गर्नुपर्छ। म विद्यालयबाटै क्रान्तिको रक्षाको तयारीमा जुट्छु।'

उनी विद्यार्थीलाई दिइने अनावश्यक भारको विपक्षमा उभिए। पाठ्यपुस्तकमा भएका अनावश्यक पाठ हटाई विद्यार्थीको पठनपाठन सजिलो र रचनात्मक बनाउनेतर्फ उनी सधैँ क्रियाशील रहे। बुर्जुवा शिक्षक अभिभावक भने पाठ्यपुस्तक नपढाई कसरी मान्छे शिक्षित हुन्छन् ? भन्थे। उनी जवाफमा भन्थे - 'यो सर्वहारा वर्गको विद्यालय हो। शिक्षा उत्पादन श्रमसँग जोडिएको हुनुपर्छ तबमात्र किसानी र मजदुरी गर्दै सिप सिक्छन्। यो विद्यालयले विद्यार्थीलाई समाजवादी चेतना र संस्कार दिन्छ। त्यसकारण, जीवनमा काम नलाग्ने र बुर्जुवाहरूले डिजाइन गरेको पाठ्यपुस्तक हटाई नयाँ समाजवादी शिक्षाको पाठ्यपुस्तक विकास गर्नुपर्छ।

विद्यालयको विकासका लागि समय-समयमा बैठक राख्ने, अभिभावक भेला गर्ने, विद्यार्थीलाई आफ्नै समाजमा डुलाउने, खेती किसानी गरिराखेका किसानहरूलाई नै कक्षाकोठामा ल्याई अनुभव साट्न लगाउनेजस्ता रचनात्मक गतिविधिमा उनले अगुवाइ गरे। कक्षाकोठाभित्र बस्ने विद्यार्थीको समय छोट्याएर बाहिरी गतिविधि बढाउन उनले लामो सङ्घर्ष गरे। चिनीयाँ क्रान्तिपछि चीनमा तीनवटा क्रान्तिकारी सङ्घर्षहरू थालिएका थिए - १. वर्गसङ्घर्ष २. उत्पादनका लागि सङ्घर्ष ३. वैज्ञानिक प्रयोग। यी तीनै वटा सङ्घर्षहरूसँग विद्यार्थीहरूलाई परिचित गराउने उद्देश्य थियो। गाउँघरमा विद्यालयहरू, गरिब किसानहरूले नै व्यवस्थापन गर्नुपर्थ्यो। शिपान्तान विद्यालय एउटा उदाहरण भयो। लामो समय त्यो विद्यालयको प्रधानाध्यापक भएर उनले काम गरे।

उनले त्यो विद्यालयलाई हुनान प्रदेशमै प्रसिद्ध बनाए। चिया उत्पादन र बोटबिरुवाको विषयगत कक्षा थपदेखि दक्ष डाक्टरहरूलाई विद्यार्थीको बरोबर स्वास्थ्य परीक्षण गराउने र परामर्श दिने कार्य अघि बढाए। विद्यालयले प्रत्येक शिक्षकलाई सामाजिक समस्याको अध्ययन गराए। जडीबुटीबाट औषधि बनाउने र चियाको प्रशोधन कार्य विद्यालयबाटै थालियो। विद्यालय विस्तारै अनुसन्धान र उत्पादनको एउटा सानो केन्द्र बन्न सफल भयो।

पुरानो समाजमा कामदार जनतासँग राजनीतिक शक्ति थिएन। त्यसकारण, तिनको संस्कृति पनि दबाइयो। जनताको संस्कति संरक्षण र पुनर्जागरण पनि विद्यालयबाटै हुन सक्छ भन्ने सन्देश उनकै विद्यालयले दियो। विद्यालयमा एक जना विद्यार्थी अनुपस्थित हुँदा उनी घरसम्मै पुगिहाल्थे, सन्चो विसन्चो बुझिहाल्थे। आवश्यक सहयोग गर्थे।

उनलाई पेटमा अल्सर भएको रहेछ, दश वर्षपछि मात्र थाहा पाए। त्यतिबेला पेटको तीन चौथाइ भाग काटेर फाल्नुपर्यो। बिरामीको समयमा पनि विद्यालय पछि किसानका छोराछोरीलाई सघाउन (जो विद्यालय आउन छोड्छन्) हिँड्थे। एकदिन पेटमा अत्यन्त दुखाइले उनी बाटैमा ढले। उनी उठ्न सकेनन्। यद्यपि माओको भनाइ सम्झे- "युद्धमैदानमा आफू एक्लो बाँकी रहेसम्म लड्ने जोश कायम राख्नुपर्छ।"

उनले अन्तिम क्षणसम्म भनिरहे -"जबसम्म बाँच्छु तबसम्म क्रान्तिको निम्ति लड्छु। पार्टी र पार्टीको शैक्षिक आन्दोलनमा आफूलाई बलिदान गर्नु नै मेरो जीवनको उद्देश्य हो, त्यही मेरो गौरव पनि हो।" उनले १० वर्षमा करिब ८ लाख शब्दको अध्ययन नोट र डायरी लेखे। माओको कृति उनी सधैँ पढिरहन्थे। उनले माओलाई जनगणतन्त्र चीनको २० औँ स्थापना दिवसमा पेइचिङमा देख्न पाएको कुरा उल्लेख गरेका छन्। विद्यालयको नेतृत्व पनि क्रान्तिकै सेवा हो, पार्टीकै सेवा हो भन्ने आई त्सु अन्तिम दमसम्म अध्यक्ष माओको इमानदार विद्यार्थी बने। देश र जनसेवाका लागि शैक्षिक क्षेत्रमा एउटा क्रान्तिकारी झण्डा उनले पनि गाडे।

क्रान्तिकालीन चीनमा अध्यक्ष माओका कार्यकर्ताहरूको त्याग, समर्पण, योगदानको जगमा नै आजको भव्य र समृद्ध चीन उभिएको हो भन्ने बुझ्न पुस्तकले निकै सघाउँछ। पुस्तकमा चिनियाँ क्रान्तिको इतिहासको नगाइएको कालखण्ड छ। असल कार्यकर्ताले नै अध्यक्ष माओलाई क्रान्तिनायक बनाएको बुझ्न पुस्तकले सघाउँछ। नयाँ पुस्ताले पुरानो समाजको दुःख र पुरानो पुस्ताको त्याग महसुस गर्न पुस्तक नपढी हुन्न। पुस्तक निकै पठनीयमात्र होइन सङ्ग्रहणीय समेत छ।

# कङ्गोमा प्रविधि कम्पनीहरूको रजगज र इबोला महामारी

● गेरी विल्सन

अप्रिल ३० गते बुनियाका स्वास्थ्यकर्मीहरूले बिरामीहरूमा इबोला भाइरसको जाँच गरे । बिरामीमा इबोला भाइरस पाइएन । तर, त्यो जाँचले इबोलाको झन् घातक र दुर्लभ प्रजाति 'बन्डिबुग्यो' लाई ठम्याउन सकेन । यसले गर्दा भाइरसले थप दुई हप्ता फैलिने मौका पायो । भाइरस खानीमा काम गर्ने समुदाय र विस्थापित जनता बसिरहेका शिविरहरूमा फैलियो ।

झट्ट सुन्दा यो एउटा प्राविधिक गल्तीजस्तो लाग्छ । तर, यो प्राविधिक गल्ती थिएन । यो पाँच शताब्दी लामो औपनिवेशिक हिंसा र साम्राज्यवादी लुटपाटको परिणाम थियो । भाइरसले पुँजीवादको पोल खोल्यो, पुँजीवादले केही मानिसलाई प्रयोगशाला, खोप र उपचारले जोगाउँछ भने अरूलाई मर्नका लागि बेवारिसे छोडिदिन्छ ।

**लुटपाटले जे बिगार्‍यो**

सन् १४८३ मा पोर्चुगलका जहाजहरू कङ्गो नदीमा पुगे । उनीहरूले त्यहाँ खाली जग्गा भेटेका थिएनन् । त्यहाँ जनता थिए, राजा थिए । त्यसलाई कङ्गो अधिराज्य भनिन्थ्यो । राज्यको आफ्नै कानुन, कूटनीति र सरकार थियो । त्यसको भूभाग मध्य अफ्रिकाभरि फैलिएको थियो । पोर्चुगल जहाज, बन्दुक र पुजारीहरू लिएर आयो । त्यसको पछिपछि दास व्यापारीहरू आए । त्यसपछि कब्जा र लुटपाटको लहरै चल्यो ।

त्यसपछिका ४ सय वर्षमा एटलान्टिक महासागर आरपार चल्ने दास व्यापारले कङ्गोली समाजमा विध्वंस मच्चायो र कङ्गो अधिराज्य टुक्राटुक्रा पार्‍यो । पोर्चुगलपछि त्यहाँ नेदरल्यान्ड, बेलायतलगायत देशले सङ्गठित हिंसा मच्चाए । जनतालाई अपहरण गरियो । परिवारहरू भताभुंग भए । गाउँघर खाली गरियो । खेतबारी बाँझो रहन थाले । अधिराज्यको राजनीतिक व्यवस्था कमजोर भयो । ऊ आफ्ना जनताको प्रतिरक्षा गर्न नसक्ने अवस्थामा पुग्यो ।

मध्य अफ्रिका दास पारिएका जनताको सबैभन्दा ठुलो स्रोत बन्यो । ती दासलाई मूलतः अमेरिका पैठारी गरिन्थ्यो । विद्वानहरूले त्यो युगको हिसाब निकालेका छन् । उनीहरूको गणनाअनुसार ५०/६० लाख दास कङ्गो-अङ्गोला क्षेत्रबाट मात्र लगिएको थियो ।

लुटपाटको स्वरूप बदलिँदै गयो । निसाना भने उही रह्यो - श्रम, जमिन र धन ।

सन् १८८५ पछि १९०८ सम्म कङ्गो बेल्जियमका राजा लियोपोल्ड-२ को निजी मौजा थियो । त्यहाँबाट उनी रबर दोहन गर्थे । उनको शासनमा कङ्गोका कामदारहरूले रबरको निश्चित कोटा आपूर्ति गर्नुपर्थ्यो । त्यो नगरे उनीहरूका हातखुट्टा काटिन्थ्यो । उनीहरू बसोबास गर्ने गाउँहरूमा आगजनी गरिन्थ्यो । कङ्गोबासीहरूलाई जबर्जस्ती काम गराइन्थ्यो, भोकभोकै राखिन्थ्यो । काम, भोक, रोग र हत्याले गर्दा त्यो अवधिमा ५० लाखदेखि १ करोड कङ्गोबासीहरूको मृत्यु भएको बताइन्छ । कतिपय इतिहासकारहरूले यसलाई इतिहासकै सबैभन्दा ठुलो औपनिवेशिक नरसंहार भनेका छन् । पछि कङ्गो राजाको निजी मौजाबाट उपनिवेश देश बन्यो । त्यो बेला पनि कङ्गोको तामा, हिरा, युरेनियम र रबरको दोहन जारी रह्यो । तर, त्यहाँका जनताको कल्याणमा सिन्को भाँचिएन । बेल्जियमको नीति उपनिवेशवादी थियो । त्यसले कङ्गोको शिक्षा व्यवस्थामा एकदम नगन्य लगानी गर्‍यो । खाली धार्मिक शिक्षामा मात्र पैसा खन्यायो । ती मिसनरी विद्यालयले कङ्गोली जनतालाई शारीरिक र खेतीहर मजदुर बन्न तालिम दिन्थे । 'किताबी शिक्षा' को नाममा अक्षर चिनाइन्थ्यो र साधारण हिसाबकिताब सिकाइन्थ्यो ।

सन् १९६० जून ३० गते कङ्गो औपचारिक रूपमा स्वतन्त्र भयो । त्यो बेला बेल्जियमको औपनिवेशिक शासनका कारण कङ्गो कङ्गाल भइसकेको थियो । देशभरि जम्मा ३० व्यक्तिले स्नातक पास गरेका थिए । प्याट्रिस लुमुम्बा कङ्गोका प्रथम जननिर्वाचित प्रधानमन्त्री बने । उनले कङ्गोका प्राकृतिक स्रोतसाधनको नियन्त्रण कङ्गोकै हातमा ल्याउन भने । उनले अफ्रिकी एकताको कुरा गरे । औपनिवेशिक दमनबाट समग्र अफ्रिकालाई मुक्त गर्नुपर्ने विचार अघि सारे । वासिङ्टनले उनको कार्यक्रमलाई खतराको रूपमा हेर्‍यो । सोभियत सङ्घ विश्वभरि चलिरहेको



उपनिवेशवादविरोधी सङ्घर्षको समर्थनमा उभिएको थियो । उसले अफ्रिकाको स्वतन्त्र विकासमा जोड दियो । यो देखेर अमेरिका आत्तियो । कङ्गो पश्चिमा नियन्त्रणबाट बाहिर जाने भयो भनेर ऊ तर्सियो ।

कङ्गोको कटाङ्गा क्षेत्रले विश्वको झन्डै ६० प्रतिशत कोबाल्ट धातु आपूर्ति गर्छ । जेट इन्जिनको टर्बाइन र अन्तरिक्षमा जाने रकेटको मुख बनाउनका लागि यो धातु नभई हुँदैन । त्यसैले कोबाल्टलाई रणनीतिक धातु पनि भनिन्छ । कटाङ्गा क्षेत्रमा हिरा र युरेनियम धातुको ठुलो खानी छ । अमेरिकाले परमाणु बम बनाउन म्यानहेटन परियोजना चलाएको थियो । त्यो बम बनाउनका लागि कङ्गोकै युरेनियम प्रयोग गरिएको थियो ।

कोबाल्ट, युरेनियम, हिरा । लुमुम्बा युरोप, अमेरिका र अफ्रिका कै स्वार्थीहरू सबैका लागि खतरा थिए । सन् १९६१ जनवरी १७ गते उनको हत्या भयो । त्यसबेला अमेरिकामा जनरल आइजनहावरको सरकार थियो । उनको आदेशमा अमेरिकी गुप्तचर निकाय 'सिआईए' ले षड्यन्त्र गर्‍यो र लुमुम्बाको हत्या भयो । त्यो हत्यामा बेल्जियम सरकार र 'युनियन मिनाएर' कम्पनीको पनि मिलेमतो थियो । अमेरिकाको आडमा सन् १९६५ मा कङ्गोमा सत्ताविद्रोह भयो । त्यसबाट मोबुटु सत्तामा आए ।

त्यसपछि वासिङ्टनले मोबुटु सेसेको ३ दशक लामो तानाशाहीलाई समर्थन गरिरह्यो । मोबुटुले देशको ढुकुटीमा ब्रह्मलुट मच्चाए । उनले आफ्नो धन पश्चिमा बैंकहरूमा जम्मा गरे, विपक्षीहरूमाथि क्रूर दमन गरे र जनस्वास्थ्यलाई ध्वस्त पारे । त्यसको विरोधमा सशस्त्र प्रतिरोध पनि नभएका होइनन् । (जस्तो, सन् १९७८ मा कोल्वेजी खानीमा विद्रोह हुँदा विश्वभरि नै कोबाल्टको भाउ बढेको थियो ।) तर, ती प्रतिरोधी समूहलाई दबाउन फ्रान्स र बेल्जियमले अर्धसैन्य दस्ता पठाए भने अमेरिकाले विमानहरू पठायो ।

सन् १९९१ मा सोभियत सङ्घको पतन भयो । त्यसपछि मोबुटु वासिङ्टनको लागि काम लागेनन् । अमेरिकाले वित्तीय सहयोग दिन छोड्यो । सरकार कमजोर भयो । सन् १९९७ मा मोबुटु सत्ताबाट फालिए । त्योपछि कङ्गो युद्धमय भयो । ती युद्ध बाहिर प्रचार गरेजस्तो स्थानीय भाँडभैलो वा 'जातीय घृणा' का कारण भएका थिएनन् । ती युद्ध खनिजका लागि भएका थिए । ती युद्धमा साम्राज्यवादीहरूको स्वार्थ लुकेको थियो । साम्राज्यवादी देशहरूले आआफ्ना लडाकू समूह बनाएर कङ्गोमा छद्म युद्ध, सीमा झडप चलाइरहे । ती लडाकू समूहहरू खासमा खनिज व्यापारसँग जोडिएका थिए । तिनीहरूले झन्डै ६० लाख कङ्गोबासीको ज्यान लिए । तीमध्ये धेरै त रोग र भोकका कारण मरेका थिए । यसरी पूर्वी कङ्गो नरसंहार गर्ने मैदानमा परिणत भयो ।

कोबल्ट ब्याट्रीहरूमा प्रयोग हुन्छ; जेट इन्जिनहरूमा प्रयोग हुन्छ । युरेनियम इन्धन निकाल्ने रियाक्टर र आणविक हतियारमा प्रयोग हुन्छ । औद्योगिक हिराले चट्टान, धातु र सेमिकन्डक्टर वेफर काट्न सकिन्छ । कोल्टन, क्यासिटेराइट र वुल्फ्रेमाइटजस्ता धातुले इलेक्ट्रोनिक र सैन्य उपकरणमा टेन्टालम, टिन र टङस्टनको काम गर्छन् । सुनले माइक्रो कनेक्टर, सिम कार्ड र प्रोसेसर बोन्डिङ गर्ने तारमा प्लेटिङको काम गर्छ । यसले गर्दा ती उपकरणलाई खुइलाउन सकिन्न ।

प्रविधिको बजारमा एकाधिकार जमाएका एपल, एनभिडिया, गुगल, माइक्रोसफ्ट र इन्टेल जस्ता कम्पनीहरू यी खनिजको आपूर्तिका लागि पूर्वी कङ्गोमाथि निर्भर छन् । त्यसैले हतियार उत्पादक कम्पनी र ती कम्पनीमा सेयर लगाएका वित्तीय निकायहरू पनि पूर्वी कङ्गोमा निर्भर छन् । कङ्गोबाट खनिज बाहिरिन्छ । बाँकी रहन्छ त केवल भिडन्त, भोक र विस्थापन । एकाधिकार पुँजीको 'इन्नोभेसन' (नवप्रवर्तन) भनेको यही हो । यसको एउटा पल्लामा चम्किला उपकरण, क्लाउड सर्भर र हतियारहरू जम्मा हुन्छन् भने अर्को पल्लामा विस्थापन, रोग र भोक जम्मा हुन्छ ।

**साम्राज्यवादकै कारण फैलिन्छ इबोला**

इतुरी प्रान्तमा सुन पैठारी हुने बाटोमा आज अनेक सशस्त्र समूह र तस्कर गिरोहबिच लडाइँ चलिरहन्छ । इबोलाको नयाँ महामारी सुरु हुनुभन्दा एक महिनाअघि मात्र लडाइँका कारण १ लाख मानिसको उठिबास लागेको थियो । उनीहरू आफ्नो थतथलो छोडेर विस्थापित भएका थिए । आजसम्म इतुरीबाट झन्डै १० लाख मानिस विस्थापित भइसकेका छन् । ७० लाख मानिस आन्तरिक विस्थापनमा परेका छन् । उनीहरू पूर्वी कङ्गोका विभिन्न इलाकामा बसिरहेका छन् । २ करोड ७० लाख कङ्गोबासीहरूले आज चरम भोकको सामना गर्दै छन् ।

उत्तर किभुका विभिन्न भागमा मानिसहरू दैनिक ६ लिटर पानीले गुजारा चलाइरहेका छन् । १०० भन्दा बढी मानिसले एउटै चर्पी प्रयोग गर्दै छन् । यस्तो स्थितिमा इबोला, हैजा वा दादुरा रोक्न सकिन्न । विस्थापित मानिसहरू बसिरहेका शिविरहरूमा हैजा, दादुरा, मङ्कीपक्स, पोलियो र औषधिप्रतिरोधी सङ्क्रमणहरू फैलिँदै छन् । ती शिविरमा खोप, सरसफाइ र प्राथमिक उपचारको अभाव छ ।

यिनै कारणले इबोला फैलिन पाएको हो । विस्थापन, भूविनाश, खानी-खदान र सैन्य आपूर्ति मार्गले मानिसहरूलाई झन्झन् जङ्गली इलाकामा धकेल्छ । ती इलाकामा इबोला भाइरसले जनावरबाट मानिसमा सर्ने मौका पाउँछ ।

गत अप्रिल महिनामा बुनियाको उत्तर-पश्चिममा पर्ने खदान क्षेत्रमा धमाधम मान्छे मर्न थाले । त्यसलाई मोङब्वालु क्षेत्र भनिन्छ । सुरुमा स्वास्थ्यकर्मीहरूले बन्डिबुग्यो इबोला फैलिएको ठम्याउन सकेनन् । यही समस्या पछि बुनिया र न्यामपारा क्षेत्रमा देखापर्‍यो । उपचारका लागि ती क्षेत्रमा गएका मानिसबाट पछिल्लो इबोलाको खबर बाहिर आएको थियो । रोग पहिचान गर्दासम्म भाइरस फैलिसकेको थियो । अन्त्येष्टि, पारिवारिक हेरविचार र अस्पतालमा जम्मा हुने मानिसले गर्दा एकदुई साताभित्र भाइरस फैलियो । मे ५ गते विश्व स्वास्थ्य सङ्गठनले वक्तव्य निकालेर सबैलाई सतर्क बनायो । तर, सङ्गठनका कर्मचारीहरूले त्यसलाई इबोला भनेनन् । उनीहरूले 'अज्ञात बिमारीका कारण मर्नेको सङ्ख्या ह्वात्तै बढेको' बताए । त्यस बेलासम्म झन्डै ५० जना मानिस मरिसकेका थिए ।

भाइरसको जिनोम सिक्वेन्सिङ कङ्गोबाट १ हजार माइल टाढा वासिङ्टन डिसीमा भयो । परीक्षणका लागि तुलसा, ओक्लोहामा हुँदै भाइरसलाई वासिङ्टन डिसी पठाइएको थियो । मे १४ मा मात्र नतिजा आयो । भोलिपल्ट मे १५ गते कङ्गो र युगान्डा सरकारले महामारी फैलिएको घोषणा गरे । विश्व स्वास्थ्य सङ्गठनले मे १७ गते विश्वले नै चासो दिनुपर्ने महामारीले गर्दा जनस्वास्थ्य आपत्काल घोषणा गर्नुपर्ने निधो गर्‍यो । भोलिपल्ट उसले आपतकाल घोषणा गर्‍यो ।

त्यस बेलासम्म भाइरस फैलिएको कम्तीमा ६ हप्ता पुगिसकेको थियो । तीन स्वास्थ्य इलाकामा सयौं शङ्कास्पद घटना देखिसकिएको थियो । महामारी युगान्डा पसेर राजधानी काम्पाला पुग्यो । मे २५ गतेसम्म त्यहाँ १ हजारभन्दा बढी सङ्क्रमितहरू देखापरे । त्यो दिनसम्म कङ्गो र युगान्डामा गरेर २३० बिरामीको मृत्यु भइसकेको थियो ।

बिरामीका हिसाबले यो इतिहासकै तेस्रो ठुलो इबोला महामारी हो । स्वास्थ्यविद रोबर्ट रेडफिल्डका अनुसार इबोला महामारी सामान्यतया ५ देखि १० बिरामी हुँदैमा पत्ता लाग्छ । यसपालि १०० मानिस मरिसकेपछि मात्र पत्ता लाग्यो ।

इतुरी प्रान्तमा सिक्वेन्सिङ पूर्वाधार छैन । सुरुमा सङ्क्रमण पत्ता लगाउनका लागि पर्याप्त प्रयोगशाला, क्लिनिक, तालिमप्राप्त जनशक्ति र उपकरणहरू चाहिन्छ । कङ्गोलाई यस्ता पूर्वाधारबाट वञ्चित गरिएको छ । जून धनले यो पूर्वाधार निर्माण गर्न सकिने हो, त्यो धन उसबाट लुटिएको छ ।

**विफलता बनावटी हो**

बन्डिबुग्यो इबोला पहिले पनि फैलिएको थियो । सन् २००७ मा युगान्डामा र सन् २०१२ मा कङ्गोमा यो देखापरेको थियो । त्यसमा परेर ३०-५० प्रतिशत सङ्क्रमितहरूको मृत्यु भएको थियो । औषधि उद्योगले त्यसको खोप विकास गर्न सक्थे । यसको लागि उनीहरूसँग पर्याप्त प्राविधिक क्षमता थियो । तर, कङ्गो र युगान्डाका मान्छेलाई जोगाउनुमा 'मेर्क' र 'जोन्सन एन्ड जोन्सन' जस्ता कम्पनीले नाफा देखेनन् । त्यसैले कुनै निश्चित खोप वा उपचार तयार गरिएन ।

बन्डिबुग्यो भाइरसले मध्य अफ्रिकामा मान्छे मार्‍यो; धनी मुलुकमा मारेन । धनी मुलुकमा एकाधिकार कम्पनीले बिगार गर्दा सरकार र बीमा कम्पनीले क्षतिपूर्ति दिने गर्छन् । मध्य अफ्रिकामा कसले दिने ? आज इबोलाका खोप र थेरापी छन् । तर, ती उपचार जायर इबोला भाइरसका लागि हुन् । बन्डिबुग्योलाई ती उपचारले छुँदैन । त्यसैले ती उपचारको काम छैन । प्रयोगका लागि हत्तपत्त केही खोप तयार गरिएको छ । तर, गतिलो खोप तयार पार्न कम्पनीमा पनि ६ देखि ९ महिना लाग्ने विश्व स्वास्थ्य सङ्गठनका अधिकारीहरू भन्दै छन् । औषधी उद्योगको क्षेत्रमा कुनै रोगको उपचार तयार गर्दा सुरुमा नाफा, बौद्धिक सम्पत्ति (प्याटेन्ट) र एकाधिकारी मोलतोललाई हेरिन्छ । मानव आवश्यकता यसको प्राथमिकतामा पर्दैन ।

**अन्तिम प्रहार**

अघिका इबोला महामारीमा अमेरिकाले विभिन्न स्वास्थ्य कार्यक्रममा खर्च दिएको थियो । त्यसबाट कङ्गोको 'रोग-निगरानी प्रणाली' सञ्चालन गर्न आंशिक टेवा पुगेको थियो । ती कार्यक्रमले स्थानीय स्वास्थ्यकर्मी, परीक्षण, तालिम, सरसफाइ र सुरक्षा उपकरणमा सरसहयोग गरेका थिए । तर, यो जनस्वास्थ्य प्रणाली कङ्गोली जनताका लागि वा कङ्गोबासीहरूको नियन्त्रणमा थिएन । यो अमेरिकाले पैसा हालेको आपत्कालीन पूर्वाधारमात्र थियो ।

**अमेरिकी राष्ट्रपति ट्रम्पले त्यो पूर्वाधार हटाए ।**

सन् २०२४ मा कङ्गोलाई अमेरिकाले १.४ अर्ब डलर सहयोग गरेको थियो भने सन् २०२५ मा त्यो सहयोग घटेर ४३ करोड डलर भयो । सन् २०२६ मा त्यो पनि घटेर २.१ करोड डलरमा सीमित भयो । अन्तर्राष्ट्रिय उद्धार समितिले इतुरी प्रान्तमा अमेरिकी सहयोग नियोग यूएसएडको खर्चमा रोग-निगरानी कार्यक्रमहरू चलाइरहेको थियो । किनभने, त्यो प्रान्त महामारीको जोखिममा रहँदै आएको थियो । अमेरिकाले सहायता घटाएपछि उद्धार समिति पछि हट्न बाध्य भयो । निगरानी कार्यक्रम, सरसफाइ केन्द्र र सुरक्षात्मक उपकरणको वितरण बन्द भयो ।

यो क्षेत्रमा घातक रोगहरू पत्ता लगाउन सञ्चालन गरिएको 'स्टप स्पिलओभर कार्यक्रम' बन्द भयो । यूएसएड नै विघटन गरियो । यसका बाँकी कामलाई अमेरिकाको विदेश मन्त्रालयको मातहत ल्याइयो । यो काम हेर्ने जिम्मा त्यहीका केही कर्मचारीलाई दिइयो । विश्वका सबैभन्दा धनी व्यक्ति इलन मस्कले यूएसएडलाई 'धुलोपिठो पारेको' मा गर्व गरे । पछि उनैले इबोला कार्यक्रम पनि रद्द भएको बताए ।

यूएसएडका कार्यक्रमहरू बन्द भएपछि अघिल्ला महामारीको प्रत्यक्ष अनुभव भएका स्थानीय स्वास्थ्यकर्मीहरूको जागिर गयो । पूर्व स्वास्थ्यअधिकारी डा. डानियल बौश भन्छन्, "आज ती स्वास्थ्यकर्मीले (राजधानी) किनशासामा ट्याक्सी चलाउँदै छन् अथवा अन्त कतै फलफूल बेचिरहेका छन् । स्वास्थ्यको काममा खटाउन सक्ने यी तालिमप्राप्त स्वास्थ्यकर्मीहरू अहिले सङ्क्रमित स्थानमा छैनन् ।"

कङ्गोको जनस्वास्थ्य विभागले ३४ सय दरबन्दी गुमायो; जनशक्तिको २५ प्रतिशत हिस्सा गुमायो । अहिले त्यहाँ स्थायी निर्देशक पनि छैनन् । अमेरिका विश्व स्वास्थ्य सङ्गठनबाट बाहिरियो; त्यसलाई पैसा दिन बन्द गर्‍यो । अमेरिकाको यो आदेशले गर्दा अन्तर्राष्ट्रिय सङ्गठनसँग कङ्गोको जनस्वास्थ्य विभाग टाढिन पुग्यो ।

यूएसएडका पूर्वअधिकारी निकोलस एनरिखले भने, "अहिले हामीले तदारुकता गुमाएका छौं । महामारीको बेला सबैभन्दा काम लाग्ने चीज नै तदारुकता हो ।"

**वासिङ्टनको बहानाबाजी**

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले मे २२ गते पत्रकारहरूसँग विश्व स्वास्थ्य सङ्गठनले महामारी पहिचान गर्न 'अलि ढिलाइ गरेको' बताए । सङ्गठनका महानिर्देशक टेड्रोस अधानम घेब्रेइससले भोलिपल्ट त्यस दाबीको खण्डन गरे । सङ्गठनले मे ५ गते नै सतर्क हुन भन्दै इतुरीमा टोली खटाएको थियो । त्यो टोलीको प्रारम्भिक परीक्षणमा केही देखापरेन । किनभने, परीक्षण प्रणाली जायर इबोला भाइरस पत्ता लगाउन तयार गरिएको थियो । सबै खोप र उपचार प्रणाली त्यही भाइरसका लागि तयार गरिएको थियो । त्यसले बन्डिबुग्यो भाइरसलाई छुन सकेन । यसको लागि भाइरसका स्याम्पलहरू राजधानी किनशासा पठाइयो । स्थानीय स्तरमा परीक्षण र सिक्वेन्सिङ गर्ने क्षमता नहुँदा ढिलाइ भयो । त्यही प्रान्तबाट भर्खर यूएसएड ले चलाइरहेको रोग-निगरानी कार्यक्रम रद्द गरिएको थियो । समस्याको वास्तविक कारणलाई अमेरिकाले अरूमाथि आरोप लगाउने बहाना बनायो । उसले पहिले अभाव सिर्जना गर्‍यो र त्यही अभावका कारण मान्छेको ज्यान जाँदा अरूलाई दोष दियो ।

रुबियोले पछि २ करोड ३० लाख डलरको राहत प्याकेज घोषणा गरे । त्यसमा जम्मा १ करोड ३० लाख डलर मात्र स्वास्थ्य सहायता थियो । उनले सङ्क्रमित क्षेत्रमा ५० क्लिनिक खोल्ने

*बाँकी पृष्ठ १० मा*

# विश्वको 'बैठक कक्ष' का रूपमा प्रभाव बढाउँदै चीन

✍ **चेस्ला टुबिलेविज**

हालैका सातामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पेइचिङको लगातार राजकीय भ्रमणले चीनलाई विश्वव्यापी प्रकाशमा ल्याएको छ । यी शिखर सम्मेलनहरू आयोजना गरेर चीन 'केही दिनभित्रै दुई प्रमुख प्रतिद्वन्द्वीलाई स्वागत गर्न सक्षम स्थिर शक्ति', 'ठुला शक्तिबिचको मध्यस्थकर्ता' र 'विश्वव्यापी स्थिरताको स्तम्भ' बनेको केही अन्तर्राष्ट्रिय विश्लेषकले औँल्याए । त्यस्तै, अन्यका लागि भ्रमणले चीन कसरी 'अपरिहार्य विश्वव्यापी शक्ति' बन्दै छ र राष्ट्रपति सी जिनपिङ 'सम्मान गर्नुपर्ने विश्वनेता' बन्दै छन् भन्ने कुरा प्रकाश पारेको छ ।

विगत ६ महिनाको अवधिमा, फ्रान्स, बेलायत, क्यानडा, दक्षिण कोरिया र जर्मनीका नेतासहित धेरै अन्य विश्वनेताले पेइचिङको भ्रमण गरेका छन् । यस विषयलाई चिनियाँ विश्लेषकले पनि मनन गरेका छन् । अझ महत्त्वपूर्ण कुरा त ती नेता लामो अन्तरालपछि चीन भ्रमणमा निस्किएका थिए । उदाहरणका लागि यो बेलायती प्रधानमन्त्रीको आठ वर्षमा पहिलो भ्रमण थियो । त्यस्तै, क्यानेडियन, दक्षिण कोरियाली र अमेरिकी नेताका लागि नौ वर्षमा पहिलो भ्रमण थियो ।

एकपछि अर्को विश्वनेताको भ्रमण भइरहदा चिनियाँ सञ्चार माध्यमले चिनियाँ राजधानीलाई अन्तर्राष्ट्रिय 'बैठक कक्ष' को रूपमा वर्णन गऱ्यो, जसले अशान्त संसारमा स्थिरता प्रदान गर्छ । सञ्चार माध्यमले विश्वनेताको शृङ्खलाबद्ध भ्रमणलाई विशेष महत्त्व दिएका थिए । विश्वनेताको भ्रमणका सन्दर्भमा एउटा समाचारको शीर्षकमा लेखिएको थियो, 'विश्व पेइचिङ समयमा प्रवेश गर्दै छ ।'

**चीन कार्ड कि अमेरिकाको विकल्प ?**

पेइचिङका लागि विश्वव्यापी मञ्चमा यो निर्विवाद रूपमा ठुलो क्षण हो । तर यी व्याख्याले तीन महत्त्वपूर्ण बुँदा 'छुट्टाएका' छन् । पहिलो, यो स्पष्ट छैन कि विश्वनेताहरू सक्रिय चिनियाँ कूटनीतिको कारणले पेइचिङ भ्रमण गरिरहेका छन् वा ट्रम्प प्रशासनविरुद्ध प्रतिक्रिया जनाउने तरिकाको रूपमा ।

उदाहरणका लागि जब क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले जनवरीमा पेइचिङको भ्रमण गरेका थिए, यसलाई व्यापक रूपमा अमेरिकामा क्यानडाको संरचनात्मक निर्भरता र दोस्रो ट्रम्प प्रशासनको अस्थिरताको प्रतिक्रियाको रूपमा व्याख्या गरिएको थियो । केही मिडियाले विश्लेषण गरेका छन् कि उनी अमेरिकासँग आफ्नो



देश अनुकूलको सर्त राखेर वार्ता गर्न 'चीन कार्ड' खेलिरहेका थिए । ट्रम्पको दोस्रो कार्यकालमा अमेरिका- क्यानडा सम्बन्ध त्यति सुखद छैन ।

दोस्रो, पेइचिङले आफ्नो 'बैठक कोठा' मा भ्रमणका लागि उच्च 'प्रवेश शुल्क' तोक्छ । कहिलेकाहीँ यी शिखर सम्मेलनलाई भ्रमण गर्ने विशिष्ट व्यक्तिको प्रमुख नीति परिवर्तनसँग जोडिएको छ । उदाहरणका लागि ट्रम्पले पेइचिङको भ्रमण गर्दा उनले चिनियाँ नागरिकलाई अमेरिकामा कृषि जग्गा किन्नबाट रोक्न र अमेरिकी विश्वविद्यालयमा चिनियाँ विद्यार्थीको सङ्ख्यामा सीमा लगाउने पहिलेका आह्वानबाट पछि हटे । चिनियाँ मिडियाले ट्रम्पको मेक अमेरिका ग्रेट अगेन अर्थात् एमएजिए (मगा) आधार र अमेरिकाका अन्य रिपब्लिकनबाट यी सहुलियत प्राप्त भएको नकारात्मक प्रतिक्रियालाई प्रकाश पारे ।

त्यस्तै, क्यानडाका प्रधानमन्त्री कार्नीको चीन भ्रमणले पहिलो ४९ हजार कारका लागि वार्षिक रूपमा चीनमा निर्मित विद्युतीय सवारीसाधनमा ६.१ प्रतिशतमा कर घटाउने व्यापार सम्झौता गऱ्यो । २०२४ को अन्त्यतिर क्यानडाले चिनियाँ इभीहरूमा शतप्रतिशत कर लगाएको थियो । महिनौँपछि २०२५ को चुनावका क्रममा कार्नीले चीनलाई 'भूराजनीतिक अर्थबाट' सबैभन्दा ठुलो खतरा भने । विद्युतीय कारमा कार्नीको छुटले स्वदेशमै आलोचना निम्त्यायो । यसले क्यानडाको अर्थतन्त्रमा लगानीको ग्यारेन्टीविना 'चीनमा निर्मित विद्युतीय सवारी साधनको बाढी' निम्त्याउने भन्दै कतिपय विश्लेषकले सम्झौताको विरोध गरे ।

अन्तमा, विदेशी नेताको यी भ्रमणले स्पष्ट रूपमा चीनको मुख्य विदेश नीति स्थिति परिवर्तन गरेका छैनन् । उदाहरणका लागि युरोपेली नेताहरूको अपिलले युक्रेनमा रुसको युद्धका लागि पेइचिङको भौतिक समर्थनलाई परिवर्तन गरेन । न त तिनीहरूले युरोपेली सङ्घसँग चीनको ठुलो व्यापार अधिशेषलाई घटाए । त्यस्तैगरी, ट्रम्पले सीको नेतृत्वको प्रशंसा र ताइवानलाई हतियार बिक्री रोक्ने निर्णयका बाबजुद पेइचिङ इरानमा ट्रम्प प्रशासनलाई सहयोग गर्न सहमत भएन । अर्थात्, ट्रम्पको भ्रमणका बाबजुद इरानप्रति चीनको धारणामा कुनै परिवर्तन आएन । अर्कोतर्फ पेइचिङ भ्रमणका क्रममा पुटिनले पनि पावर अफ साइबेरिया २ पाइपलाइनमा देखिएको असहमति समाधान गर्न असफल भए । उक्त परियोजनामा देखिएको असहमति समाधान गर्न पुटिनले लामो समयदेखि खोजिरहेका थिए । यदि निर्माण गरियो भने पाइपलाइनले वार्षिक ५० अर्ब घनमिटर रुसी प्राकृतिक ग्यास चीनमा निर्यात हुन सक्छ । यो भनेको सन् २०२५ मा चीनको ग्यास प्रयोगको लगभग १२ प्रतिशत हो ।

**अमेरिकी विदेश नीतिको नाटकीय परिवर्तनको प्रभाव**

चीनमा हालै अन्तर्राष्ट्रिय नेताहरूको आगमन विश्वव्यापी व्यवस्थामा बढ्दो अनिश्चितताको प्रतिबिम्ब हुन सक्छ । ट्रम्प प्रशासनको अधीनमा अमेरिकी विदेश नीतिमा नाटकीय परिवर्तनले वासिंटनका परम्परागत सहयोगीमा ठुलो चिन्ता उत्पन्न गरेको छ । यसले चीनलाई वर्षौंदेखि आफ्नो आक्रामक ब्वाँसो-योद्धा कूटनीति (वुल्फ वारियर डिप्लोमेसी) पछ्याएपछि आफूलाई स्थिर साझेदारको रूपमा प्रस्तुत गर्ने अवसर पनि प्रदान गरेको छ ।

तर, यी भ्रमणले चीनको कूटनीतिक प्रयास अझ प्रभावकारी भएको प्रमाणित गर्दैनन् । घरेलु आर्थिक दबाब र प्रतिस्पर्धी अन्तर्राष्ट्रिय प्राथमिकताका कारण अझै पनि पेइचिङले वास्तविक रूपमा के प्रदान गर्न सक्छ भनेर सीमित गर्छ ।

उदाहरणका लागि, कारखाना बन्द हुनबाट रोक्न र वृद्धि लक्ष्य पूरा गर्न चीनले निश्चित उत्पादन क्षेत्रमा ठुलो मात्रामा राज्य अनुदान प्रवाह गर्छ । यसले अतिरिक्त उत्पादन सिर्जना गर्छ, जुन कृत्रिम रूपमा कम मूल्यमा विश्वव्यापी रूपमा निर्यात गरिन्छ (इयूसहित) । चीनले यी निर्यातलाई लगाम लगाउन सक्दैन । साथै, चीनको आर्थिक विकासमा पश्चिमी बजारको महत्त्वका बाबजुद पेइचिङले अमेरिका र युरोपको सुरक्षालाई चुनौती दिन रुस र इरानलाई निरन्तर समर्थन गरिराखेको छ । फलस्वरूप, पेइचिङमा हुने हाई प्रोफाइल बैठकहरूले समारोह र भव्यता निम्त्याउने गर्छ , तर ठोस परिणाम प्रदान गर्छन् नै भन्न सकिन्न ।

ट्रम्प, पुटिन र अन्य विश्वनेताहरूको हालैका भ्रमणले निश्चित रूपमा चीनलाई विश्वव्यापी कूटनीतिमा बढी केन्द्रबिन्दु बनाएको छ । तर, यो दृश्यता प्रभावकारी विश्वव्यापी नेतृत्वमा रूपान्तरण हुन सहज छैन ।

*- द कन्भर्सेसनबाट*

# नेटोको अन्त्यबिना युरोपको सामूहिक रक्षा असम्भव

✍ **यानिस भारूफाकिस**

पूर्वडच प्रधानमन्त्री मार्क रुट अहिले नेटो प्रमुख (महासचिव) छन् । उनै रुटले हालै एउटा सत्य कुरा बोल्दा युरोपभर आक्रोश निम्तिएको छ । उनले नेटो गठबन्धनलाई युरोपको रक्षात्मक ढालको रूपमा मात्र नभई विश्व मञ्चमा शक्ति प्रक्षेपण गर्ने अमेरिकाको एक मञ्चको रूपमा चित्रण गरे । रुट सही छन् । खासमा नेटो युरोपले नचाहेको युद्धलाई अघि बढाउने आधार बन्दै गएको




छ । अझ त्यस्ता विरोधी शक्तिविरुद्धको युद्धमा, जुन युरोपका शत्रु होइनन् । नेटो पक्षधर युरोपेली नेतालाई पहिलेदेखि थाहा थियो कि 'उत्तरी एट्लान्टिक गठबन्धन' असमान शक्तिहरूको गठजोड हो । तर पनि सुरक्षाको बदलामा उनीहरूले यस कुरालाई स्विकारे ।

तर, अहिले युरोपेली सुरक्षाप्रति अमेरिकी प्रतिबद्धतामाथि प्रश्न उठेको छ । रुट अहिले एक्लो युरोपेली व्यक्तित्व देखिँदै छन्, जसले युरोपलाई अमेरिकी साम्राज्यसँग बाँध्ने सम्झौताको महिमागान गारिरहेका छन् । अन्यथा, युरोप-अमेरिकाबिचको गठबन्धनको पक्षधर अन्य युरोपेली नेतामा पनि डोनाल्ड ट्रम्पले पद छाडेपछि नेटो स्वत: आफ्नो मूल अवस्थामा फर्किएला भन्ने विश्वास हराउँदै गइरहेको छ, यद्यपि निकै सुस्त गतिमा ।

संयुक्त राज्य अमेरिकाको इच्छालाई निरन्तर स्वीकार गर्नु युरोपेली रक्षा रणनीति होइन । अहिले युरोपका सबैभन्दा रुढिवादी शक्तिले पनि के स्विकार्छन् भने अमेरिकाविनाको नेटो चालकविनाको साइकलजस्तै हुनेछ । त्यसैले, युरोपमा महादेशव्यापी प्रतिरक्षात्मक निकाय 'युरोपियन डिफेन्स युनियन' गठन गर्नुपर्ने आह्वान बढ्दै गइरहेको छ । सम्भवत: इच्छुकहरूको गठबन्धन हुने यो निकाय युरोपेली सङ्घ (इयू) को गहिरो सहयोग प्रक्रियामा आधारित हुनेछ र यसमा इयूका सदस्यका अतिरिक्त नर्वे र बेलायत समावेश हुन सक्छन् ।

तर, समस्या यहीँनेर छ । जबसम्म नेटो अस्तित्वमा रहन्छ, युरोपव्यापी प्रतिरक्षा एकाइ असम्भव हुन्छ । युरोपियन डिफेन्स युनियनले राम्रोसँग काम गर्न चार कठिन प्रश्नहरूको स्पष्ट उत्तर दिनुपर्छ:

- युरोपेली हतियारको आदेश कसले दिन्छ ?
- यसका लागि आवश्यक पर्ने खर्चका लागि कुल ऋण कसले जारी गर्छ ?
- सदस्य राष्ट्रका राष्ट्रिय रक्षा उद्योगबिच लागत कसरी बाँडफाँड गरिन्छ ?
- बर्दीधारी युरोपेली सैनिकलाई मर्न र मार्न वा युद्धमा जान कसले आदेश दिने ?

यी प्रश्नको उचित जवाफ कुनै अन्तरसरकारी निकाय हुन सक्दैन । नेटो त झन् हुनै सक्दैन । युरोपको प्रतिरक्षा सङ्घ निर्माण गर्नु भनेको राजनीतिक सङ्घको गठन हो । तर, मौद्रिक सङ्घका वास्तुकारले यस लक्ष्यलाई परित्याग गरे । केहीले तर्क गरेका छन् कि युरोपले सामना गरिरहेको वर्तमान अस्तित्वगत खतराले (विशेषगरी युक्रेनमा रुसको आक्रमणको कारणले सिर्जित) राजनीतिक सङ्घ निर्माण गर्न प्रेरित गर्न सक्ने बताएका छन् । भलै विगतमा युरो सङ्कट वा महामारीले यस्तो सङ्घलाई प्रेरित गर्न असफल भयो ।

**राजनीतिक एकताविना रक्षा गठबन्धन असम्भव**

सही होस् वा गलत, एउटा कुरा स्पष्ट छ : युरोपेली रक्षा सङ्घले काम गर्न राजनीतिक एकता आवश्यक छ र नेटोको निरन्तर अस्तित्वले यसमा अवरोध सिर्जना गर्छ । शीतयुद्धमा हुर्किएको पुस्ताका लागि अमेरिकी प्राथमिकताको अधीनमा युरोपको प्रतीक्षालाई राख्नुको कारण थियो होला । अमेरिकी र पश्चिमी युरोपेली अभिजात वर्गलाई सोभियत सङ्घको वास्तविक अस्तित्वगत डरले एक ठाउँ ल्याएको थियो । वित्तीय संयन्त्रले सन् १९५० र १९६० को दशकमा युरोप अमेरिकी अधिशेष ( सरप्लस)को 'रिसाइक्लर'मा परिणत भयो ।

यसबिच, बर्लिन पर्खाल ढल्यो । सोभियत सङ्घ एक संग्रहालयमा थन्कियो । रुसी राष्ट्रपति बोरिस येल्तसिनले पश्चिममा सामेल हुनलाई केसम्म गरेनन् ? उनले आफ्नो देशलाई नेटोमा पनि समावेश गर्ने इच्छा व्यक्त गरेका थिए । अमेरिकाका लागि रुस अब डरको विषय थिएन । अमेरिकालाई खासमा डर थियो, जर्मनी र रुसबिचको बढ्दो घनिष्टताको । दुई देशबिचको अधिक घनिष्टताले युरोपमाथिको आफ्नो प्रभुत्व खतरामा पर्ला भन्ने उसको चिन्ता थियो ।

शीतयुद्धको अन्त्यपछि जर्मन उद्योग प्राय: रुसी ग्यासमा चल्न थाले । तर, जर्मन निर्यात भने अमेरिकी घाटा बजेटमै निर्भर रह्यो । यही निर्भरतालाई प्रयोग गरेर अमेरिकाले रुसको युरोपसँगको एकीकरण रोक्ने द्विपक्षीय नीतिमार्फत जर्मनीमाथि दबाब दियो । उनीहरूले जानाजान रुसी समाजलाई दरिद्र बनाए र नेटोलाई पूर्वी युरोपतर्फ विस्तार गरिरहे । यसैले भ्लादिमिर पुटिनजस्तो नेता सत्तामा आउने अवस्था सिर्जना गरिदियो ।

**युरोपमा नयाँ दरार**

नेटो निरन्तर पूर्वी देशतर्फ सर्दै जाँदा तीन बाल्टिक देश, पोल्यान्ड र हालै फिनल्यान्डका शासकवर्गले इयूमा आफ्नो ओजभन्दा निकै बढी भूमिका खेल्न सक्ने अवस्था देखे । तिनै देश अहिले अमेरिकाको उग्र विस्तारका सबैभन्दा उत्कृष्ट प्रवर्द्धक बनेका छन् । अचानक, युरोपमा पहिलदेखि कायम उत्तर-दक्षिणी देशको विभाजनमा पूर्वका अति-विस्तारवादी र पश्चिमका उदारवादीबिचको नयाँ विभाजन पनि थपिएको छ । प्रत्येकले इयूलाई फरक-फरक दृष्टिले हेर्दै छन् ।

अमेरिकाको युरोपमाथि शासन गर्नकै लागि युरोपलाई विभाजन गर्ने कुनै नीति नभएको भए पनि नेटोले युरोपेली राजनीतिक सङ्घ र योसँगै प्रभावकारी रक्षा गठबन्धन असम्भव बनाएको छ । युरोपले नेटो सदस्यता त्याग्नुपर्ने कारण नेटो रुसमैत्री भएकाले होइन । न त अमेरिका दुष्ट भएकाले नै हो । खासमा विश्वमञ्चमा अमेरिकी शक्ति प्रस्तुत गर्ने प्लेटफर्मको रूपमा काम गर्ने गठबन्धनले युरोपेली एकीकरण र सार्वभौमिकतालाई कुनै समय आयरिस लेखक एडना ओब्रायनले भनेका थिए, 'हृदयको विनाश ऋणको भेषमा सुस्त र अदृश्य प्रक्रियाबाट हुन्छ ।' महादेशको विनाश पनि यस्तै हुन्छ । हरेकपटक जब कुनै युरोपेली नेता वासिङ्टन उड्छन् र अमेरिकी राष्ट्रपतिसामु घुँडा टेक्छन्, बिस्तारै क्षति बढ्दै जान्छ त्यो पनि अदृश्य रूपमा र ऋणको भेषमा ।

*(ग्रीसका पूर्वअर्थमन्त्री भारूफाकिस 'एमइआरए २५' नामक पार्टीका नेता तथा एथेन्स विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक हुन् ।)*

*- प्रोजेक्ट सिन्डिकेटबाट*

# विद्यार्थीहरूको सफलतामा शिक्षक, विद्यार्थी र अभिभावकको संयुक्त मेहनतको महत्त्वपूर्ण भूमिका रहने

भक्तपुर। गोल्डेन गेट इङलिस स्कूलले एसईई २०८२ का विद्यार्थीहरूको सम्मान तथा बिदाइ कार्यक्रम जेठ १६ गते आयोजना गऱ्यो। विद्यालयका विद्यार्थीहरूले यस वर्षको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउँदै ४.० जीपीएसम्म प्राप्त गर्न सफल भएका थिए।

कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यार्थीहरूको सफलतामा शिक्षक, विद्यार्थी र अभिभावकको संयुक्त मेहनतको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो।

एसईई २०८२ मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीहरूलाई सम्मान गर्दै नगर प्रमुख प्रजापतिले सफलतासँगै विभिन्न चुनौतीहरूको सामना गर्न सक्ने क्षमता पनि विकास गर्नुपर्ने बताउनुभयो।

उहाँले जुनसुकै विषय अध्ययन गरे पनि आफ्नो क्षमता र रुचिको सही मूल्याङ्कन गरी त्यसै क्षेत्रमा विशेषज्ञता हासिल गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले शिक्षा केवल पैसा कमाउने माध्यम नभई असल, सभ्य र जिम्मेवार नागरिक बन्ने आधार भएको उल्लेख गर्नुभयो।

"आफ्नो व्यक्तिगत हितका लागि मात्र होइन, समाजको हितका लागि पनि काम गर्ने सामूहिक भावना विकास गर्न आवश्यक छ," उहाँले भन्नुभयो।

नगर प्रमुख प्रजापतिले विदेशमा उच्च शिक्षा हासिल गरे पनि प्राप्त ज्ञान, सीप र अनुभवलाई देश विकासमा उपयोग गर्न स्वदेश फर्किनुपर्ने धारणा व्यक्त गर्नुभयो।

देश निर्माणका लागि सधैँ विदेशको भर पर्न नहुने भन्दै सक्षम र दक्ष जनशक्तिले नेपालको विकासमा योगदान दिनुपर्ने उहाँको भनाइ थियो।

उहाँले नेपालको विकास अरू कसैले आएर गरिदिने नभई नेपालीहरू स्वयं सक्रिय रूपमा लाग्नुपर्ने बताउनुभयो।

उहाँले योग्य, दक्ष र मेहनती विद्यार्थीका लागि अवसरको कमी नहुने र त्यस्ता व्यक्तिहरू बेरोजगार बस्नुपर्ने अवस्था नआउने धारणा व्यक्त गर्नुभयो।

उहाँले प्रशंसाभन्दा आलोचनाबाट बढी सिक्न सकिने उल्लेख गर्दै आलोचनाले आफ्ना कमजोरी पहिचान गरी सुधार गर्ने अवसर प्रदान गर्ने बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले उच्च शिक्षाका अधिकांश अवसरहरू भक्तपुरमै उपलब्ध गराउने वातावरण निर्माण गरेको जानकारी दिनुभयो। गुणस्तरीय विद्यालय, कलेज तथा प्राविधिक शिक्षाका संस्थाहरूको विकासमार्फत भक्तपुरलाई शिक्षा, ज्ञान र विज्ञानको केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यका साथ नगरपालिकाले काम गरिरहेको उहाँले बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले गोल्डेन गेट विद्यालयसँग आफ्नो विशेष भावनात्मक सम्बन्ध रहेको बताउनुभयो।

"मैले पनि यस विद्यालयमा करिब ६ महिनाजति अध्यापन गराउने अवसर पाएको थिएँ। त्यसैले यस विद्यालयसँग मेरो भावनात्मक लगाव छ," उहाँले भन्नुभयो।

उहाँले शिक्षण पेसा आफूलाई सबैभन्दा मनपर्ने पेसा भएको उल्लेख गर्दै शिक्षा क्षेत्रले व्यक्तिको जीवन निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले विद्यार्थीहरूको उपलब्धिको प्रशंसा गर्दै शिक्षा नै समाज र राष्ट्र निर्माणको मुख्य आधार भएको बताउनुभयो।

कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले विद्यार्थीहरूलाई बधाई दिँदै शिक्षा, अनुशासन र मेहनतले नै जीवनमा सफलता प्राप्त गर्न सकिने बताउनुभयो।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल सिङ्ग लामाले विद्यालयले स्थापना कालदेखि नै गुणस्तरीय शिक्षामा जोड दिँदै आएको उल्लेख गर्दै यस वर्षको उत्कृष्ट नतिजा शिक्षक, विद्यार्थी र अभिभावकबिचको समन्वय तथा मेहनतको परिणाम भएको बताउनुभयो।

विद्यार्थीका तर्फबाट मन्तव्य राख्दै ४.० जीपीए प्राप्त गर्ने विद्यार्थी रुबिशा मानन्धरले सफलता हासिल गर्न शिक्षकको मार्गदर्शन, अभिभावकको सहयोग र आफ्नै मेहनत महत्त्वपूर्ण रहेको बताउनुभयो।

सम्मानित विद्यार्थीहरूलाई प्रमाणपत्र तथा मायाको चिनो प्रदान गरिएको थियो भने शिक्षकहरूलाई पनि सम्मान गरिएको थियो।

विद्यालयले २०४३ सालदेखि सञ्चालनमा रही गुणस्तरीय तथा सर्वसुलभ शिक्षा प्रदान गर्दै आएको छ। विद्यालयले यस वर्ष पनि उत्कृष्ट एसईई नतिजा हासिल गरी भक्तपुर जिल्लामै आफ्नो शैक्षिक पहिचानलाई थप मजबुत बनाएको छ।

कार्यक्रममा विद्यालयका शिक्षक, पूर्वविद्यार्थी, अभिभावक सङ्घका अध्यक्ष बिकेस मानन्धरले आफ्ना अनुभव सुनाउँदै विद्यार्थीलाई उच्च शिक्षा तथा जीवनका आगामी चुनौतीहरूका लागि शुभकामना दिनुभएको थियो।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष अञ्जु चिपालु जोशीले धन्यवाद ज्ञापन गर्नुभयो।

कार्यक्रममा प्रजिअ खड्कालाई विद्यालय परिवारका तर्फबाट स्वागत तथा बधाई ज्ञापन गरिएको थियो।

# शिक्षा र स्वास्थ्य क्षेत्रमा आइतबारे बिदा हटाउनुपर्ने



भक्तपुर। नेपाल क्रान्तिकारी किसान सङ्घ चानपा ७ तपादम्फो एकाइको आयोजनामा जेठ १५ गते प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष न्हुछेभक्त फोजुले किसान सङ्घको महत्त्वबारे प्रकाश पार्दै मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई आत्मसात गर्दै अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले अहिलेको सरकारले आइतबार छुट्टि दिएर शिक्षा र स्वास्थ्य क्षेत्रमा खेलबाड गरेको उल्लेख गर्दै आइतबारको बिदा फिर्ता गर्नुपर्ने बताउनुभयो।

उहाँले किसान कार्यकर्ताहरू राजनैतिक रूपमा सचेत र सङ्गठित हुनुपर्ने विचार व्यक्त गर्दै 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक पत्रिका अध्ययन गरी देशमा भइरहेको राजनैतिक र सामाजिक रूपमा सचेत रहनुपर्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिका सदस्य अर्जुन काफ्लेले जनता सचेत नभएसम्म देशको विकास नहुने भन्दै ठुला पार्टीको कारणले भदौ २३ र २४ गतेको घटना भएको बताउनुभयो। उहाँले किसानको जीवनस्तर उठाउन सरकारले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ चा.न.पा. ७ तपादम्फो एकाइका अध्यक्ष कुमार सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अमितले पनि बोल्नुभएको थियो।

# देश विकासको मूल आधार शिक्षा




भक्तपुर। गणेश माध्यमिक विद्यालयका एसईई २०८२ का विद्यार्थीहरूलाई सम्मान, बधाई एवम् परामर्श तथा नवआगन्तुक विद्यार्थीहरूलाई जेठ १४ गते स्वागत कार्यक्रम गरियो।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले परिवार, समाज, व्यक्ति अनि विश्वका देशहरू शिक्षाकै कारणबाट विकास सम्भव भएको हो भन्नुभयो। भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, शिक्षा तथा पर्यटन केन्द्रको रूपमा विकास गरिरहेको हुँदा विभिन्न जिल्लाका जनताको निम्ति भक्तपुर आकर्षण केन्द्र बनिरहेको उल्लेख गर्दै उहाँले भक्तपुर र अन्य जिल्लामा अध्ययन गर्दाको आर्थिक, सामाजिक, शैक्षिक र समयको तुलना गर्नु आवश्यक छ भन्नुभयो।

उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र रोजगारीमा नयाँ पुस्तालाई अवसर प्रदान गर्न उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई रु. ५ लाखसम्मको शैक्षिक ऋण र व्यवसायीहरूलाई सोहीअनुसार ऋणको व्यवस्था गरिरहेको उल्लेख गर्नुभयो।

प्रत्येक मानिसमा कानुनको ज्ञान जरुरी भएकोले कानुन विषयको अध्ययन गर्न सल्लाह पनि उहाँले दिनुभयो।

समाजसेवी, विद्यालयका सहयोगी एवम् विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्णबहादुर दुगुजुले विद्यालयको इतिहास र अग्रजहरूले विद्यालयको शिक्षा विकासको निम्ति शैक्षिक, भौतिक र नैतिक रूपमा सहयोग गरिरहेको विचार व्यक्त गर्नुभयो।

विद्यालयका प्रधानाध्यापक गणेशराम थुसाले विद्यालयको प्रतिवेदन प्रस्तुत गर्दै स्वागत गर्नुभयो।

कक्षा १० का सृष्टि मानन्धरले नवआगन्तुक विद्यार्थीलाई स्वागत र एसईई - ०८२ का विद्यार्थीलाई बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो।

कक्षा ९ का नयाँ विद्यार्थी दिप्सिना श्रेष्ठले विद्यालयको शैक्षिक वातावरणबारे बताउनुभयो।

प्रमुख अतिथि प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान-पत्र प्रदान गर्नुभयो भने नयाँ विद्यार्थीलाई उपहार प्रदान गर्नुभयो।

विद्यालयमा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न समाजसेवी जयन्त पौडेलले पाँच लाख अक्षकोष प्रदान गर्नुभएकोमा उहाँलाई सम्मान स्वरूप प्रशंसापत्र प्रदान गरियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उहाँले विद्यालय भवन अपुग भएकोले विगतमा अग्रज र नपाबाट सहयोग भइरहेको उल्लेख गर्दै एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई र नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुभयो।

कार्यक्रममा शिक्षिका सुशीला न्याईच्याईले पनि बोल्नुभएको थियो। कार्यक्रममा कक्षागत सांस्कृतिक प्रस्तुति पनि प्रस्तुत गरिएको थियो।

# बालबालिकाको सही पोषणबारे अभिभावक अभिमुखीकरण




भक्तपुर। बाल विकास सेकेन्डरी स्कूलको आयोजनामा अभिभावक भेला तथा विशेष अभिमुखीकरण कार्यक्रम जेठ १५ गते लिवाली सभा हलमा सम्पन्न भयो।

कार्यक्रममा पोषणविद् डा.अरुणा उप्रेतीले अभिभावकहरूले पैसा खर्च गरेर पत्रु खाना खुवाएर आफ्ना बालबालिकाको स्वास्थ्य बिगार्न नहुने सुझाव दिनुभयो।

उहाँले नेपालीको घरमा खाइने परम्परागत खानेकुराबाटै सन्तुलित भोजन प्राप्त गर्न सकिने उल्लेख गर्दै अखाद्य रसायनयुक्त खानाले मस्तिष्कघात, हृदयघात, कलेजो र मिर्गौलाको बिमारी निम्तिने गरेको अध्ययन अनुसन्धानले पुष्टि गरेको बताउनुभयो।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले आफ्ना बालबालिकालाई माया गर्नुको अर्थ राम्रो राम्रो लगाउन दिने, मिठो मिठो खुवाउने मात्र होइन; राम्रो शिक्षा, सीप र संस्कार दिनु सही माया हुने बताउनुभयो।

हिजोका बालबालिकालाई सही माया दिन नसक्दा सिंहदरबार र देश नै जलेको चर्चा गर्दै उहाँले आजका बालबालिकालाई सही मार्गमा लगाउनु बालबालिका,परिवार र देशकै भविष्य निर्माण गर्नु हो भन्नुभयो।

कार्यक्रममा स्कूलका शिक्षिकाहरू सीता प्रजापति, सुलोचना छ्वाजू, वीणा कर्माचार्य र विजेश्वरी श्रेष्ठले पनि बोल्नुभएको थियो।

**साम्राज्यवादीहरूको...**

२०८३ वैशाख २८ गते राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम प्रस्तुत गर्दैगर्दा प्रम बालेन्द्र साह राष्ट्रपतिकै अवहेलना गरेर बिचमै बाहिर निस्के। यसले लोकतन्त्रकै उपहास भएको विश्लेषकहरूको मत छ। साह २०७९ सालमा कामनपाको मेयर बनेर शपथ खाइसकेपछि जंगी अड्डा पुगेर तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मासँग भेट गरेका थिए। जेनजीको नाउँमा भएको नयाँ पुस्ताको आन्दोलनमा पनि बालेनले युवाहरूलाई सेनासँग सम्बाद गर्न निर्देशन दिएका थिए। उनले अहिलेको सरकारमा पनि रक्षा मन्त्रालय आफैले राखेका छन्। यसले बालेनले संसद्लाई भन्दा सेनालाई बढी प्राथमिकतामा राखेको प्रस्ट देखिन्छ।

२०८२ कार्तिक १ गते पत्रकार सम्मेलनमा सेनाले "काठमाडौँ मनपाको दमकलले सिंहदरबारको आगो निभाएको" भनी बालेनको पक्षमा झुट बोलेको थियो। राष्ट्रपति उपराष्ट्रपति पदमा हुँदै सेनाले २०८२ भदौ २४ गते टेलिभिजनबाट आन्दोलनरत समूहलाई आन्दोलनको कार्यक्रम स्थगन गरी वार्ताको निम्ति आह्वान गऱ्यो। सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले सम्बोधन गर्दा आफूपछाडि दायाँ किनारमा नेपालको झन्डा र पछाडि शिरमाथि पृथ्वीनारायण शाहको तस्वीर राखेको देखिन्छ। गणतान्त्रिक व्यवस्थामा पनि नेपाली सेनाको मानसपटलमा राजतन्त्रको छाप हटेको छैन।

नेपाली सेनाले एसपीपी साझेदारीको निम्ति अमेरिकामा पत्र पठाएको विषयमा जनताको तर्फबाट व्यापक विरोध भएपछि नेपालका पूर्वप्रधानसेनापति प्रभुराम शर्माले २०७९ असार २ (२०२२ जून १६) गते प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा पत्र पठाएको स्वीकार गर्दै "स्टेट पार्टनरसिप प्रोग्राममा दिइने फन्डले नेपालको सुरक्षा निकाय नेपाली सेनालाई आवश्यक पर्ने सामग्री, भूकम्पमा र पहिरोमा काम लाग्ने सामग्री अर्थात् डुबानको ठाउँमा काम लाग्ने चिजहरू ल्याउन अमेरिकी सरकारले स्टेट पार्टनरसिप प्रोग्रामअन्तर्गत सहयोग दिने गर्छ। यसकारण, त्यो प्रोग्रामअन्तर्गतको मानवीय सहायताहरू नेपालमा ल्याउने लक्ष्यले एसपीपीको लागि पत्राचार गरिएको हो। यो नेपालको परराष्ट्र नीतिको बर्खिलाप र सैनिक गठबन्धन होइन" भन्ने प्रष्टिकरण दिए पनि नेपाली सेना अमेरिकाको चङ्गुलमा फस्दै गएको यथार्थ नेपाली जनताले बुझ्दै छन्।

साम्राज्यवादी अमेरिकाले आफ्नो स्वार्थको निम्ति जो कसैलाई घोडा बनाउन सक्छ। अमेरिकी उक्साहटमा इरानमा पनि उपद्रव भयो। सन् २०२६ जनवरी ८-११ मा इस्लामिक गणतन्त्र इरानविरुद्ध भएको विरोध प्रदर्शनमा अमेरिकामा निर्वासित जीवन बिताइरहेका इरानका पूर्वराजाका छोरा रेजा शाह पहलबीले उपद्रव मच्चाउने प्रदर्शनकारीहरूलाई उक्साउँदै शहरका केन्द्र कब्जा गर्न आह्वान गरेका थिए। उनले अमेरिकी सहयोगमा उपद्रव मच्चाएर इरानमा राजतन्त्र फर्काउने असफल प्रयास गरेकै हुन्। प्रतिक्रियावादीहरू आफ्नो गुमेको स्वर्ग फिर्ता लिन झन् व्यवस्थित ढङ्गले आउँछन्। नेपालमा पनि पूर्वराजा, नेपाली सेना, बालेन्द्र साह, अमेरिकी युथ काउन्सिलका गतिविधिहरूले यस्तै सङ्केत गर्छ।

*२०८३ जेठ १७ गते*

# नार्सियाली अर्थात् मनोगतवादी रोग अत्यन्त आत्मघाती हुन्छ



सुरेन्द्रराज गोसाई

हामी वाग्मती प्रदेशको १८ औँ अधिवेशनको सुरुआती चरणमा छौँ। बजेट अधिवेशन सुरु हुँदै छ। यही विषयमा महत्त्वपूर्ण छलफल हुँदै छ। कहिलेकाहीँ आलोचकहरू भन्छन्: वाग्मती प्रदेश सरकार के गर्छ ? वाग्मती प्रदेश सरकार अधिवेशन सुरु गर्छ, अनि अधिवेशनको अन्त्य गर्छ। बिचमा के गर्छ ? पूरै आराम गर्छ ! यो व्यङ्ग्यमिश्रित जनताको आलोचनाको जवाफ प्रदेश सरकारले देओस्। आजको छलफलको विषय त बजेट हो, नीति तथा कार्यक्रम हो। त्योभन्दा अगाडि अर्कै विषयमा प्रवेश गर्नुपर्ने स्थिति तयार भयो।

भदौ २३ र २४ गते नेपालमा ठुलै घटना घट्यो। अहिले विश्लेषकहरू नयाँ-नयाँ यथार्थ अगाडि ल्याउँदै छन्। त्यो बङ्गलादेशको घटना होस्, श्रीलङ्काको घटना या नेपालको घटना नै किन नहोस्। ती घटनामा आईआरआई, एनईडी, टीओबी, जेनेरेसन डेमोक्रेसी आदिको संलग्नताबारे व्यापक चर्चा छ। ती सबै-सबैले हामीले गर्‍यौँ भन्दै दाबी गरिरहेको अवस्था पनि छ। जवाफ कसले दिने ? आ-आफ्नो चस्माले यथार्थ बोल्यो। एमसीसी सम्झौता गरेको खण्डमा अमेरिकी सहयोग या अनुदानको आवरणमा आउने जुन कुनै कुराले गर्दा देशको स्वाधीनता, स्वतन्त्रता र सम्प्रभुतामाथि आँच आउनेछ। त्यसकारण, हामीले सावधानी अपनाऔँ ! गम्भीरतापूर्वक लिऔँ ! हामीले बारम्बार भनेको यति नै हो। त्यसको परिणाम आज हामी भोग्दै छौँ। हामीले त्यो पनि भन्यौँ। अमेरिका र अमेरिकी नीतिसँग जो टाढा बस्छ त्यसको ठिक्कै भएको छ। जो जतिले अङ्गालो मारेर सँगसँगै हिँड्ने बानी बसाल्यो तिनीहरूको अन्त्य भएको छ। विश्वको इतिहासले यही भन्छ। अफ्रिकी देशहरूले त के सम्म भनेका छन् भने अमेरिकाजस्तो मित्र पाउनु भनेको अन्त शत्रु खोज्न जानुपर्दैन। त्यति आत्मघाती छ भनेर अनुभवले सिद्ध गरेको यथार्थ जगजाहेर नै छ। त्यसकारण, हामीले बुझौँ, हामी देशभक्तहरू इमानदार यदि छौँ भने यति यथार्थ बुझ्नलाई कसको बुद्धिमा बिर्को लागेको छ र ? सोचौँ। ढिलो होला ! फेरि पनि समय बाँकी छ। एउटा पुसले जाडो जाँदैन। फेरि आउँछ। मुख्य कुरा सङ्घर्ष गर्न छोड्नु हुँदैन।

**यो गर्मीसँगसँगै रोगव्याधीको सम्भावना त्यतिकै बढ्नेछ। वाग्मती प्रदेश सरकारको तयारी के छ ? खाद्यसङ्कट आउने सम्भावना छ। यहाँनिर पनि हाम्रो तयारी आवश्यक छ। अघि भर्खरै मुख्यमन्त्रीज्यूले भन्नुभयो कि मध्यपूर्वको लडाइँ अहिले पनि चालू छ। अहिले ऊर्जासङ्कट विश्वव्यापीरूपमा छ। योभन्दा अगाडि पनि हामीले छलफलमा भनेका थियौँ। त्यस्तो बेलामा हामी आफैले खनिखोस्रिकन केही गर्ने र आफ्नै खुट्टामा उभिने तयारी गर्न आवश्यक छ।**

हेर्नु मानवीय गुण हो तर यथार्थ भनेको यथार्थ नै हुन्छ। योभन्दा अगाडि धेरै पटक यही संसद्मा बोल्यौँ। एमसीसी र एसपीपीका कुरा र वैदेशिक हस्तक्षेपका कुरा। नेपालमा भइरहेको, चलिरहेको वैदेशिक हस्तक्षेपको विरुद्धमा देशैभरि र संसद्मा तथ्य तथ्याङ्क र प्रमाणसहित कसैले बोल्यो भने हामी दाबाका साथ भन्छौँ। नेपालको देशभक्तिपूर्ण आन्दोलनको नेतृत्व इमानदारीपूर्वक, नि:स्वार्थपूर्वक कुनै पद वा भागबन्डालाई मनमा पटक्कै नराखीकन देश र जनताको सेवालाई शिरोधार्य गरेर नेपाल मजदुर किसान पार्टीले देशभक्तहरूले आत्मसमर्पण गर्नुहुँदैन। अन्तिम सास बाँकी रहेसम्म देशभक्तिपूर्ण आन्दोलनको नेतृत्व र अगुवाइ गर्नैपर्छ। त्योबाहेक अर्को विकल्प छैन। यदि यहाँ नेपालीहरूकै शासन होस् भन्ने चाहन्छौँ भने।

हामी फेरि पनि भन्छौँ यो ठाउँबाट नेपालीको हातबाट सिंहदरबार जल्यो भन्ने कुरामा अहिले पनि विश्वास लागिरहेको छैन। त्यसमा कुनै पक्ष वा तत्त्वको हात छ। त्यो सिंहदरबार हाम्रो सम्प्रभुताको चिनो, त्यो सिंहदरबार हाम्रो स्वतन्त्रताको चिनो। थाहा थियो हामीलाई सिंहदरबार बाँदरहरूको कब्जामा पुगेको थियो तर हामी विदेशीहरूले कब्जा नगरून् भन्ने कुरामा सचेत थियौँ। हामीले बारबार भन्यौँ यो देशका शासकहरू निरो बने जो रोम जलिरहँदा बाँसुरी बजाइरहेका थिए। खबरदार निरो बन्न पाइन्न ! तर बाँसुरी बजाइरहँदा मौका पाए अरू कसैले। हामीले भन्यौँ यहीँ ठाउँबाट नार्सियाली रोगबाट शासक दल र नेताहरू मुक्त हुनुस्। नार्सियाली अर्थात् मनोगतवादी रोग अत्यन्त आत्मघाती हुन्छ। यो विषयमा शासनमा रहेका दलहरूलाई सजग गराउँदछौँ। जनतामाथिको अपमान, जनताको अवमूल्यन र प्रजातन्त्रको मूल्य–मान्यताप्रति लात मार्ने काम भए त्यसकारण हामीले दुर्भाग्य भोग्नुपर्‍यो। यसप्रति सजग बन्न हामी अनुरोध गर्दछौँ।

यो हलभित्र प्रवेश गरिरहँदा हामीलाई लाग्दैन र यो किन खरानी भयो ? अझै पनि नहटेको खरानी देख्दा के मन भारी हुँदैन ? यी जलाइएका डोजरहरू देख्दा, यी जलाइएका गाडीहरू देख्दा के अनुभव हुन्छ ? के यी सामान्य कुरा हुन् ? के चटक्कै बिर्सिदिन मिल्ने कुरा हुन् ? आफ्नै आँखा अगाडि जलाइएको भवन, जुन ठाउँमा हामी यतिखेर उभिएका छौँ त्यो कसले गर्दा भयो ? किन भयो ? त्यसबारे चिन्तन नगरीकन बनाइने या ल्याइने नीति तथा कार्यक्रमको कुनै अर्थ रहनेछैन। हामीले यहाँ भर्खरै सुन्यौँ, 'गर्नुपर्दछ', 'गर्नुपर्दछ'। भोलि सुन्नेछौँ 'गरिनेछ', 'गरिनेछ'। नीति तथा कार्यक्रम आउने त्यस्तै होइन ? अनि अन्तिममा परिणामले के भन्छ ? 'भएन', 'हुन सकेन'। कतिञ्जेलसम्म यसरी लाज ढाक्न सकिन्छ ? जनतालाई हामी फेरि पनि बेवकूफ बनाउने ? यो हो हाम्रो कमजोरी। यो राजनीतिक दरिद्रता ! यो बौद्धिक दरिद्रताको अन्त्य हामी आफैंबाट सुरु गर्न आवश्यक छ। सांस्कृतिक दरिद्ररता र चिन्तनको दरिद्रताको अन्त्यले मात्र विकास या समृद्धि सम्भव छ। कमजोरी रहुञ्जेल हाम्रो बजेट, हाम्रो नीति तथा कार्यक्रम र हाम्रो परिणाम योभन्दा पनि तल्लोस्तरको बाहेक हामीले हातमा पाउने छैनौँ।

आजको खबरले भन्छ, प्रतिभा पलायन अर्थात् ब्रेन ड्रेन डरलाग्दो स्थितिमा। हामीले सुन्यौँ भदौ २३ र २४ गतेभन्दा अगाडि यो देशमै रहने बस्ने वातावरण निर्माण हुनेछ। आजको खबरले भन्छ, लाखौँले फेरि पनि वैदेशिक रोजगारीको निमित्त अनुमति प्राप्त गरे। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लामो लर्को आज पनि छ, हिजो पनि थियो। यसको जिम्मेवारी कसले लिने ? यस्तो परिस्थितिले हामीलाई गिज्याइरहेको छ। ३५ वर्ष सरकार चलायौँ, शिक्षा मन्त्रालय चलायौँ, श्रम तथा रोजगारी मन्त्रालय चलायौँ ! के यो देश म्यानपावर कम्पनीद्वारा सञ्चालित देश हो ? यो प्रश्नको जवाफ शासकहरूले दिनैपर्छ। ३५ वर्ष सरकार हाँक्ने र अहिले हाँकिरहेकाले दिनैपर्छ। वाग्मती सरकारले पनि त्यसको जवाफ दिनैपर्छ।

नेपालीहरूको दूर्दशा अचम्मखालको छ। 'के गर्छौं मङ्गले, आफ्नै ढङ्गले !' शासक दलहरूलाई हामी के भनौँ ? 'तावाको माछा भुङ्ग्रोमा' भनेजस्तै नेपालीहरूको अवस्था छ। त्यो कतिञ्जेल हामीले बेहोर्ने ? यतातर्फ हामी सबै सचेत हुन आवश्यक छ। 'चोरलाई चौतारी, साधुलाई शूली'। कतिञ्जेल हुन्छ ? सधैँ हुँदैन। त्यसको पनि अन्त्य हुन्छ। यो आत्मविश्वास हामीले राख्न आवश्यक छ। वाग्मती प्रदेश सरकारलाई कुम्भकर्णको निद्रा सुत्ने अब छुट छैन। वाग्मती प्रदेश सरकारले केही आशा भरोसा जगाओस् हाम्रो भावना यही हो। हाम्रो शुभकामना यही नै छ। वाग्मती प्रदेश सरकार विलासिताका कुराहरूबाट अलग्गिएर फजुल खर्च नगरी अगाडि बढोस् भन्ने जनताको चाहना छ।

अन्नपूर्ण पोस्टमा हिजो लेखियो: करोडौँ करोड, अरबौँ अरब खर्च गाडी, इन्धन र मर्मतमा ! यसबारे वाग्मती प्रदेश सरकारले जवाफ देला ? ३ अर्बभन्दा बढ्ता हामीले गाडीको नाउँमा खर्च गर्‍यौँ ! यसरी के जनतालाई समृद्धि दिन सक्छौँ ? झन्डै ३० खर्ब बाह्य ऋृण छ। कतिञ्जेल हामीले विदेशीको ऋृणको दासता स्वीकार्ने ? मैले त्यसमा व्याख्या वर्णन गरिनँ। यो उत्पादनशून्यता, यो परनिर्भरता छोड्न सकेनौँ भने हाम्रो दुर्भाग्य योभन्दा बढ्ता झेल्नुपर्नेछ। यो वर्ष मौसम पूर्वानुमानले कम पानी पर्ने र खडेरी हुने बताउँदै छ। धानको उत्पादन घट्ने प्रारम्भिक अनुमान छ। हामी चामल आयात गर्छौं र धानको उत्पादन घट्ने बेलामा भोलिको हाम्रो स्थिति के होला ? भोकमरीको कारण मरेको खबर सुन्न नपरोस् ! आजको खबरमा गर्मीको कारण चार जनाको मृत्यु भएको बताइएको छ। गर्मी ह्वात्तै बढ्नेछ। मौसम पूर्वानुमानले भन्छ। गर्मीको कारण कसैको ज्यान नजाओस्। यतातर्फ पनि संवेदनशील बनौँ।

यो गर्मीसँगसँगै रोगव्याधीको सम्भावना त्यतिकै बढ्नेछ। वाग्मती प्रदेश सरकारको तयारी के छ ? खाद्यसङ्कट आउने सम्भावना छ। यहाँनिर पनि हाम्रो तयारी आवश्यक छ। अघि भर्खरै मुख्यमन्त्रीज्यूले भन्नुभयो कि मध्यपूर्वको लडाइँ अहिले पनि चालू छ। अहिले ऊर्जासङ्कट विश्वव्यापीरूपमा छ। योभन्दा अगाडि पनि हामीले छलफलमा भनेका थियौँ। त्यस्तो बेलामा हामी आफैले खनिखोस्रिकन केही गर्ने र आफ्नै खुट्टामा उभिने तयारी गर्न आवश्यक छ।

तेस्रो विश्वयुद्धको सम्भावनाबारे पनि जानकारहरू छलफल गर्दै छन्। पश्चिमा गोलार्द्धमा एउटा सुन्दर स्वतन्त्र देश छ, क्युवा। क्युवामा अर्को लडाईं सुरु गर्ने फेरि पनि अमेरिका तयारी गर्दै छ भन्ने खबरहरूले भन्छ। यदि त्यो सुरु भएको खण्डमा धेरै सम्भावना छ, तेस्रो विश्वयुद्ध अगाडि बढ्नेछ। त्यो खतरनाक विषय हो। यस्तो सङ्कटको घडीमा यो देशको स्वतन्त्रता र स्वाधीनता कसरी जोगाउने ? जनतालाई यी सम्पूर्ण सङ्कटबाट कसरी जोगाउने ? अहिलेको मुख्य प्रश्न यही नै हो। यस विषयमा वाग्मती प्रदेश सरकारले आफ्नो तर्फबाट तयारी सुरु गरोस्।

अहिले जनताको एउटा प्रश्न छ: छाप्रो ढाल्न सक्ने सरकारले छाया सेन्टर किन ढाल्न सकेन ? छाप्राहरूमा डोजर चलाउने सरकारले सम्पदाहरू मासेर ठड्याइएका महलहरू चाहिँ किन जोगाउँछ ? वर्तमान सरकार कसको हो यसबाट पुष्टि हुन्छ।

*(वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले गत जेठ ११ गते सम्पन्न वाग्मती प्रदेश सभाको १८ औँ अधिवेशनको प्रथम बैठकमा राख्नुभएको विचारको सम्पादित अंश)*

---

**फिडेल...**

प्रतिक्रियावादी प्रहरी जवानहरूले जथाभावी सर्वसाधारण नागरिकहरूको निर्ममतापूर्वक हत्या गर्न थाले। सडक तथा पेटीहरूमा गोलीले छिया-छिया भएका र रक्ताम्य लासहरू फालिन थाले। त्यस राज्य आतङ्कले पनि क्रान्तिकारी जनसेनाको भूमिगत आधारलाई छुन सकेन। उल्टै क्रान्तिकारी जनसेनाको सशस्त्र भूमिगत गतिविधि झन्झन् सुदृढ हुँदै गयो। भूमिगत क्रान्तिकारी सेनासँग सम्पर्कमा रहेको शङ्का गरेर सान्टियागो (Santiago) मा प्रहरीले एकजना क्रान्तिकारी युवालाई गोली हानी मार्‍यो। राति वीर युवकको लासलाई उठाएर लगियो। शहादत प्राप्त गरेको युवककी आमाले छोराको लास उठाएर लगेको ठाउँमै बम लुकाइएको फूलगुच्छा श्रद्धाञ्जलीस्वरूप राखिदिइन्। भोलिपल्ट बिहान एकजना प्रहरीले त्यस फूलगुच्छालाई लात मार्दा बम विस्फोट भई त्यस प्रहरीको शरीर टुक्रा-टुक्रा भई सडकमा छरपस्ट छरिएको दृश्य सडकमा हिँडिरहेका सबैले देखे।

क्रान्तिकारी सेनाले बिस्तारै भूमिगत गतिविधिलाई त्यागेर खुला सशस्त्र फौजी कारबाही सुरु गर्न थाले। लस भिलास प्रान्तको राजधानी सान्ताक्लारातर्फ जान सेना अघि बढिरहँदा फोमेन्तो (Fomento) भन्ने ठाउँमा जनसेना र शत्रु सेनाबिच घमासान रक्तपातपूर्ण भिडन्त भयो। अन्तमा, सान्ताक्लारा जनसेनाको कब्जामा गयो।

हतास मानसिकता बोकेको तानाशाह बातिस्ता, अमेरिकी राजदूत स्मिथ र अमेरिकी साम्राज्यवादले बेलायतमा निर्मित ३० वटा नयाँ ट्याङ्कहरू हवानामा तैनाथ गरे। त्यस्तै, इटालीमा बनेको मेसिनगन राखिएका हजारौँ बाकस ओसारिए। जनसेनाको समर्थनमा हवाना सहर पूर्णरूपले बन्द रह्यो र अमेरिकी साम्राज्यवादविरोधी मौन प्रदर्शन भइरहेको थियो। सम्पूर्ण हवानावासीहरूको हृदयमा स्वयंस्फूर्त निस्केको विद्रोहको ज्वारभाटालाई साम्राज्यवादीहरूको सैन्य बलले रोक्न सकिरहेको थिएन।

हवाना विश्वविद्यालयका हजारौँ क्रान्तिकारी विद्यार्थीहरू र प्राध्यापकहरू अन्तिम छिनोफानोको लागि जुर्मुराइरहेका थिए। त्यसैबेला जननेता एवम् मेजर अर्नेस्टो चे ग्वेभारा जनसेनाको एउटा हिस्साको नेतृत्व गर्दै हवानातर्फ अघि बढे।

बातिस्ताले फिडेल क्यास्ट्रो र जनसेनाका अन्य जवानहरू अघि बढ्नबाट रोक्न नयाँ चालको रूपमा चाल्यो। उसले जनरल कान्टिलो (General Cantillo) लाई मध्यस्थकर्ताको रूपमा वार्ताको लागि सेनाध्यक्ष फिडेल क्यास्ट्रो कहाँ पठायो। जनरल कान्टिलोले फिडेल क्यास्ट्रोलाई बातिस्ताको प्रस्तावको विषयमा चर्चा गर्‍यो। फिडेल क्यास्ट्रोले उक्त प्रस्तावलाई ठाडै अस्वीकार गरे।

**हवानाको राष्ट्रपति भवनमा विजयको झन्डा**

सन् १९५८ डिसेम्बर महिनाको ३१ को रात वायु वेगले हुतिँदै जनसेनाले अचानक तानाशाह बातिस्ताको दरबारमाथि धावा बोल्यो। बातिस्ता नयाँ वर्षको रात्रिभोजमा रमाइरहेको थियो। चट्याङ र आँधीबेहरीसरि क्रान्तिकारी जवानहरू दरबार क्षेत्रभित्र घुस्न थाले। कैयौँ सशस्त्र सैन्य जवानहरू भागे भने कैयौँले आत्मसमर्पण गरे। अत्तालिएको बातिस्ता भने पहिले नै दरबार छोडेर भागिसकेको थियो। बातिस्ता हवाना दरबारबाट अमेरिकी सैन्य आधार क्याम्प कोलम्बिया (Camp Colombia) पुग्यो र त्यहाँ एउटा रात्रिभोज भयो। रात्रिभोजमा उच्च पदाधिकारी र उच्च प्रहरी अधिकारीहरूको उपस्थिति थियो। रात्रिभोज रमझमविहीन निस्तब्धताले छोपिएको थियो। कुनै ठोस प्रस्ताव राखिएन र रात्रिभोजको अन्तमा आएर बातिस्ताको उच्च सैनिक अधिकारी इयुलोजिओ कान्टिलो (Eulogio Cantillo) ले मौनतालाई भङ्ग गर्दै बोल्यो, "क्युवाको गणतान्त्रिक सरकारको रक्षा गर्नको लागि हाम्रा सेनाहरूले सेनाध्यक्ष बातिस्ता सत्ताबाट अवकाश लिनुपर्ने आवश्यक भएको निर्णय गरेको छ।" त्यो कुरा सुनेर बातिस्ता रातोपिरो भयो। उसले आफूलाई सम्हाल्न सकेन। उसले जङ्गिँदै भन्यो, "मेरो उत्तराधिकारीलाई सत्ता नसुम्पीकन म सत्ता छोड्नेवाला छैन।" ऊ आन्द्रेस रिभेरो अगुएरो (Andress Rivero Aguero) लाई आफ्नो उत्तराधिकारी बनाउन चाहन्थ्यो। तर, आन्द्रेस रिभेरो अगुएरो भने बातिस्ताको उत्तराधिकारी बन्नुपर्ने डरले भागिसकेको थियो। हुन त कान्टिलोको सल्लाहअनुसार बातिस्ताका प्रधानमन्त्री राजनैतिक शरणको लागि गुप्तरूपले डोमिनिकन गणतन्त्रको भ्रमण गरी त्यहाँको तानाशाह राफेल लिओनिदास त्रुजिलो (Rafael Leonidas Trujillo) सँग कुरा मिलाई फर्किसकेको थियो। डोमिनिकन गणतन्त्रको तानाशाहले अर्जेन्टिनाका पूर्वतानाशाह ज्वान पेरन (Juan Peran) लाई राजनीतिक शरण दिएको थियो। बातिस्ता र उनका सहयोगीहरू रातारात देश छाडेर भाग्ने तरखरमा थिए। सत्ताच्युत बातिस्ता आफ्ना पाँच सयजना सहयोगीहरूको साथमा क्याम्प कोलम्बिया विमानस्थलबाट भाग्न सफल भयो।

यसरी एकै रातमा झट्ट पत्याउनै नसक्ने गरी क्युवाको सबैभन्दा अत्याचारी र क्रूर तानाशाही बातिस्ताको सत्ता ढल्यो। नयाँ वर्ष १९५९ जनवरी १ को बिहानीको सूर्यसँगै क्युवाको राज्यसत्ता फिडेल क्यास्ट्रोको नेतृत्वमा जनसेना र सम्पूर्ण क्युवाली जनताको हातमा गयो। यो नयाँ युगको सूत्रपात क्युवाको मात्र होइन, सम्पूर्ण दक्षिण अमेरिकी महादेशको थियो। क्युवाली जनताले पुस्तौँ पुस्तादेखि यसै दिनको प्रतीक्षा गरिरहेका थिए। एकजना अमेरिकी संवाददाताले लेखेका थिए, "कहिलेकाहीँ मध्यरात र झिसमिसे उज्यालोबिचको छोटो समयमा पनि सत्ता पल्टिन सक्दोरहेछ।"

त्यसदिन राष्ट्रनायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रोले सान्टियागोको जनसभामा घोषणा गरे, "पुरानो युगको अन्त्य भई स्वतन्त्रताको नयाँ युगको सूत्रपात भएको छ। म मानव अधिकार, न्याय र शान्ति सुनिश्चित गर्ने वाचा गर्दछु।"

पाँच दिनपछि उनी सान्टियागोबाट हवाना पुगे। सम्पूर्ण हवानावासीले जननायक, राष्ट्रनायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रो र जनसेनालाई निकै हर्षपूर्वक भावविह्वल भई हार्दिक स्वागत र अभिनन्दन गरे। हवानाको त्यस ऐतिहासिक र अभूतपूर्व जनसभामा उनले अत्यन्त हृदयस्पर्शी र सशक्त भाषण दिए। अनेक कष्ट झेल्दै ज्यानको बाजी लगाई लुकीछिपी जनसेनालाई हातहतियार, रसद-पानी, सैनिक पोशाक र गुप्त खबर पुर्‍याइदिने महान् र वीर क्युवाली महिलाहरूको पनि उनले मुक्तकण्ठले प्रशंसा गरे।

हवानामा फिडेल क्यास्ट्रोको स्वागतको विषयमा सन् १९५९ जनवरी १९ मा न्युयोर्कबाट प्रकाशित हुने पत्रिका टाइम (Time) ले यसरी लेख्यो, "हवाना सहरको परिसरमा फिडेल क्यास्ट्रो आइपुग्दा कलकारखाना, पसल, विद्यालय, कलेज र कार्यालय सबै बन्द थिए। सडक र घरको झ्याल, बार्दली एवम् कौसीमा हवानाका जनता फिडेल क्यास्ट्रोको स्वागत गर्न खचाखच थिए र उनीहरू करतल ध्वनिका साथ ताली बजाउँदै थिए। मारमोन हारिङगटन ट्याङ्क (Marmon Harrington Tank) हरू फिडेल क्यास्ट्रो चढेको जीपको लागि बाटो सफा गर्दै अघि बढिरहेका थिए। अन्तमा जनसेना लावालस्करको साथमा फिडेल क्यास्ट्रो हवानाको दरबारमा प्रवेश गरे। त्यहाँ उनको न्यानो स्वागत भयो। उनले उपस्थित जनभेलालाई सम्बोधन गर्दै भने, "मलाई यो दरबारको कहिल्यै मोह थिएन र मलाई के थाहा छ भने तपाईँहरूलाई पनि यो दरबारको कुनै चाहना थिएन। तर, नयाँ सरकारले हाम्रो भावनालाई बदलिदिनेछ।"

***- 'फिडेल क्यास्ट्रो, क्युवा र क्युवाली समाजवाद' बाट***

# सम्बन्ध विच्छेद हुने पत्नी वा बुहारीले पाउने अंश हकको प्रश्न



रामप्रसाद प्रजापति

**विवाहित छोरीले अंश पाउने सर्वोच्चको पछिल्लो फैसला, हट्यो सबै अङ्कुश !**

यस सम्बन्धमा पछिल्लो समय सर्वोच्च अदालत, बृहत् पूर्ण इजलासको मिति २०८२ असार ३१ गते राममणि मुडभरीविरुद्ध पुनम मुडभरी (अंश चलन मुद्दा ०७५-डिएफ-०००४) को मुद्दामा गरेको फैसलाले छोरीको अंश हकसम्बन्धी दायरालाई अझ फराकिलो बनाउँदै २०७४ असोज १४ गतेपछि विवाह गरेकी विवाहित छोरीले पनि अंश पाउने नजिर स्थापित भएको छ ।

२०५८ को संशोधनले ल्याएको विवाह गरेकी छोरीको अंशबन्डा गर्नु पर्दैन भन्ने कानुनी व्यवस्थालाई २०७२ सालमा खारेज गरेपछि अन्यौलमा रहेको विवाहित छोरीले अंश पाउने कि नपाउने भन्ने विवादलाई सर्वोच्च अदालतले २०८२ असार ३१ गते टुङ्ग्याएको छ ।

सर्वोच्च अदालतले मिति २०७२ असोज १४ गते मुलुकी ऐन संशोधन भएको दिनभन्दा पछि विवाह गर्ने छोरीहरूले पनि आफ्ना आमाबाबुबाट छोरासरह अंश पाउने फैसला गरेको छ । उक्त फैसला सर्वोच्च अदालतका न्यायाधीशहरू सपना प्रधान मल्ल, डा. मनोकुमार शर्मा, शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलले गरेका हुन् ।

फैसलामा महेश शर्मा पौडेल र सपना प्रधान मल्लले त संविधान र कानुनले प्रत्याभूत गरेको विवाहित छोरीको पैतृक सम्पत्तिमाथिको अंश हकलाई सङ्कुचन गर्ने गरी कुनै पनि किसिमको दृष्टिकोण राख्न हुँदैन भनी फरक मत राख्दै सबै विवाहित छोरीहरूले अंश पाउनुपर्ने राय प्रस्तुत गरेको बुझिन्छ ।

**पत्नी वा बुहारीको अंश हकको प्रश्न**

मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १० मा अंशबन्डासम्बन्धी कानुनी व्यवस्था गरिएको पाइन्छ । परिच्छेद १० को दफा २०५ मा "सगोलको सम्पत्ति अंशबन्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन् ।" भन्ने व्यवस्था रहेको छ ।

सोही परिच्छेदको दफा २०६ मा "प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन् । अंशबन्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशयार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबन्डा गर्नुपर्नेछ ।" भन्ने कानुनी व्यवस्था रहेको छ ।

यसरी नेपालको अंशबन्डासम्बन्धी कानुनी व्यवस्था हेर्दा अंशियार भन्नाले "पति, पत्नी, बाबु, आमा र छोरा, छोरी" मात्रै समान अंशियार हुन् भन्ने प्रष्ट हुन्छ ।

त्यसो भए बुहारीको अंश हकको प्रश्न के हो त ?

बुहारीले के कति अंश हकबापतको सम्पत्ति पाउने हो त ? भन्दा सोही परिच्छेदको दफा २०९ मा सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नी ( बुहारी) ले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन् । अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी (बुहारी) वा छोरा, छोरीले पाउनेछन् । कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू (बुहारीहरू) भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन् ।" भन्ने व्यवस्था गरिएको पाइन्छ ।

यो मानेमा बुहारीहरू अंशमा समान तहका अंशियार मानिएको देखिएन । बुहारीहरूले आ-आफ्ना पतिको अंशबाट आफ्नो हाँगातर्फ जे जतिजना समान तहका अंशियारहरू छन्, तिनीहरूबिच बराबर अंश हक पाउने व्यवस्था रहेको पाइन्छ ।

समान तहका अंशियार भन्नाले दफा २०५ बमोजिमका "पति, पत्नी, बाबु, आमा र छोरा, छोरी" मात्रै समान अंशियार हुन् ।

**सम्बन्ध विच्छेद हुने पत्नी वा बुहारीको अंश हकको प्रश्न**

सम्बन्ध विच्छेद गर्न चाहने बुहारीले को कससँग के कति सम्पत्ति पाउने होला त ? यस प्रस्तुतिमा आज हामी हिजोआज बढ्दो सम्बन्ध विच्छेदका मुद्दामा पत्नी अर्थात् बुहारीले कति अंश पाउने भन्ने विषयमा छलफल गर्न खोजेका छौं ।

माथि छलफल गरिएबमोजिम पत्नी वा बुहारी (छोरा बुहारी) ले आफ्ना पतिको अंश हकबाट मात्रै अंश पाउने कानुनी व्यवस्था रहेको चर्चा भइसकेको छ । अर्थात छोरा बुहारीले छोराले पाउने अंश हकमध्येबाट सन्तान नभएको अवस्थामा छोरा र बुहारी मात्र अंशियार रहे भए आधा आधा, सन्तान जन्मेको हकमा छोरा र बुहारीबाट जन्मिएका सन्तानहरू र छोरा बुहारी (बाबु, आमा) को बराबर अंश गरी बुहारीले १ (एक) भाग अंश पाउने भएको छ ।

सामान्य अवस्थामा मिलेर सम्बन्ध विच्छेद गरे पनि, मुद्दा गरी अदालतबाट फैसला गराई सम्बन्ध विच्छेद भए पनि उल्लेखित अंश हक सम्बन्धी कानुनी व्यवस्था समान रूपमा लागु हुने देखिन्छ ।

खासमा सम्बन्ध विच्छेदसम्बन्धी कानुनी व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ३ मा गरिएको छ ।

उक्त परिच्छेदको दफा ९३ मा पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । दफा ९४ मा पतिले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरू र दफा ९५ मा पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरू तोकिएको पाइन्छ ।

मूलत: पतिले सम्बन्ध विच्छेद गर्न पाउने आधार कारणहरूमा १, तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा, २, खान लाउन नदिई घरबाट निकाला गरेमा, ३, ठुलो शारीरिक वा मानसिक कष्ट हुने काम वा जाल प्रपञ्च गरेमा र ४, परपुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा भन्ने छ ।

त्यस्तै पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने आधार कारणहरूमा १, तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा, २, खान लाउन नदिई घरबाट निकाला गरेमा, ३, ठुलो शारीरिक वा मानसिक कष्ट हुने काम वा जाल प्रपञ्च गरेमा, ४, पतिले अर्को विवाह गरेमा, ५, पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा, ६, पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा । उल्लेख छन् ।

उल्लिखित कानुनी बन्दोबस्त हेर्दा पत्नी/महिला/बुहारी मानिसले सम्बन्ध विच्छेद गर्न पाउने थप २ आधार कारणहरूमा १, पतिले अर्को विवाह गरेमा र २, पत्नीलाई पतिले जबरजस्ती करणी गरेको ठहरेमा भन्ने दुई थप आधार रहेको देखिन्छ ।

आज सम्बन्ध विच्छेद गर्ने आधारतर्फ चर्चा नगरी सोही परिच्छेदको दफा ९९ ले सम्बन्ध विच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने भन्ने कानुनी व्यवस्थाको छलफल गरौं ।

दफा ९९ मा "पतिको कारणबाट पति पत्नीको बिच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नुअघि पति पत्नीबिच अंशबन्डा गर्न लगाउनुपर्नेछ ।" भन्ने कानुनी व्यवस्था गरेको पाइन्छ । अर्थात् पतिले सम्बन्ध विच्छेद गर्न चाहेमा पत्नीलाई अंश हक छुट्याई दिनुपर्ने हुन्छ ।

सोही दफाको उपदफा (२) मा पत्नीले खान लाउन नदिई घरबाट निकालेको बाहेकका आधारमा सम्बन्ध विच्छेद गर्न लोग्ने मान्छ वा पतिले चाहेको खण्डमा पनि पतिको कारणबाट सम्बन्ध विच्छेद हुने अवस्था भएको मानिने कानुनी व्यवस्था गरिएको छ ।

उल्लिखित कानुनी व्यवस्थालाई हेर्दा पतिले वा पत्नीले जसले चाहे पनि लगभग सम्बन्ध विच्छेद हुनुअघि अंशबन्डा गर्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

**विवाह गरी एक दिन पनि पतिसँग नबस्ने बराबर अंश पाउने ?**

अब प्रश्न उठ्छ कि विवाह भएको के कति समय पतिको घरमा पतिको घरपरिवारसँग समय व्यतीत गरेको बुहारी वा पत्नीले के कति अंश हकबापतको सम्पत्ति पाउने भन्नेबारे नेपालमा प्रचलित कानुनी व्यवस्थाको अध्ययन गर्दा जतिसुकै समय व्यतीत गरेको किन नहोस् अंशबन्डासम्बन्धी माथि चर्चा गरिएको कानुनी व्यवस्थाबमोजिम बुहारीले आफ्नो पतिको अंशबाट बराबर अर्थात् समान अंश हक पाउने देखिन्छ ।

अर्थात विवाह गरेको १ (एक) दिन बसेकी पत्नी/बुहारीले पनि बराबर अंश हक पाउने देखिन्छ भने विवाह भएको जतिसुकै समय पति र पतिको परिवारसँग जीवन यापन गरेकी पत्नी/बुहारीले पनि बराबर अंश हक पाउने देखिन्छ ।

विवाह गरेर सन्तान नजन्माएको अवस्थामा पनि वा एक वा एकभन्दा बढी सन्तान जन्मिएको अवस्थामा पनि बुहारीले अंशबन्डासम्बन्धी कानुनी व्यवस्थाबमोजिम समान वा बराबर अंश हक पाउने देखिन्छ ।

सम्बन्ध विच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने अवस्थामा समान वा बराबर अंश हक पाउने विद्यमान कानुनी व्यवस्था के उचित हो ? प्रश्न उठ्न थालेको छ ।

विवाह भएको ४ दिन पनि पतिको घरमा नबस्ने, पतिसँग एकछिन पनि सँगै नसुत्ने बुहारीले छोरा वा पति सरह समान अंश पाउने विद्यमान कानुनी व्यवस्था उचित होइन कि ? भन्ने प्रश्न उठ्न थालेको छ ।

कागजी रूपमा विदेश जाने प्रयोजनका लागि दर्ता विवाह गरी सम्बन्ध विच्छेद गर्ने क्रममा विवाद बढ्दै जाँदा अंशबन्डा गर्नुपर्ने कि नपर्ने भन्ने प्रश्न उठेका मुद्दामा चाहिँ सर्वोच्च अदालतबाट यसरी विदेश जाने प्रयोजनका लागि मात्र विवाह दर्ता गरेको र सँगै बसेको नदेखिएको हकमा अंशबन्डा गर्न नपर्ने फैसला भएको पाइन्छ ।

तर सामाजिक परम्पराबमोजिम विवाह भएको अवस्थामा चार दिन पनि नबसेकी बुहारीलाई र दशौं वर्ष पति, पतिको परिवारको सेवा टहल चाकरी गरी बसेकी बुहारीले पनि समान अंश पाउने कानुनी व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने हो कि ? भन्ने प्रश्न उठेको हो ।


अत: विवाह भएको के कति मितिसम्म सम्बन्ध विच्छेद हुने भएमा अंश हक दाबी गर्न नपाउने वा पाउने भएमा पनि समान वा बराबर अंश हक नपाउने के कति प्रतिशत पाउने भन्ने सीमा तोकिनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

सम्बन्ध विच्छेद गर्दै गर्दा अंश हकको सम्पत्ति दिनु पर्ने वा पाउने देखिएमा विवाह भएको समयावधि, पति र पतिको परिवारसँग बसे, नबसेको अवस्था, पति वा पतिको परिवारको टहल चाकरी, हेरविचार गरे नगरेको अवस्था, सन्तान भएको वा नभएको अवस्था, सम्बन्ध विच्छेद हुने दफा ९४ र ९५ मा उल्लिखित के कुन आधार/कारणबाट सम्बन्ध विच्छेद हुने हो सो आधार कारणको आधारमा पनि सम्बन्ध विच्छेद हुने बुहारी वा पत्नीले पाउने अंश हकको सम्पत्तिको सीमा फरक फरक हुनुपर्ने छलफल सुरु भएको छ ।

त्यस प्रकारको व्यवस्थाले बुहारी र आश्रित परिवारले उचित न्याय अथवा समन्याय पाएको अनुभूति गरिने देखिन्छ । अन्यथा विवाह गरेको एक दिन पनि पतिको घरमा नबसेकी बुहारीले पतिबाट बराबर अंश लाँदै गर्दा पतिको अंश घटदै जाने र पछिल्लो श्रीमती र सन्तानले नगन्य वा नाम मात्रैको अंश हकको सम्पत्ति प्राप्त गर्ने अवस्था आउने देखिन्छ । जुन न्यायको मान्य सिद्धान्त प्राकृतिक न्यायको सिद्धान्तबमोजिम समेत उचित होइन ।

अत: सम्बन्ध विच्छेद गर्दा सम्बन्ध विच्छेद गर्न चाहने पत्नी वा बुहारीले पाउने अंश हकको सम्पत्ति फरक फरक अवस्थामा फरक फरक मात्रामा मात्र दाबी गर्न वा प्राप्त गर्न सक्ने सीमा तोकिएको कानुनी व्यवस्था हुनु आवश्यक छ ।

## क्व्होलासोथार गा.पा. र भक्तपुर न.पा.बिच असल अभ्यास आदानप्रदान




भक्तपुर । भक्तपुर नगरपालिकाको सुशासन र असल अभ्यासबारे अध्ययन गर्न गण्डकी प्रदेशको लमजुङ जिल्लाअन्तर्गत क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङको नेतृत्वमा गाउँपालिकाका उपप्रमुख, वडाध्यक्ष तथा कर्मचारीहरूको टोलीले जेठ १३ गते भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गऱ्यो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गा.पा. अध्यक्ष गुरुङ र उपाध्यक्ष गमीमाया गुरुङसहितको टोलीलाई खादा, भादगाउँले टोपी र परम्परागत थैली दिई सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणलगायत नपाको सेवा प्रवाहका विषयमा जानकारी गराउँदै भक्तपुर नगरपालिकाले पारदर्शिता, अनुशासन र जनसहभागितालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताउनुभयो ।

उहाँले असल अभ्यास आदानप्रदानले स्थानीय तहहरूबिच सहकार्य र सिकाइको वातावरण बलियो हुने धारणा व्यक्त गर्दै स्थानीय तहहरूले आ-आफ्नो विशेषताअनुसारको विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुरमा विगतदेखि नै योजनाबद्ध विकास भइरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले पर्यटकीय क्षेत्रको विकासलाई प्राथमिकता दिइएको बताउनुभयो । नगरमा भएका विकास निर्माणका कामबाट नागरिकहरू प्रत्यक्ष लाभान्वित भइरहेको बताउँदै उहाँले विकास निर्माणका काममा उपभोक्ता मोडललाई प्राथमिकता दिइएको बताउनुभयो ।

क्व्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले भक्तपुर नगरपालिकाको कार्यशैली, सरसफाइ अभियान, कृषि, सांस्कृतिक सम्पदा संरक्षण तथा विकास निर्माणका कामहरूको जानकारी पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

अध्यक्ष गुरुङले क्व्होलासोथार गाउँपालिकाले पर्यटकमैत्री सडक निर्माण, सुविधासम्पन्न संरचना विकास तथा स्थानीय उत्पादन र संस्कृति संरक्षणमा जोड दिँदै आएको जानकारी दिनुभयो ।

भौगोलिक बनावटले सुन्दर क्व्होलासोथार गाउँपालिका गुरुङ समुदायको बाहुल्यता भएको यस क्षेत्रमा नमुना गाउँ घले गाउँ र भुजुङ पनि पर्ने उल्लेख गर्दै कृषि, पर्यटन र संस्कृतिले पनि यस क्षेत्रको आफ्नो छुट्टै पहिचान बनाएको बताउनुभयो ।

गाउँपालिकाको बेरुजु न्यूनीकरण गर्न प्रयासरत रहेको बताउँदै उहाँले ग्रामीण पर्यटनलाई विकासको मुख्य आधारको रूपमा लिएर काम गर्दै आइरहेको बताउनुभयो । उहाँले गाउँपालिकाले प्रत्येक वडामा घुम्ती सेवामार्फत नागरिक सुनुवाइ कार्यक्रम गर्दै आएको र त्रैमासिक रूपमा गाउँपालिकाका गतिविधि समेटेर बुलेटिन प्रकाशन गर्दै आएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष गुरुङलाई भक्तपुर नपाका प्रकाशन र मयुरको झ्याल उपहार प्रदान गर्नुभयो । टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि, ख्वप कलेज अफ ल र ख्वप अस्पतालको स्थलगत अवलोकन भ्रमण गऱ्यो ।

**कङ्गोमा...**

योजना रहेको बताए । युगान्डाको स्वास्थ्य मन्त्रालयले मे २२ गते सम्म पनि उपचार केन्द्रमा अमेरिकी 'संलग्नता नदेखिएको' बतायो । सन् २०१४ मा इबोला महामारी फैलिँदा अमेरिकाले ५ अर्ब ४० करोड डलर सहयोग गर्ने घोषणा गरेको थियो ।

**फैलिँदो छ महामारी**

भाइरस युगान्डाको राजधानी काम्पाला पुगेको छ । त्यो सहरमा अन्तर्राष्ट्रिय विमानस्थल छ । भाइरस रुवान्डाको सीमामा पर्ने प्रमुख नाका गोमा सहरमा पनि देखापरेको छ । सयौँ माइल परसम्म सङ्क्रमण देखिएको छ । कुन बाटो हुँदै भाइरस त्यहाँ पुग्यो भन्ने अज्ञात छ ।

भुइँ तहमा काम गर्ने सहयोग समूहहरूले आधारभूत सामग्रीको अभाव भएको बताउँदै छन् । जुलिएन्नी लुसेङ्गे 'समावेशी शान्ति तथा विकासका लागि महिला ऐक्यबद्धता' नामक संस्थाकी अध्यक्ष हुन् । उनी बुनियानजिकै सानो अस्पताल चलाउँछिन् । उनले भनिन्, "नर्सहरूलाई दिनका लागि हामीसँग हातमा दल्ने सेनिटाइजर र मास्क मात्र छन् ।"

हर्बट लुस्वाता युगान्डाको कासेसेस्थित ब्वेरा अस्पतालका डाक्टर हुन् । उनले मे २१ गतेको स्थितिबारे बताए, "हामी एकदम त्रसित छौँ । हामी कत्ति पनि सुरक्षित छैनौँ । सहयोग एकदम सुस्त र अपुग छ । इबोला जस्तो महामारीका लागि यति सहयोगले पुग्दै पुग्दैन । जब कि यो महामारीको मृत्युदर एकदम उच्च छ । स्वास्थ्यकर्मीको रूपमा हामी एकदम असुरक्षित छौँ ।"

बन्डिबुग्यो महामारी आउनुभन्दा धेरै पहिले नै यो रोगविरुद्ध लड्ने पूर्वाधारहरू सङ्क्रमित क्षेत्रबाट हटाइएको थियो । स्वास्थ्यकर्मीहरू सुरक्षा साधन प्रयोग नगरी बिरामीको उपचारमा खटिएका छन् । लास राख्ने ब्याग प्रयोग नगरी रोगीहरूलाई जमिनमा गाडिँदै छ । यसरी अन्त्येष्टि गर्ने स्थानीय समुदायहरू आफै असुरक्षित छन् । तैपनि, साम्राज्यवादीहरूले रोजगारी खोसेका नर्स, डाक्टर, मलामी समूह, महिला सङ्गठन तथा सामुदायिक स्वास्थ्य स्वयंसेवीहरू उपचारको अघिल्लो मोर्चामा खटिएका छन् । उनीहरू बिनारक्षाकवच महामारीसँग लड्दै छन् ।

कङ्गो र युगान्डाका जनताले आफ्नो देशमाथि अरूले गरेको बिगारको मूल्य चुकाउँदै छन् । त्यो बिगार प्रकृतिले गरेको थिएन बरु शासन चलाउने नाममा साम्राज्यवादी शक्ति, बैंक, खानीमा एकाधिकार चलाइरहेका खर्बपति, औषधि कम्पनी र पुँजीवादी सरकारहरूले गरेका थिए ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

## प्रधानमन्त्रीहरू के भन्छन् ?

● माया

एउटा भन्छन्,
नेपालले भारतको सीमा मिच्यो
भन्न लगाउन नै
मलाई प्रधानमन्त्री बनाइएको हो
अर्को भन्छन्,
महाकाली सन्धिमा सही गर्ने सर्तमा
मैले प्रधानमन्त्री पाएको हो
तेस्रो भन्छन्,
सार्वजनिक संस्थानहरू बेच्ने भएरै
मलाई प्रधानमन्त्री दिइएको हो
चौथो भन्छन्,
ऋणमा देश डुबाउन नै
मलाई प्रधानमन्त्री दिइएको हो
पाँचौं भन्छन्,
युवा विदेशको काममा पठाउन
चुरे दोहन गरी मरुभूमि बनाउन
मलाई प्रधानमन्त्री बनाइएको हो ।

*(२०८३ जेठ १७ गते)*

# संसद् जनताका समस्या सम्बोधन गर्ने थलो

संसद् विरोधको लागि विरोध गर्ने ठाउँ होइन न त बहुमतको नाउँमा विपक्षी दलका सांसदहरूलाई पेल्ने ठाउँ हो । संसद्मा निर्वाचित दलका सांसदहरूले आ-आफ्नो दलको जनताको समस्याबारे ध्यानाकर्षण गर्नुपर्छ । संसद् भनेको सुन्ने र सुनाउने थलो मात्र होइन जनताका समस्या सम्बोधन गर्ने थलो पनि हो । सरकारले बजेट भाषणमा बजेटबारे सुझाव दिन आग्रह गरेको थियो । दललाई बजेटबारे सुझाव दिन समय दिनुपर्छ; समय दिएर निकास पनि खोज्नुपर्छ । दलको धारणा राख्न या जनताको समस्या सुनाउन एक दुई मिनेटको समय पुग्दैन । एक-दुई मिनेटमा जनताको समस्या कसरी पोख्न सकिन्छ ? सरकारले मन्त्रालयगत बजेट छुट्याएको छ । हरेक मन्त्रालयको बजेटबारे छलफल अघि बढाउनुपर्छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, खानेपानी, सूचना र प्रविधि आदि विषयमा हरेक दिन छलफल गर्नुपर्छ । विषयमा छलफल नै नगरी बहुमतको आधारमा बजेट पास गर्ने काम प्रजातान्त्रिक पद्धतिभित्र पर्दैन ।

सरकारले सार्वजनिक गरेको बजेट व्यावहारिक छ छैन ? आयस्रोत जुट्छ, जुट्दैन ? लागू गर्न सक्छ कि सक्दैन ? बाह्य र आन्तरिक ऋण जुट्छ कि जुट्दैन ? लिइएको ऋण र सोको ब्याज कहिले कसरी तिर्ने भन्नेबारे संसद्मा गहन छलफल हुनुपर्छ । बजेट जनतासामु पारदर्शी गर्नेमात्र होइन लागू पनि गर्नुपर्छ । लागू गर्ने वातावरण सरकारले तयार गर्नुपर्छ । तर, विडम्बना ! कुनै पनि सरकारले तय गरेको बजेटअनुसार काम गर्न सकेको छैन । सरकारले रासायनिक मल आयातको निम्ति बजेट त छुट्यायो । तर, बजेट मात्र छुट्याएर हुँदैन । रोपाइँको निम्ति देशभर रासायनिक मल सर्वसुलभ हुनुपर्छ । रासायनिक मल वितरणमा सरकारले विभेद गर्नु हुँदैन । रास्वपाको वाचापत्र संविधानमा उल्लेख भएअनुसार शिक्षा नि:शुल्क गर्ने उल्लेख छ । त्यो वाचापत्रअनुसार बजेटमा उल्लेख गरेको पाइँदैन ।

सरकारले मध्यमवर्गको शिर उठाउने बजेट ल्याएको दाबी गरेको छ । बजेटमा शिक्षा, स्वास्थ्य, रोजगारी, आम्दानी, उद्यमशीलता र करका विभिन्न दरमा उच्च छुट प्रदान गरेको घोषणा गर्ने सरकार श्रमजीवीवर्गको पक्ष या हितमा काम गर्न किन पछि हट्यो ? एकातिर सरकारले कर बढाउने र अर्कोतिर छुट दिने काम के द्वैधचरित्र होइन ? सरकारले महत्त्वाकाङ्क्षी बजेट सार्वजनिक गरे पनि मुलुकको कूटनीति र परराष्ट्र सम्बन्ध सुदृढीकरणको पाटो ओझेलमा परेको परराष्ट्रविद्हरूको विश्लेषण गलत होइन । विज्ञहरू भन्छन्, "कूटनीतिलाई खर्चिलो प्रशासनिक संरचना मात्रै ठानियो ।" सरकारले शिक्षामा लगाएको ३ प्रतिशत कर निजी लगानीमा सञ्चालित शिक्षालय र अभिभावकले स्वीकार नगर्ने खबर प्रकाशमा आएको छ । सरकारले लगाएको उक्त करको निर्णय फिर्ता नलिए आन्दोलन गर्ने चेतावनी निजी विद्यालय आबद्ध सङ्घ-सङ्गठनले दिन थालेको छ । जेठ १७ गते प्रकाशित 'नेपाल समाचारपत्र' मा लेखियो, 'निजी विद्यालयको बैठक जारी : भोलिसम्म धारणा सार्वजनिक गर्ने ।'

सोही दिनको 'नयाँ पत्रिका' मा लेखियो, 'बजेट रूपान्तरणको मार्गचित्र कि ऋणको महत्त्वाकाङ्क्षी भारी ?' मुलुकको जर्जर आर्थिक संरचना र बढ्दो ऋणको बोझमा टेकेर बनाइएको बजेटबारे योजनाविद्हरू भन्छन्, स्रोत व्यवस्थापनको पाटो चुनौतीपूर्ण देखिन्छ । कुल विनियोजनको ३१ प्रतिशत अर्थात् ६५७ अर्ब २ करोड ऋणबाट पूर्ति गर्ने लक्ष्य पूरा होला कि नहोला ? आगामी वर्षमै आन्तरिक र वैदेशिक ऋणको सावाँ फिर्ता दिन के सरकार सफल होला ? बढ्दो महँगी नियन्त्रण गर्ने, बिचौलियाको अन्त्य गर्नेतर्फ सरकारको ध्यान गएको छैन । के अब देशभरि बिजुली पुग्छ ? ५० भन्दा कम विद्यार्थी रहेका आठ हजार सामुदायिक विद्यालय गाभ्ने सरकारको तयारीले देशको शिक्षा स्थिति नाजुक भएको देखाउँछ । सामुदायिक विद्यालयको यो नाजुक अवस्थाको हल गर्ने उपाय के विद्यालय गाभ्ने हो ? एउटा विद्यालय र अर्को विद्यालयको दूरीमा कोसौं फरक हुन्छ । विद्यार्थी विद्यालयमा कसरी पुग्छन् ? यसरी विद्यालय गाभेर कतै विद्यार्थीको पढाइ छुट्ने त होइन ? प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा केटाकेटी पाराले जवाफ दिनु उचित होइन । भारतले नेपाली भूमि कहाँ कति मिच्यो र नेपालले कहाँ कति मिच्यो ? प्रम साहले स्पष्ट गर्नुपर्छ । देशको नेतृत्व सम्हाल्ने प्रम साहले नेपालले भारतको भूमि मिचेको भन्न सुहाउँदैन न त पदले नै दिन्छ ।

# दललाई सरकारी अनुदान
# सैद्धान्तिक र व्यावहारिक रूपमा गलत

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले 'राष्ट्रिय' मान्यता प्राप्त राजनीतिक दलहरूलाई सरकारी अनुदान दिने नीति लिएको छ । दलले पछिल्लो निर्वाचनमा प्राप्त गरेको मतको आधारमा देशको राज्यस्रोत बाँड्ने नीति सैद्धान्तिक र व्यवहारिक रूपमा उचित छैन । कर्मचारीलाई तलब खुवाउन देशको आयस्रोतले नभ्याएको बेला राजनीतिक दललाई अनुदान दिने सरकारी नीति उचित होइन । तलब खुवाउन नसकेरै चार मन्त्रालय, ३१ निकाय खारेज र ६ निकाय मर्जर गरेर प्रशासनिक खर्च घटाउन लागेको सरकारले राजनीतिक दललाई अनुदान दिएर पाल्ने कुरा कुनै पनि दृष्टिले सही होइन । के कुनै राजनीतिक दललाई अनुदान दिन नै बजेटमा कार्यालय, विभाग तथा दरबन्दी कटौती गरिएको हो ?

मुलुकको अर्थतन्त्र कमजोर भएको बेला दलले सरकारको लागि सहयोग गर्नुपर्ने बेला सरकारबाट अनुदान लिएर देशको राजस्व रित्तो पार्ने काम नेपालजस्तो गरिब देशको लागि सुहाउँदैन । अनुदान भ्रष्टाचार अन्त्य गरी सुशासनको निम्ति जेनजी आन्दोलनको क्रममा सहिद भएका युवा-विद्यार्थीहरूको मर्म र भावनाविपरीत छ । के उनीहरूको त्याग र बलिदान देशको राज्यस्रोत राजनीतिक दलहरूलाई पोस्न हो ? जेन-जीहरूको प्रतिनिधित्व गर्ने राजनीतिक दल रास्वपालाई त यो कदम झन् सुहाउँदैन । गलत कार्य गरेर गलत सन्देश जाने काममा कुनै राजनीतिक दलसँग बहस गर्नुपर्ने होइन या त्यो बहसको विषय होइन । अनुदान दिने सरकारी नीतिको अरु सबै दलले विरोध एवं भर्त्सना गर्नुपर्छ । उक्त सरकारी नीति सरकारले पुन: विचार गरेर खारेज गर्नुपर्छ ।

राजनीतिक दललाई अनुदान दिएर कुनै दलले चन्दा या सहयोग लिँदैन भन्ने कुरा होइन । राजनीतिक दल जनताबाट बनेको हो । राजनीतिक दल सरकारको निकाय होइन । विद्यार्थी र शिक्षकले राजनीति गरे भनेर राजनीति गर्न नपाउने गरी प्रजातन्त्रकै उपहास गर्न लागेको सरकारले अब राजनीतिक दललाई पाल्ने कुरा कसरी सही हुन्छ ? आज सरकारले राजनीतिक दलको लागि अनुदानको व्यवस्था गर्छ भने भोलि राजनीतिक दलको लागि कार्यालय खोल्न जग्गाको व्यवस्था गर्न र पार्टी कार्यालय बनाउन आर्थिक सहयोग गर्न बेर लाग्दैन । यो नीति विगतमा पनि ठुला राजनीतिक दलले ल्याएको थियो । राजनीतिक दल, नागरिक समाज र जनताको व्यापक विरोध भएपछि हटाइएको थियो ।

सरकारी बजेटमा वैदेशिक ऋण २ खर्ब ४७ अर्ब २९ करोड र आन्तरिक ऋण ४ खर्ब १० अर्ब गरी ६ खर्ब ५७ अर्ब २९ करोड ऋण लिनुपर्ने अनुमान गरिएको छ । देशको कुल बजेट २१ खर्ब २४ अर्ब र ३४ करोड छ । यस हिसाबले देशको बजेट झण्डै ३३ प्रतिशत ऋणमा अडेको छ । यसरी आन्तरिक र वैदेशिक ऋणको भरमा बनेको देशको बजेटमा राजनीतिक दलले अनुदान लिएर राइँदाइँ गर्ने कुरा सोह्रै आना गलत छ । अझ बजेटमा ६१ अर्ब ७४ करोड वैदेशिक ऋण लिनुपर्ने अनुमान गरिएको छ । दलले सरकारी अनुदान लिएर सरकारको उद्देश्य पूरा हुनेछैन । यसले जथाभावी चन्दा उठाउने प्रवृत्ति रोक्दैन । अनुदान लिएर 'राष्ट्रिय' दलले समान अवसर पनि पाउँदैन । सरकारी निकायबाट लेखा परीक्षण गर्दैमा त्यो कदम सही हुने होइन । के अनुदान लिएर दलले समान अवसर पाउँछ ? यसको लागि मात्र राजनीतिक दलसम्बन्धी विधेयक पारित गर्नु आवश्यक छैन । ठुला राजनीतिक दलकै दबाबमा पहिले निर्वाचन आयोगले तयार पारेको राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई संशोधन गर्न बनेको विधेयक पनि गलत थियो ।

राजनीतिक भागबन्डा, नीतिगत भ्रष्टाचार र अनियमितताको विरोध गर्न जागेका, लागेका रास्वपाबाट निर्वाचित सांसदहरू अनुदान दिने सरकारी नीतिको विरोधमा उत्रनुपर्छ । पार्टीको  कारण पार्टी कार्यकर्ता र सांसदहरूको इज्जत र प्रतिष्ठानमा आँच पुऱ्याउने सो कदमविरुद्ध लाग्नुपर्छ । राजनीतिक दलले सरकारी अनुदान लिएर देशमा सुशासन हुनेछैन । सरकारले संविधान संशोधनमा तीन प्रतिशतको प्रावधान या मतसीमा नै खारेज गर्नुपर्ने बेला त्यही मतसीमामा टेकेर अनुदान लिने सरकारको उद्देश्य सही होइन । 'राष्ट्रिय' दल ठुलो दल बनेर हुने होइन । ठुलो दलले नै विगतमा देशघाती र जनविरोधी सन्धि सम्झौता गरेको थियो । देशलाई पराधीन बनाउने, विदेशी शक्ति राष्ट्रको दबाबमा शासन सञ्चालन गर्ने, देशको बजेट तयार गर्न ऋण लिन बाध्य भएको सरकारले देशको अनुदान लिनु कसरी न्यायोचित कदम हुन्छ ? राजनीतिक दलले सरकारी अनुदान लिए पनि नलिए पनि ठुला दलका उम्मेदवारहरूले निर्वाचन आचारसंहिताविपरीत पैसा खर्च गर्नेमा शङ्का छैन । के रास्वपा सरकारी अनुदान लिन नै गठन भएको हो ?

# गुठी संस्थानको निर्णय र पत्राचार किसानविरोधी

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिको आयोजनामा फागुन १२ गते गुठी सञ्चालक समितिले गरेको निर्णयले आवास योजनामा परेको गुठी जग्गा गर्ने मोही किसानको हक बेदखल गरेको सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम भनपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जेठ १७ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले विगतमा नेपाल क्रान्तिकारी किसान सङ्घको आन्दोलनले नेपाली किसानहरूले जग्गाको स्वामित्वमा आधा हक पाएको चर्चा गर्दै उक्त हक कायम गराउन क्रान्तिकारी किसान सङ्घका कार्यकर्ताले धेरै दु:ख गरेको बताउनुभयो । खेत खलियानमा गएर जमिनदारहरूसँग भिडन्त गरेको स्मरण गर्दै उहाँले किसानहरूको लामो सङ्घर्ष र बलिदानले मात्र मोहीयानी हक आधा पाएको बताउनुभयो ।

कुनै पनि आवास योजना व्यवस्थित बसोबासको लागि गरिने भएकोले आवास योजनामा नीतिअनुसार निश्चित प्रतिशत जग्गा काटिनु स्वाभाविक भएको चर्चा गर्दै उहाँले आवास योजनामा परेको गुठी जग्गामा पनि मोही र गुठीका निश्चित



प्रतिशत काट्नु स्वाभाविक भएको बताउनुभयो । वर्तमान समयमा आएर गुठी संस्थानले गुठी जग्गा काट्न नहुने वा गुठी संस्थानलाई काटेको जग्गाको निश्चित रकम क्षतिपूर्ति तिर्न गरेको पत्राचार नियमविपरीत र मोही किसानविरोधी भएको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घले यस विषयमा व्यापक किसानहरू सङ्गठित गरी आन्दोलन गर्नुपर्ने उहाँले बताउनुभयो । यस आन्दोलनमा नगरपालिकाको पनि साथ र सहयोग रहने उहाँले बताउनुभयो ।

देको मिवा इटापाके आवास योजनामा परेको गुठी जग्गाका मोहीहरूलाई पुर्जा फिर्ता नदिएपछि पटक-पटक मन्त्रालयमा डेलिगेसन गएको चर्चा गर्दै उहाँले जबसम्म मोही किसानहरूको हक सुरक्षित हुँदैन तबसम्म आन्दोलनलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

सरकारको बजेटबारे चर्चा गर्दै उहाँले दुईतिहाइको मत पाएको वर्तमान सरकारले आफ्नो प्रतिबद्धताविपरीत शिक्षामा बजेट कटौती गरेको बताउनुभयो । देशभरि शिक्षा र स्वास्थ्य नि:शुल्क हुनुपर्ने बताउँदै उहाँले शिक्षा नि:शुल्क गर्नको लागि २० प्रतिशत बजेट छुट्याउनुपर्ने बताउनुभयो । प्राइभेट स्कूललाई ३ प्रतिशत शुल्क लगाउनु, बिजुलीको बिलमा १३ प्रतिशत भ्याट लगाउनु पनि सरकारले आफ्नो प्रतिबद्धता बिर्सेको चर्चा गर्दै उदारीकरणको नीति लिएर निश्चित व्यक्तिलाई मात्र धनी बनाउन खोजेको उहाँले चर्चा गर्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्लेले वाग्मती प्रदेश सरकार किसानहरूप्रति उदार नभएको चर्चा गर्दै गुठी जग्गाका मोही किसानहरूको हक सुरक्षित गर्नुपर्ने विषयमा प्रदेश सभामा चर्चा गर्दा कुनै सुनुवाइ नभएको बताउनुभयो । वाग्मती प्रदेश सरकारले नेपाली किसानहरूको लागि मल कारखाना खोल्न ध्यान नदिएको उहाँले बताउनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा इटापाके आवास योजना भक्तपुर नगरका नगरवासीहरूको बसोबासलाई व्यवस्थित बनाउन नगरपालिकाले सञ्चालन गरेको बताउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष तथा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले गुठी जग्गाका मोही किसानको हक सुरक्षित गर्न किसानहरू सङ्गठित गरी आन्दोलन चर्काउनुपर्ने  बताउनुभयो ।

भेलामा हरिशरण श्रेष्ठ र मोही किसानहरू राजकुमार लघु, विष्णुकुमार बासुकला, कुमार बासुकला, तुल्सीनारायण लाखेमरु, गुणदास महर्जन, लक्ष्मीभक्त सिजख्वले पनि बोल्नुभएको थियो ।

# लालबहादुरको निष्ठा र सादा जीवन नयाँ पुस्ताको लागि प्रेरणा

**- प्रकाश ओझेल**

नेपालगञ्ज । नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिको आयोजनामा जेठ १९ गते बाँकेको बैजनाथ गाउँपालिकास्थित डिगियामा एक विशेष वैचारिक कार्यक्रम सम्पन्न भयो । नेमकिपाका पुराना एवं निष्ठावान् किसान नेता लालबहादुर बुढाको नवौँ स्मृति दिवसको अवसर पारेर 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' पुस्तकको अन्तरक्रिया तथा विचार गोष्ठी सम्पन्न भएको हो ।

नेमकिपा बाँकेका जिल्ला अध्यक्ष शेरबहादुर कामीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन जिल्ला सचिव धनबहादुर सिजापतिले गर्नुभएको थियो । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरिएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले स्वर्गीय लालबहादुर बुढाको त्यागी, निष्ठावान् र सादा जीवनशैलीबाट नयाँ पुस्ताका कार्यकर्ताहरूले सिक्नुपर्नेमा जोड दिनुभयो । संसारका मजदुर आन्दोलनहरूको उत्थान, पतन र विकासक्रमबारे चर्चा गर्दै अतिथि थापाले पार्टीले लालबहादुर दाइजस्ता पुराना र इमानदार कार्यकर्ताहरूको योगदानको सधैँ उच्च कदर गर्ने विचार व्यक्त गर्नुभयो ।

लुम्बिनी प्रदेश समिति सदस्य नवीन शाहीले किसान नेता लालबहादुर बुढाको योगदानको चर्चा गर्दै बेलायतको ऐतिहासिक लुडाइट आन्दोलन, मागपत्रको आन्दोलन (शिकागो विद्रोह) र अन्य मजदुर सङ्घर्षहरूका विविध आयामबारे आफ्नो भनाइ राख्नुभएको थियो ।

लुम्बिनी प्रदेश समिति सदस्य नारायणी चौधरीले विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू, तिनको ऐतिहासिक पृष्ठभूमि र ती आन्दोलनहरू असफल हुनुका आन्तरिक तथा बाह्य कारणहरूबारे स्पष्ट पार्नुभयो ।

जिल्ला समिति सदस्य प्रकाश शाहीले स्वर्गीय नेताले लिएको वैचारिक बाटो र सिकाएको आदर्शलाई आत्मसात् गर्नु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुने बताउनुभयो । उहाँले मजदुर वर्गको उत्पत्ति, विकासक्रम तथा विश्वका मजदुर आन्दोलनहरूको उदय, सफलता, असफलता र कमजोरीहरूलाई गम्भीरतापूर्वक केलाउनुभयो ।

पार्टी बाँकेका सल्लाहकार अञ्जीरबहादुर शाहीले स्वर्गीय बुढाको राजनीतिक तथा पारिवारिक जीवनी, पार्टीमा आबद्ध हुँदाको गौरवपूर्ण इतिहास र उहाँको सादगीपूर्ण जीवनशैलीमाथि प्रकाश पार्नुभयो ।

नेमकिपा बैजनाथ गाउँ समिति अध्यक्ष तुलसीप्रसाद आचार्यले अग्रजहरू जीवित छँदा समाज र वर्गीय राजनीतिका लागि गरेको योगदानको नयाँ पुस्तालाई जानकारी गराएमा मात्र सन्ततिले त्यसको कदर गर्ने बताउनुभयो ।

स्वर्गीय लालबहादुर बुढाका छोरा नरेन्द्र बुढाले आफ्नो बाबुको लालनपालन, सङ्घर्षपूर्ण जीवन र समाजमा उहाँले पुऱ्याउनुभएको अतुलनीय योगदानको चर्चा गर्नुभएको थियो ।

सभाको समापन गर्दै सभापति एवं जिल्ला अध्यक्ष शेरबहादुर कामीले स्वर्गीय लालबहादुर दाइप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभयो । उहाँले विश्व मजदुर आन्दोलनको चेतनालाई गाउँ-गाउँसम्म पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउँदै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**स्थानीय...**

राख्नुभयो । उहाँले किसानलाई जग्गामाथि स्वामित्व दिनुभन्दा बेदखल गर्नु अन्याय हो भन्नुभयो ।

उहाँले भन्नुभयो, “सरकारले किसानहरूको जग्गा खोस्ने काम गर्दै छ । यो सरासर गलत छ । गुठी संस्थानले मोही किसानलाई जग्गाको स्वामित्वमा बेदखल गर्ने निर्णय गलत छ ।”

बैठकमा उठेका विषयबारे आर्थिक मामिलामन्त्री प्रभात तामाङले जवाफ दिनुभयो । उहाँले भक्तपुरलाई सम्पदा, कला र संस्कृति संरक्षित सहर बनाउने प्रस्तावप्रति आफू सकारात्मक रहेको बताउनुभयो । मङ्गलबार बसेको दोस्रो बैठकमा प्रदेश प्रमुख दीपक देवकोटाले प्रदेश सरकारको आव ०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

त्यस्तै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शासकहरूको अकर्मण्यताका कारण वैदेशिक ऋणबाट देश थिचिँदै गइरहेको विचार राख्नुभयो ।

सोमबार सुरु भएको वाग्मती प्रदेशसभाको अठारौँ अधिवेशनको पहिलो बैठकमा प्रदेशसभा सदस्य गोसाईले सम्पत्ति-सम्पदामा आगो नलगाउने स्पष्ट पार्नुभयो । उहाँले आईआरआई, एनईडी, जेनेरेसन डेमोक्रेसीजस्ता संस्थाहरूले संसारका विभिन्न देशमा डलरको दुरुपयोग गर्दै सत्ता परिवर्तनमा खेल खेलेको चर्चा व्यापक भएको बताउनुभयो ।

उहाँले चिन्तनमा दरिद्रता भएसम्म र विचारमा अस्पष्टता बाँकी रहेसम्म भौतिक विकासले पूर्णता नपाउने धारणा राख्नुभयो ।

सो बैठकमा आर्थिक मामिलामन्त्री प्रभात तामाङले विनियोजन विधेयक - ०८३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुभयो ।

**दाफा...**

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले यो कार्यक्रम दाफा प्रदर्शनीमात्र नभई दाफा सम्मेलनकै रूपमा सम्पन्न भएको बताउनुभयो ।

उहाँले यस्ता सांस्कृतिक गतिविधिहरू आगामी दिनमा पनि निरन्तर सञ्चालन हुने विश्वास व्यक्त गर्दै सांस्कृतिक पक्ष नै मानव समाजको पहिचानको आधार भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “संस्कृति मानिसको अस्तित्व र पहिचानसँग जोडिएको विषय हो । ”

परम्परागत बाजागाजा, नाचगान तथा साङ्गीतिक गतिविधिले मानिसको मस्तिष्कलाई सक्रिय र सिर्जनशील बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने धारणा राख्दै उहाँले भक्तपुरवासीहरू सांस्कृतिक गतिविधिमा निरन्तर संलग्न रहेकाले यहाँको सामाजिक र सांस्कृतिक वातावरण सुदृढ बनेको बताउनुभयो ।

उहाँले दाफा प्रदर्शनीले नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति, परम्परा र सम्पदाबारे सिकाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको धारणा राख्दै यस्ता कार्यक्रम पुस्तान्तरणका लागि अत्यन्त फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले सय वर्षपछिको भक्तपुरको सांस्कृतिक स्वरूप र पहिचानलाई मूर्त रूप दिन दाफा प्रदर्शनी महत्त्वपूर्ण रहेको बताउनुभयो ।

निर्णायकको तर्फबाट प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठले भक्तपुर नगरपालिकाले पहिलो पटक दाफा प्रदर्शनी आयोजना गरी सांस्कृतिककर्मीहरूलाई उत्साहित बनाएको बताउनुभयो ।

ख्वप (भक्तपुर) लाई नेपालको सांस्कृतिक राजधानीका रूपमा चिनिने आधारमध्ये दाफा परम्परा पनि एक महत्त्वपूर्ण पक्ष रहेको उल्लेख गर्दै प्रा.डा. श्रेष्ठले दाफा भजन वा साङ्गीतिक परम्परामात्र नभई नेवार समुदायको सांस्कृतिक जीवनशैली र पहिचानसँग जोडिएको अमूल्य सम्पदा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “दाफा प्रदर्शनीले पुस्तान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्नेछ र युवा पुस्तालाई आफ्नो मौलिक संस्कृति बुझ्न तथा त्यसप्रति आकर्षित हुन प्रेरित गर्नेछ ।”

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

प्रमुख अतिथि सुवालले दाफा प्रदर्शनीको अवसरमा घोषणा भएका उत्कृष्ट पाँच दाफा टोलीलाई प्रमाणपत्र तथा विशेष प्रोत्साहन प्रदान गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले सहभागी सम्पूर्ण दाफा टोलीलाई प्रमाणपत्र तथा लालाखिं मायाको चिनो र उपप्रमुख जोशीले निर्णायकमण्डललाई धन्यवादपत्र तथा मायाको चिनोसहित सम्मान गर्नुभएको थियो ।

दाफा प्रदर्शनी तथा प्रतियोगिताको निष्पक्ष मूल्याङ्कनका लागि सांस्कृतिक क्षेत्रका अग्रज व्यक्तित्वहरू आशबहादुर माक, पञ्चलाल लाछिमस्यु, प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ, बुद्धलाल मानन्धर, राजकुमार मानन्धर, श्रीभक्त सुवाल, रभिम कपाली तथा प्रवीण लाखा निर्णायकको रूपमा रहनुभएको थियो ।

दाफा प्रदर्शनीमा उत्कृष्ट घोषित भएका दाफा खलहरूमा कुथुछे दाफा भजन, खिँछे दाफा भजन, ज्याथा गणेश दाफा भजन, लाकोलाछेँ चपाल दाफा भजन तथा लाकोलाछेँ त्वाले दाफा भजन रहेका छन् । उत्कृष्ट दाफा खलःलाई लालाखिं, तँ, झ्यालिन्चा र प्रत्येक टोलीलाई नगद १५ हजार प्रोत्साहनस्वरूप प्रदान गरिएको थियो ।

**नयाँ पुस्तालाई संस्कृति हस्तान्तरणको अभियान**

यसअघि भक्तपुर नगरव्यापी दाफा प्रदर्शनीको जेठ १५ स्थानीय नासमना टोलमा उद्घाटन भयो । उक्त उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले संस्कृति संरक्षण कसरी गर्ने भन्ने सन्देश देशभर दिन यस्ता गतिविधि सञ्चालन गरिएको बताउनुभयो । उहाँले सम्पदा बचाउने उद्देश्यसहित नगरपालिकाले निरन्तर सांस्कृतिक कार्यक्रम गर्दै आएको र दाफा पनि परम्परागत संस्कृति र पहिचानको महत्त्वपूर्ण अंश भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले प्रगतिशील भजन प्रतियोगिता सञ्चालन गर्नु पनि एउटा पृथक र महत्त्वपूर्ण काम भएको उल्लेख गर्दै दाफा तथा भजनलाई लिपिबद्ध गर्ने प्रयास भइरहेको जानकारी दिनुभयो । नयाँ पुस्तालाई यस क्षेत्रमा समावेश गर्दै संस्कृति हस्तान्तरण गर्ने अभियानलाई उहाँले अगाडि बढाएको बताउनुभयो ।

“दाफा भजनजस्तो मौलिक संस्कृतिलाई जोगाउने प्रयास हामीले निरन्तर गरिरहेका छौँ,” नगर प्रमुख प्रजापतिले बताउनुभयो ।

उहाँले दाफा भजन साङ्गीतिक परम्परा मात्र नभई नेपाली समाजको सांस्कृतिक पहिचान र ऐतिहासिक सम्पदा भएको उल्लेख गर्दै यसको संरक्षणमा सबै पक्ष एकजुट हुनुपर्ने बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई दाफा संस्कृतिसँग जोड्दै पुस्तान्तरण गर्ने अभियानलाई नगरपालिकाले प्राथमिकतामा राखेको पनि जानकारी दिनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले पनि बोल्नुभएको थियो । दत्तात्रयमा भएको सांस्कृतिक ऱ्याली उद्घाटन कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा र ८ का वडा सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिको नेतृत्वमा भएको सांस्कृतिक ऱ्याली जनप्रतिनिधिसहितको मूल ब्यानर, दाफा प्रदर्शनी टोली, नेपाल स्काउटका स्वयम्सेवक, स्थानीय अग्रज, विद्यालय, कलेज, सहकारी संस्था, टीम, क्लवका प्रतिनिधि, नगरपालिकाका कर्मचारी तथा नगर प्रहरीहरूको उल्लेखनीय उपस्थिति थियो ।

भक्तपुर नगरपालिकाले भक्तपुरको मूर्त र अमूर्त कला संस्कृति संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्ने उद्देश्यले हरेक वर्ष यस्ता सांस्कृतिक प्रदर्शनी तथा प्रतियोगिताहरू आयोजना गर्दै आएको थियो ।

दत्तात्रयबाट सुरु भएको सांस्कृतिक ऱ्याली इनाचो, गोल्मढी, सुकुलढोका, साकोठा, टौमढी, बोलाछेँ हुँदै नासमना पुगी कार्यक्रमको उद्घाटन भएको थियो ।



**देशको...**

प्रवासमा रहेका नेपालीलाई पनि मताधिकार प्रदान गर्ने बजेटमा उल्लेख छ । प्रवासमा रहेका नेपालीले आफू बस्दै आएको देशमा मतदान गर्दा त्यो कतिको व्यावहारिक हुने हो ? निर्वाचनमा राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा राज्यको स्रोत प्रदान गर्नेबारे बहस गर्नु आवश्यक पर्दैन । देशको आयस्रोत दललाई आर्थिक सहयोग गर्ने कुरा ठीक होइन । देशको बजेटले दल सञ्चालन गर्ने होइन । ठुलो बजेट सार्वजनिक गरेर देशको अर्थतन्त्र मजबुत हुने होइन । भरपर्दो स्रोतबिना ठुलो आकारको बजेट ल्याएर देश सुदृढ बन्ने होइन । विदेशी ऋण ल्याएर देशमा ऋणको भार बढाएर सबैभन्दा बढी बजेटको अङ्क प्रस्तुत गरेर गर्व गर्ने होइन ।

बजेट लागू गर्न, भरपर्दो बनाउन अर्थमन्त्री वाग्लेले रचनात्मक सहयोग मागेका छन् । यो सरकारको लोकाचार मात्र हो । जनताले दिएको जस्तोसुकै राम्रो सुझाव पनि सरकारले मान्दैन । जसरी सरकारी नीति तथा कार्यक्रममा सुझाव दिए पनि कुनै संशोधनबिना लागू गरियो, त्यसरी नै यो बजेट पनि बहुमतको आधारमा बिनासंशोधन पारित गरिनेमा शङ्का छैन । बहुमत प्राप्त रास्वपाको सरकारले लोकप्रियताभन्दा धरातलीय यथार्थताका आधारमा बजेट ल्याइनुपर्ने अर्थविद्हरूको ठम्याइ छ । के सरकारले भ्रष्टाचारी, ठग, कमिसनखोरहरूमाथि कडाभन्दा कडा कारबाही गर्ला ? मानव अधिकार आयोगले पेस गरेको प्रतिवेदनलाई सरकारले लागू गर्ला ? नेपाल औषधि विभागलाई के गरेर सक्षम बनाउने ? स्पष्ट छैन । सरकारी नीति तथा कार्यक्रम र बजेट जनतालाई आश्वासन बाँड्ने सपनाको पोको होइन, एक एक गरेर लागू गर्न हो । सरकारको जिम्मेवारी छोडेर देश समृद्ध बन्दैन ।

**राजनीतिमा...**

सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कम शुल्क र गुणस्तरीय शिक्षा दिन ख्वप कलेजहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

देश र समाजलाई अगाडि बढाउन योगदान गर्ने उद्देश्यसहित कलेजले नियमितरूपमा राष्ट्रिय सम्मेलन गर्दै आएको उल्लेख गर्नुभयो ।

सम्मेलनको निष्कर्षलाई समाज र कलेजको हितमा उपयोग गर्नुपर्नेमा उहाँले जोड दिँदै भन्नुभयो, “कानुन निर्माण गर्दा व्यावहारिक पक्षलाई ध्यान दिनु जरुरी छ; कानुन बन्दैमा सबै ठिकठाक हुन्छ भन्ने होइन ।”

देशको माटो, हावापानी सुहाउँदो शिक्षाबिना देश विकास नहुने स्पष्ट पार्दै उहाँले भन्नुभयो, “कृषिप्रधान देश भने पनि देशको कृषि क्षेत्र समस्याग्रस्त छ, देशमा परनिर्भरता बढ्दो छ ।”

माटो र ढुङ्गा प्रयोग गरेर परम्परागत शैली तथा परम्परागत प्रविधिमा संरचना बनाउने मापदण्डसमेत सरकारसँग नभएको उहाँले बताउनुभयो ।

समान शिक्षा, रोजगारी, सम्पत्तिको सीमाङ्कन, महिला हिंसालगायत जघन्य अपराधीहरूलाई मृत्युदण्ड, उत्पादनका साधनहरूको सामाजिकीकरणले मात्र समाज परिवर्तन सम्भव हुन्छ, प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले लैङ्गिक समानता र सामाजिक न्याय हुनु जरुरी रहेको उल्लेख गर्दै समालोचनात्मक ढङ्गले अध्ययन र अनुसन्धानलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले समाजको विकास र न्यायको निम्ति सम्मेलन अर्थपूर्ण रहने पनि अपेक्षा गर्नुभयो ।

नेपाल तथा एसियाली अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले भक्तपुर सांस्कृतिक नगरमात्र नभई सभ्यताको नगर पनि भएको र भक्तपुरले सभ्यता र संस्कृतिलाई जीवन्तता दिइरहेको छ भन्नुभयो ।

समाजमा परिवर्तन अवश्यम्भावी छ भन्दै उहाँले चेतनाले नै समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले स्वागत गर्नुभएको उक्त कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

**एकक्षण** — प्रधान

# नेपाल-भारत सम्बन्ध, विश्व शान्ति र नेपालको बजेटबारे

निश्चय पनि भारत नेपालभन्दा क्षेत्रफल, उद्योगधन्दा र अनेक भौतिक प्रगतिमा अगाडि छ । तर, जोडिएको र छिमेकी देशहरूको तुलनामा भौतिकभन्दा आध्यात्मिक, सांस्कृतिक, सदभावना, संवेदनशीलता, मैत्री भावना र एक-अर्को देशबाट पीडा कुन पक्षबाट भइआएको छ भन्नेबारे पनि मूल्याङ्कन गरिन्छ ।

नेपालमा पनि हिन्दू, मुसलमान, बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरू छन् भने भारतमा जस्तै नेपालमा पनि अनेक जाति र भाषा-भाषी रहन्छन् । नेपाल त भारत र चीनसितमात्र सीमा जोडिएको छ भने भारत अनेक देशहरूसित जोडिएको देश हो ।

आर्थिक र व्यापारिक रूपले भारत नेपालभन्दा ठुलो देश हो । त्यसको कुनै तुलना नै हुनसक्दैन तर आश्चर्यको विषय हो - सम्पन्नले विपन्नलाई, धनीले गरिबलाई हेर्ने एसियाली संस्कृति र धर्मले यहाँका जनतालाई परिचालित गरिरहेकै हुन्छन् । तर, व्यवहारमा यस विषयलाई धेरै सुधार गर्नुपर्ने विषयहरू छन् । ईश्वर, अल्लाह र सदाचारका स्रोतहरू साझा दर्शनहरूबाट सिञ्चित छन् भने भारत र नेपालको सीमा, पाकिस्तान र भारतको सीमा, बङ्गलादेश र भारतको सीमा, श्रीलङ्का र भारतको सीमा, चीन र भारतसँगको सीमा आदिबारेको विवाद हेर्दा तुलनात्मकरूपमा भारतीय शासकवर्ग र नेपालसमेत अन्य छिमेकी देशहरूसँगको सम्बन्धमा तुलनात्मक रूपले कम संवेदनशील, कम सद्भावनापूर्ण र असहिष्णु देखिनु नेपाली जनताको लामो अनुभवको श्रृङ्खला छ । त्यसो त नेपाली जनता र भारतीय जनताबिच भाषा, संस्कृति, धर्म, रहनसहन र धर्मभिरूतामा समानता प्रस्ट छ । तर, पनि व्यापारको मामिला भारत सदा कडा देखिनुमा दिल्लीबाटै निर्देशित हुने गरेको नेपाली जनताको अनुभव छ ।

नेपालका नदी नालाबाट नेपाली जनताले बालीनालीको निम्ति सिँचाइको लागि बेलामा पानी पाउँदैनन्, खेतीपातीलाई हुर्काउनको लागि मलको आवश्यकता पूरा गर्न भारतले नेपाललाई रासायनिक मल कारखाना स्थापना गर्न १० प्रकारका निहुँ खोज्छन् - सबैलाई थाहा छ - खेतीको निम्ति सिँचाइ पानी त मानिसलाई रगतजस्तै हो । समाजमा कुपोषण हटाउन भिटामिनजस्तै खेतीलाई मल महत्त्वपूर्ण हुन्छ । भारतसँग नेपाली जनतालाई बढी मूल्य लिएर पनि म्याद नाघेको मल मात्र दिन्छन् या मिसावट भएको या बाली सुहाउँदो मल नदिई हाहाकार मच्चाउन बाध्य हुन्छन् । यस्तो परिस्थितिमा छिमेकी र मित्र देशले मलको कारखाना बनाउन बन्देज लगाएको छ ।

नेपालमा भित्रिने भारतका फलफूल र तरकारी-सागपात पनि आवश्यकताभन्दा अत्यधिक विषालु राखेर पठाइन्छ । परीक्षणबाट खान नहुने फलफूल र साग खान नेपाली जनता बाध्य छन् । यस्तै कारणहरूले नेपालका गाउँ र पहाडमा किसान युवाहरू अरब देशमा जान बाध्य छन् । आज झन्डै एकतिहाइ नेपाली युवाहरू विदेशमा छन् । यस्तो परिस्थितिमा देश र जनताको स्थिति के होला !

हालै केही दिनभित्र ५०-६० वर्षपहिले जस्तै भारतको नेपालको सुस्ता क्षेत्रमा सीमा प्रहरीमार्फत नेपाली जनतामाथि आतङ्क फैलाइरहेको समाचार आएको छ । आज संसारमा एकातिर आफूलाई विजोडा सम्झने संरा अमेरिकाले इरान र अन्य अरब देशहरूमाथि आक्रमण गर्दै छ भने इजरायलले गाजा र लेबनानलाई ध्वंश मच्चाउँदै छ । संसारको यस्तो स्थितिमा रुस, चीन र भारतजस्ता देशहरूलाई विश्व शान्तिको निम्ति अगुवाइ गर्नुपर्ने बेला उल्टै भारतले छिमेकीहरूलाई तर्साउँदै जानु २१ औँ शताब्दीको विडम्बना नै हो । आशा गरौँ, भारतीय जनताले पनि संसारका शान्तिप्रिय जनतासँग एक भई अगाडि बढ्ने कामबारे सोच्नमा सहयोग गर्न पाए सकारात्मक स्थिति नजिकिँदै आउनेछ भन्ने विश्वास छ !

XXX

## यस वर्षको बजेटबारे

कर्मचारीको न्यूनतम पारिश्रमिक ४० हजार रू. नाघ्ने ! अन्नपूर्ण, शनिबार १०, जेठ २०८३

- हेर्दा प्रगतिशील देखिने यो तलबमानले तल्लो कर्मचारीहरूको कम र माथिल्लोवर्गको ठुलो वृद्धि हुने देखिएको हुँदा यो बजेट प्रगतिशील नभई प्रतिगामी छ ।

- ३ प्रतिशत ‘शिक्षा समता शुल्क’ लागू गर्ने उद्देश्य पहिले पनि माथिल्ला निजी विद्यालयहरूले नदिंदा लागू भएन, अब पनि लागू हुनेछैन । यो कुरा हात्तीको देखाउने दाँतमात्रै हो । - समाचारपत्र १८ जेठ, २०८३

- मल काखारना स्थापित हुने नेपाली जनताको इच्छा २०४८ सालदेखिको प्रयास हो । आर्थिकरूपले नेपाल स्वतन्त्र नभएसम्म नेपाल एक स्वाधीन देश हुनेछैन । सच्चाइ यही हो ।

वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।

❖ वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
❖ वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
❖ सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
❖ अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्वर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
❖ वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौं,
❖ वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
❖ भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
❖ विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
❖ कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
❖ स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३